लेखकको संक्षिप्त परिचय

नाम	:	**अनागारिका अग्गञाणी**
जन्म मिति	:	वि.सं. २०२६ आश्विन ७
जन्म स्थान	:	नागबहाल, ललितपुर
गृहस्थ नाम	:	पुनिता धाख्वा
माता	:	रत्नदेवी धाख्वा
पिता	:	अष्टरत्न धाख्वा
प्रव्रज्या	:	वि.सं. २०४५ पौष
उपाध्याय गुरु	:	सयादो भद्दन्त ऊ पण्डिताभिवंश महास्थविर, बर्मा
शिक्षा	:	धम्माचरिय, बि.एस्सी. प्रथम वर्ष
उपाधि	:	'सासनधज धम्माचरिय', सन् १९९८
		विद्वतवृत्ति, धर्मशिला बुद्ध विहार, पोखरा, २०७२

धार्मिक संघ-संस्थासँग आवद्ध

निर्देशक	:	अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, बुद्धनगर, शंखमूल
शिक्षिका	:	नेपाल बौद्ध परियत्ति शिक्षा (ने.बौ.प.शिक्षा)
सदस्य	:	परीक्षा र पाठ्यक्रम समिति, ने.बौ.प.शिक्षा
बोर्ड सदस्य	:	त्रिपिटिक अनुवाद मण्डल, वीरपूर्ण पुस्तक संग्रहालय
बोर्ड सदस्य/शिक्षिका	:	थेरवाद बुद्धिष्ट एकेडेमी, नयाँ बानेश्वर, काठमाडौं

कृति :

- चूलनिद्देस ग्रन्थ (संयुक्त अनुवाद पालि भाषाबाट नेपालभाषा), बि.सं. २०५८
- म्यूपेंजी अभिधर्म (सम्पादन), बि.सं. २०६२
- पपतित सुत्त (अनुवाद बर्मीज भाषाबाट नेपाल भाषा), बि.सं. २०६७
- सद्धर्म पुष्पमाला (च्वसु मुना), २०७०
- धम्मसङ्गणी (अनुवाद पालि भाषाबाट नेपाल भाषा), बि.सं. २०७३
- पालि-नेपाल भाषा शब्दकोश (संयुक्त सम्पादन), बि.सं. २०७४
- बुद्धवंस (अनुवाद पालि भाषाबाट नेपाली भाषा), बि.सं. २०७८
- पट्ठानुद्देसदीपनी, बि.सं. २०८०
- पट्ठान एक चिनारी, बि.सं. २०८०
- पालि शिक्षा र संक्षिप्त व्याकरण (लेखन),
  बि.सं. २०८२ (दोश्रो संस्करण)

9 789937 189095

पालि शिक्षा र संक्षिप्त व्याकरण
अनागारिका अग्गञाणी 'धम्माचरिय'

पालि शिक्षा र संक्षिप्त व्याकरण

लेखक
अनागारिका अग्गञाणी 'धम्माचरिय'

Dhamma.Digital
https://dhamma.digital

पालि शिक्षा
र
संक्षिप्त व्याकरण

Dhamma.Digital

लेखक
अनागारिका अग्गञाणी 'धम्माचरिय'

प्रकाशक
जगत बहादुर बज्राचार्य,
पद्मा देवी बज्राचार्य

https://dhamma.digital

प्रकाशक
श्री जगत बहादुर बज्राचार्य
श्रीमति पद्मा देवी बज्राचार्य
गाबहाल, वनबहाल
ललितपुर ।

दोस्रो संस्करण : १००० प्रति

प्रकाशन मिति : वि.स. २०८२
बु.सं. २५६९
ने.सं. ११४५
ई.सं. २०२५

सर्वाधिकार : लेखकमा सुरक्षित

कम्प्यूटर : संगिता धाख्वा

ISBN

मुद्रक : आईडियल प्रिन्टिङ्ग प्रेस
ग्वार्को, ललितपुर

Dhamma.Digital

https://dhamma.digital

मैत्रीपूर्ण शुभकामना

नेपाल बौद्ध परियत्ति शिक्षाको पाठयक्रम अनुसार प्रवेश प्रथम वर्षदेखि परियत्ति सद्धम्म कोविदसम्म पालि व्याकरण अध्ययन गर्नुपर्छ । यसको लागि पालि भाषा अवतरण पुस्तक अध्ययन अध्यापन भइरहेको छ ।

पालि भाषामा भएका भगवान बुद्धका उपदेशहरू नेपालीहरूले पनि जान्न, बुझ्न सकून भन्ने उद्देश्य राखी परियत्ति शिक्षामा पालि व्याकरण पनि समावेश गरिराखेको हो ।

पालि भाषा सरल रूपमा बुझ्न सकिने गरी म्यानमारमा पढाइ हुने **'पालि सिक्खा न्हें सद्दाच्यें'** ग्रन्थलाई मुख्य आधार मानी कच्चायन व्याकरण, रूपसिद्धि पालि ग्रन्थ र अन्य पालि व्याकरण ग्रन्थहरूको सहयोग लिई अनागारिका अग्गञाणी गुरुमाले पालि शिक्षा र संक्षिप्त व्याकरण पुस्तक लेखन गरी २०६७ सालमा पहिलो संस्करणमा आइसकेको थियो । उक्त पुस्तक लुम्बिनी बौद्ध विश्वविद्यालयको सम्बन्धन प्राप्त थेरवाद बुद्धिष्ट एकेडमीको पाठयक्रममा सन्दर्भ ग्रन्थको रूपमा पनि समावेश भइरहेको कारणले विद्यार्थीहरूले अध्ययन गर्न मौका पाइरहेकाछन् । साथसाथै परियत्ति विद्यार्थीहरूले पनि पालि सम्बन्धी थप ज्ञानकोलागि प्रयोग गरिरहेकाछन् ।

पालि भाषा सिक्ने अवस्थामा विभिन्न शब्दहरूको विभक्ति रूप, विभिन्न धातुहरूको कियारूप र शब्दार्थहरू सम्झनमा कोशिस भयो भने पालि व्याकरण सजिलोसंग रमाइलो गरी बुझेर अगाडी

https://dhamma.digital

बढ्न मद्दत पुगेको हुन्छ । यो पुस्तकमा शुरुको अंशमा नै विभिन्न विभक्तिहरूको अभ्यास धेरै भएकोले यस पुस्तकमार्फत पनि विद्यार्थीहरूले चाँडै पालि भाषा सिक्न सक्नेछन् ।

पुस्तक लेखक अनागारिका अग्गञाणी गुरुमाको मेहेनतको लागि पनि धेरै साधुवाद दिन चाहन्छु । साथै उहाँले परियत्ति तथा एकेडमीका विद्यार्थीहरूको हौसलाको लागि आफूले पनि पालि व्याकरण, अभिधर्म तथा ध्यान भावना सम्बन्धी कक्षाहरू लिई सहयोग गरिराख्नु भएको शासनिक कार्यलाई साधुवाद सहित निरोगी सुस्वास्थ दीर्घायुको मंगलमैत्री कामना व्यक्त गर्न चाहन्छु । विद्यार्थीहरुले पनि यो पुस्तकमार्फत पालि व्याकरणको धेरै ज्ञान लाभ गर्न सकून् भन्ने मैत्रीकामना गर्न चाहन्छु ।

हाल उक्त पुस्तक अभाव भएको कारणले दोश्रो संस्करण प्रकाशन गर्न दाता हुनुभएका श्री जगत बहादुर बज्राचार्य र पद्मादेवी बज्राचार्य सकल परिवारलाई साधुवाद दिन चाहन्छु ।

भिक्षु बोधिज्ञान महास्थविर
विहार प्रमुख, विश्व शान्ति विहार

२०८२ असार २९

Dhamma.Digital

“सब्बदानं धम्मदानं जिनाति”

प्रकाशक
श्री जगत बहादुर बज्राचार्य, श्रीमति पद्मा देवी बज्राचार्य

https://dhamma.digital

प्रकाशकीय

“सब्बदानं धम्मदानं जिनाति” सबै दानमध्ये धर्मदान नै ठूलो भन्ने बुद्ध वचनलाई मनन गरी श्रद्धेय अनागारिका अग्गञाणी ‘धम्माचरिय’द्वारा लिखित यस “पालि शिक्षा र संक्षिप्त व्याकरण” पुस्तक प्रकाशन गर्न पाउनु धर्मप्रीतिको कुरा हो । परियत्ति शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई सहयोग हुने कुनै पुस्तक प्रकाशन गर्न पाए हुन्थ्यो भन्ने मनशाय राखी बहिनी अनागारिका बुद्धपाली गुरुमा ‘धम्माचरिय’लाई पनि बरोबर सोध्दा एक दिन उहाँले अग्गञाणी गुरुमाले लेख्नु भएको “पालि शिक्षा र संक्षिप्त व्याकरण” पालि भाषा अध्ययन गर्ने विद्यार्थीहरूका लागि अभाव भएकोले दोस्रो संस्करण प्रकाशन गर्नको लागि उहाँले संशोधन र परिमार्जन गरी राख्नुभएको छ भन्ने कुरा जानकारी दिनुभयो । यो कुरा थाहा पाएर उहाँ गुरुमालाई हामीले पुस्तक प्रकाशन गर्ने इच्छा व्यक्त गर्दा उहाँले स्वीकार गर्नु भएकोले यो पुस्तक प्रकाशन गर्ने अवसर प्राप्त भएकोमा उहाँप्रति कृतज्ञता प्रकट गर्न चाहन्छौं ।

बुद्ध वचन संग्रहीत त्रिपिटक पालि साहित्य राम्ररी अध्ययन गर्न पालि भाषा तथा व्याकरण बुझ्नु अति आवश्यक छ । यस पुस्तक अध्ययन एवं अनुसन्धान गर्ने विद्यार्थीहरूलाई सहयोग होस् भन्ने मनशायले धर्मदान गर्न पाउँदा खुशी लागेको छ ।

https://dhamma.digital

यो पुस्तक हाम्रो पहिलो जंकु (भिमरथारोहण)को उपलक्ष्यमा महापरित्राण गरी प्रकाशन गर्ने इच्छा भएको हो । यस धर्मदानको पुण्यको आनुभावले दिवंगत भईसकेका हाम्रा परिवारका सदस्यहरू बुबा रत्नबहादुर बज्राचार्य, आमा ज्ञानमाया वज्राचार्य, दिदी मायादेवी बज्राचार्य, दाई मेनक वहादुर वज्राचार्य, भाउजु जोगमाया बज्राचार्य साथै ससुरा/बा प्रेमबहादुर शाक्य र सासु/आमा कयो शाक्यको निर्वाण कामना गर्दछौं । भवतु सब्ब मंगलं ।

जगत बहादुर बज्राचार्य

पद्मा देवी बज्राचार्य

२०८२ /३/ २८

Dhamma.Digital

https://dhamma.digital

धर्मप्रीतिका दुई शब्द

२६४९ वर्ष अगाडि हाम्रै भूमिमा जन्मनु भएका शाक्यमुनि गौतम बुद्धको धम्म शिक्षाको भण्डारको रूपमा रहेको त्रिपिटकको मूल ग्रन्थहरूमा प्रवेश गर्नका लागि पालि भाषा जान्नु आवश्यक छ। छ दशक अघिसम्म यी ग्रन्थहरू देवनागरी लिपिमा उपलब्ध नहुँदा बुद्धधर्मको अध्ययनको निमित्त बौद्ध देशमा जानुपर्ने बाध्यता थियो। अब त्रिपिटकका ग्रन्थहरू देवनागरी लिपिमा उपलब्ध हुँदा हुँदै यस सम्बन्धी गहन रूपमा पठन पाठन हामी कहाँ नहुनु भनेको दुःखको कुरा हो।

अन्य बौद्ध देशहरूले बुद्ध शिक्षाको भरपुर लाभ उठाए पनि हामी कहाँ बुद्धभूमि भएर पनि विश्व ज्योतिको रूपमा चिनिनु भएका भगवान् बुद्धको धम्म शिक्षाको ज्ञानबाट आम नेपाली बञ्चित भइरहनु परेको छ। यसको मुख्य कारण पालि भाषाको ज्ञानको अभावले गर्दा हो। यस मनुष्य जीवनमा शिक्षाको प्रत्यक्ष लाभ उठाउनु छ भने उहाँले दिनु भएको उपदेशको भाषा पालि (मागधि) लाई पनि धेरथोर जान्नु आवश्यक हुन्छ। जन्म जरा मरणको संसार चक्रबाट मुक्त हुनको लागि उहाँको धम्म शिक्षाको ज्ञान हुनु जरुरी छ।

त्रिपिटकीय ग्रन्थहरू गत चार दशक यता नेपाली र नेपाल भाषामा अनूदित भई लगातार प्रकाशन भइरहेको फलस्वरूप पालि भाषा सिक्ने रहर नेपालमा अब धेरै मात्रामा बढेको पाइएको छ। परन्तु नेपालीमा पालि भाषा सिक्ने साधन व्याकरण र तत्सम्बन्धी पुस्तक रचनाको धेरै समयदेखि अभाव खट्की रहेको देखिन्छ।

https://dhamma.digital

श्रद्धेय धम्माचरिय अनागारिका अग्गञाणी गुरुमाले वडो परिश्रम गरी प्रस्तुत पुस्तक 'पालि शिक्षा र संक्षिप्त व्याकरण' तयार गर्नु भएको छ । उहाँले प्रारम्भिक चरणको शिक्षार्थीहरूलाई उद्देश्य गरी पालि शब्दको अर्थ प्रकृति, विभक्ति आदि व्युत्पति सम्बन्धी ज्ञान ज्यादै सरल र रोचक हुने गरी प्रस्तुत गर्नु भएको छ । उहाँले पालि व्याकरण र रचना सजिलोसित सिक्न बुझ्न र लेख्नलाई उपयोगी हुने गरी पालि शिक्षा र संक्षिप्त व्याकरण लेख्नु भएको छ ।

यस्तो पुस्तक नेपालीमा हुनु धर्मप्रीतिको कुरा हो । यसको लागि धम्माचरिय उहाँ गुरुमाप्रति अभिवादनसहित कृतज्ञ हुनैपर्छ । उहाँबाट पालि भाषा सम्बन्धी उच्च शिक्षाको लागि महाव्याकरण जस्ता पुस्तकहरू पनि हामी अपेक्षा गर्न सक्छौं । अस्तु

दुण्ड बहादुर वज्राचार्य
अध्यक्ष
वीरपूर्ण पुस्तक संग्रहालय
गाबहाल, ललितपुर

Dhamma.Digital

दुई शब्द

पालिभाषा भगवान बुद्धले बोल्ने तथा उपदेश दिने भाषा हो । बुद्धकालिन समयमा मगधहरूका जनबोली भएकोले पालि भाषालाई मागधी भाषा भनिन्थ्यो । पालि शब्दलाई विभिन्न किसिमले अर्थ्याइएको छ । 'पकट्ठानं आलि पालि' अर्थात् शील, समाधि र प्रज्ञायुक्त उत्तम वचनहरूको क्रम भएकाले बुद्धवचनलाई पालि भनिएको हो । 'अत्थं पालेति रक्खतीति पालि' अर्थात् उत्तम अर्थ अभिप्राय भएको बुद्धवचनलाई रक्षा गर्ने हुनाले पालि भनिएको हो । भगवान बुद्धले बहुजन हित र सुखको लागि ४५ वर्षसम्म पालि भाषामा दिनुभएको उपदेश त्रिपिटकमा संग्रहीत छन् । त्रिपिटकको महान् गर्भमा प्रवेश गर्न, भित्र रहेका रत्नलाई देख्नको निम्ति साथै त्यहिं रत्नलाई प्रयोग गरेर जीवन सार्थक गर्नको लागि बन्द भइरहेको रत्नागारलाई खोल्नको निम्ति साँचोको आवश्यक हुन्छ । उक्त साँचो भनेको नै पालि भाषाको ज्ञान हो । त्रिपिटक अध्ययन एवं अन्वेषण गर्न पालि भाषालाई जान्नु आवश्यक छ ।

यो पालि भाषाको महत्व दर्शाउन वङ्गीस संयुक्त पालिमा यसरी उल्लेख गरिएको छ-

यं बुद्धो भासते वाचं, खेमं निब्बानपत्तिया ।
दुक्खस्सन्तकिरियाय, सा वे वाचानमुत्तमा ॥

भगवान् बुद्धले भयरहित निर्वाणमा पुग्नको लागि, दुःखको अन्त गर्नको लागि जुन भाषाले धर्म देशना गर्नुभयो, त्यो भाषा निश्चय नै भाषाहरूमध्ये उत्तम हो ।

https://dhamma.digital

पालि भाषा भनेको कस्तो हो भन्ने सन्दर्भमा तलको गाथामा यसरी व्यक्त गरिएको छ -

कोमल रम्मायं पालि भासा, भगवा धम्मं देसितवाचा ।
पीति मुदारं देन्ति जनानं, पस्सथ एतं सुन्दर भासा ॥

पालि भाषा अति नै नरम कोमल र रमाइलो भाषा हो । यो भगवान् बुद्धले धर्म देशना गर्नुभएको भाषा हो । यस भाषाबाट जनसमुदायलाई प्रीति र हर्ष उत्पन्न गराइदिन्छ । त्यसैले यस सुन्दर भाषालाई हेर्नुहोस्, सिक्नुहोस् ।

त्यस्तै नेपाल भाषाको अर्को पनि कविता स्मरणीय छ जसको नेपाली अनुवाद यसरी छ –

बौद्ध सिद्धान्तमा अनुगम हुने भए, भो मानवहरू ! यो भाषा सिकौं ।

शान्तिनायक हाम्रो गौतम बुद्धको, धर्म मार्गको मूल ढोका जानौं ।

शाक्यसिंह श्री शान्त स्वरूपी, धर्मराजको मूल धुकुटिमा

पालि भनिने भाषा यो सिकेर, धर्मद्वारको मूल बाटो खोलौं ।

साँच्चै नै धर्मको मूलद्वार खोल्नलाई पालि ज्ञानरूपी साँचो नभई हुँदैन भन्ने भाव यस कविताले व्यक्त गरेको छ ।

यो गाथा कविता नेपालका प्रथम संघमहानायक दिवंगत पूज्यपाद प्रज्ञानन्द महास्थविर भन्तेले मेरो बाल्यकालमा मलाई सिकाउनुभएको थियो । मैले कण्ठस्थ गरेर पाठ दिएकि थिएँ । त्यतिबेला बालापनको बुद्धिले त्यसको महत्व बुझेकी थिइन जब म बर्मामा गएर अध्ययन गरें तब महत्व बुझ्दै आयो । पालि सिक्ने तरिका बुझ्यो भने सिक्नेबेला रमाइलो हुनुको साथै ज्ञान वृद्धि भई त्रिपिटक अध्ययन गर्नको लागि सजिलो हुन्छ । यहि कुरालाई महसुस

https://dhamma.digital

गरी "**पालि शिक्षा र संक्षिप्त व्याकरण**" पुस्तक पालि भाषा टीका एवं अन्य ग्रन्थका रचनाकार बर्माका सुप्रसिद्ध आचार्य भद्दन्त जनकाभिवंस महास्थविरज्यूले लेख्नु भएको बर्मेली भाषामा रहेको **'पालि सिक्खा न्हें सद्दाच्यें'** ग्रन्थलाई मुख्य आधार मानी कच्चायन व्याकरण, रूपसिद्धि पालि ग्रन्थ र अन्य पालि व्याकरण ग्रन्थहरूको सहयोग लिई नेपालीभाषामा लेखेकी हुँ।

यस पुस्तकको पहिलो खण्डको शुरुमा अक्षर, उच्चारण, शब्द, नाम, लिङ्ग, वचन, कारक र विभक्तिको परिभाषा पछि प्रत्येक विभक्तिको रूप, विभक्तिको प्रयोग बारे क्रमबद्धरूपले बुझ्न सजिलो हुनेगरी अभ्यासहरू प्रस्तुत गरेकी छु। दोस्रो खण्डमा क्रिया र क्रिया विभक्तिरूप तथा तेस्रो खण्डमा नामगण, सन्धि, समास, तद्धित, कितक बारे संक्षिप्तमा प्रस्तुत गरेकी छु । अन्तमा पालिपाठ त्रिपिटककै महोसधकुमारवत्थु, सुमनादेवीवत्थु, वासुलदत्तदेवीवत्थु आदि दशवटा वत्थु र नेपालीमा दशवटा अभ्यास पनि रहेको छ ।

कण्ठस्थ गर्नुपर्नेलाई कण्ठस्थ गरी, सम्झनुपर्नेलाई सम्झने गरी यस पुस्तक अध्ययन गर्‍यो भने धम्मपद अट्ठकथा, जातक अट्ठकथालाई पालि विज्ञबाट थोरै मात्र सहयोग लिएर पनि आफूले अध्ययन गर्न सकिन्छ । यसरी विस्तारै त्रिपिटक अध्ययनमा प्रवेश हुन सकिन्छ।

स्मरणीय छ, यस पुस्तकको प्रथम संस्करण १५ वर्ष अगाडि वि.सं २०६७ मा दिवंगत ममतामयी माता गंगादेवी धाख्वाको निर्वाण कामना गरी छोरी विद्या शाक्य र ज्वाइँ दिलरत्न शाक्यले प्रकाशन गर्नुभएको थियो । हाल पालि भाषा पढ्ने विद्यार्थीहरू, जिज्ञासुहरूको माग पनि बढ्दै आएकाले र पुस्तकको पनि अभाव भएको कारणले गर्दा पुनः प्रकाशन गर्नुपर्ने आवश्यकताको महसूस

https://dhamma.digital

गरी केही संशोधन पनि गरी दोस्रो संस्करण प्रकाशन गरिएको हो । यस पुस्तकको दोस्रो प्रकाशनको लागि दाताहरू श्री जगत बहादुर वज्राचार्य, श्रीमति पद्मा देवी वज्राचार्य तथा सम्पूर्ण वज्राचार्य परिवारलाई धेरै साधुवाद छ । विशेषतः पहिलो जंकु (भिमरथारोहण) को उपलक्ष्यमा महापरित्राण गरी यो पुस्तक प्रकाशन गर्नुहुने श्री जगत बहादुर वज्राचार्य र श्रीमति पद्मा देवी बज्राचार्यलाई हार्दिक मंगलमय शुभकामना पनि व्यक्त गर्दछु ।

यस पुस्तकमा शुभकामना दिनु भएका नेपाल बौद्ध परियत्ति शिक्षाका केन्द्रिय परीक्षा नियन्त्रक श्रद्धेय बोधिज्ञान महास्थविरप्रति कृतज्ञता प्रकट गर्दछु । यस पुस्तकको महत्व दर्शाई धर्मप्रीतिका दुई शब्द लेखी दिनु भएकोमा त्रिपिटक ग्रन्थका अनुवादक दुण्डबहादुर वज्राचार्यज्यूप्रति धेरै साधुवाद प्रकट गर्दछु । कम्प्यूटर सेटिंग गर्ने लगायत प्रुफ हेर्ने कार्यमा समेत सहयोग गरी दिनुहुने दिदी सुश्री संगिता धाख्वा 'परियत्ति सद्धम्म कोविद'लाई धेरै धेरै साधुवाद छ । त्यस्तै संशोधन गर्ने क्रममा टाइपिङ्ग गरी सहयोग गरेकी बहिनी सति धाख्वा 'परियत्ति सद्धम्म कोविद'लाई पनि धेरै साधुवाद छ । समयमै छपाईको काम सम्पन्न गरेकोमा आइडियल प्रिन्टिङ्ग प्रेस परिवारलाई धन्यवाद छ ।

अन्तमा, यस पालि शिक्षा र संक्षिप्त व्याकरण पुस्तक अध्ययनबाट पाठकवर्ग लाभान्वित हुन सकुन् भनी शुभेच्छा व्यक्त गर्दछु ।

अनागारिका अग्गञाणी
अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र

२०८२ श्रावण १ गते

Dhamma.Digital
https://dhamma.digital

विषय सूची

पालि शिक्षा

प्रथम काण्ड

अक्षर (Alphabet) १
उच्चारण (Pronunciation) २
शब्द (Word) ४
नाम (Noun) ४
लिङ्ग (Gender) ४
वचन (Number) ५
कारक (Case) ५
विभक्ति (Case-ending).. ६
संज्ञा विभक्ति रूप (Declension) ७
पुरिसादिगण (पुल्लिङ्ग) ८
चित्तादिगण (नपुंसकलिङ्ग) १०
कञ्ञादिगण (इत्थिलिङ्ग).. ११
पुरुष (Person) १२
क्रिया (Verb) १२
प्रथमा विभक्ति १२
कर्ता र क्रिया १३
प्रथमा द्वितीया विभक्ति १६
तृतीया विभक्ति १८
चतुर्थी विभक्ति २१
पञ्चमी विभक्ति २४
षष्ठी विभक्ति २८
सप्तमी विभक्ति ३०

https://dhamma.digital

नु-भएको प्रश्न र उत्तर ३१
प्रथमविभक्ति (समान विशेषण) ३५
द्वितीयविभक्ति (समान विशेषण) ३६
(क) द्वितीया क्रियाविशेषण ३७
(ख) द्वितीया क्रियाविशेषण ३८
मा-अर्थ दिनुपर्ने द्वितीया विभक्ति ३९
काल अच्चन्तसंयोग ४०
अद्धा अच्चन्तसंयोग ४१
तृतीया विशेषण ४२
षष्ठी र सप्तमी विभक्ति ४३
अनादरिय-अनादर ४३
लक्षण-लक्ष्य ४४
संक्षिप्त विभक्ति अर्थ ४५

द्वितीया काण्ड

वर्तमान काल (Present Tense) ४९
कर्म वाच्य (Passive voice) ५०
भविष्यत् काल (Future Tense) ५४
कर्मवाच्य (Passive Voice) ५६
अतीत काल (Past Tense) ५७
कर्मवाच्य (Passive Voice) ५९
पञ्चमी आख्यातविभक्ति (The Imperative) ६०
सप्तमी आख्यात विभक्ति (The Optative or Potential) ६४
कितक क्रिया ६६
भाव - कर्म अर्थ ६६
त-प्रत्यय ६८

https://dhamma.digital

ख-प्रत्यय ६९
तवे, तुं प्रत्यय ७०
तुन, त्वान, त्वा प्रत्यय ७१
मान, अन्त प्रत्ययहरू ७२
च, चेव ७२
पि, अपि ७३
वा शब्द ७४
एव शब्द ७५
मा शब्द ७५

संक्षिप्त व्याकरण

बाँकि संक्षिप्त नामगण ७६
मनोगण ७७
गुणवादिगण ७८
गच्छन्तादिगण ७९
पुमादिगण ७१
राजादिगण ८३
सत्थादिगण ८४
रत्तादिगण ८६
नदादिगण ९५
गहपतादिगण ९६
सब्बनाम गण (Declension of pronoun) ९७
व्यक्तिवाची सर्वनाम (Declension of Personal Pronoun) ९८
दर्शक सर्वनाम (Declension of Demonstrative pronoun) ९९
प्रश्नवाचक सर्वनाम ((Declension of Interrogative Pronoun) १०४
संख्या ((Declension of Numerals) १०५

https://dhamma.digital

आख्यातविभक्ति क्रियारूप (Conjugation of Verb) १०८
सन्धि संक्षिप्त (Euphonic Combination) ११२
स्वरसन्धि ११३
व्यञ्जनसन्धि १२१
निग्गहीतसन्धि १२४
आगमसन्धि १२६
निग्गहीतलोपसन्धि १२८
आदेससन्धि १३०
उपसर्गहरू (Prefix) १३२
निपातहरू (Indeclinable Particles) १३२
समास (Compound) १३३
१. अव्ययीभाव समास् १३३
२. कर्मधारय समास १३४
३. दिगुसमास १३६
४. तत्पुरुष समास १३७
५. बहुव्रीहि समास १३९
६. द्वन्दसमास १४०
तद्धित (Secondary Derivative) १४१
१. अपच्चतद्धित १४१
२. अनेकत्थ तद्धित १४३
अनेकत्थतद्धित (द्वितीय भाग) १४७
३. भावतद्धित १५५
४. अस्सत्थितद्धित १५६
५. संख्यातद्धित १५९
संख्याक्रमहरू १६०
६. अव्ययतद्धित १६२

https://dhamma.digital

कितक (Primary Derivative) १६४
तब्ब, अनीय प्रत्यय १६४
ण्वु प्रत्यय १६४
ण प्रत्यय १६५
अ प्रत्यय १६५
त प्रत्यय १६६
तवन्तु, तावी प्रत्यय १६६
तु प्रत्यय १६६
यु प्रत्यय १६७
णी प्रत्यय १६८
मान, अन्त प्रत्यय..१६८
पाठ -१ महोसधकुमारवत्थु १६९
पाठ -२ गामदारकवत्थु १७०
पाठ -३ महोसधपण्डितवत्थु १७२
पाठ -४ सुमनादेवीवत्थु..१७४
पाठ -५ अट्ठुपोसथिक वत्थु १७७
पाठ -६ वासुलदत्तदेवीवत्थु..१७९
पाठ -७ तापससहायकवत्थु..१८२
पाठ -८ पूरन्तप्पराजवत्थु..१८५
पाठ -९ मालुतवत्थु १८७
पाठ -१० सोभनासोभनविवादवत्थु १८८

https://dhamma.digital

अक्षर (ALPHABET)

पालि भाषामा एकचालीस वटा अक्षरहरू छन्

अ आ इ ई उ ऊ ए ओ

क ख ग घ ङ

च छ ज झ ञ

ट ठ ड ढ ण

त थ द ध न

प फ ब भ म

य र ल व स ह ळ अं

यी मध्ये पहिलो आठ अक्षरलाई अरू अक्षरको सहयोग बिना आफै उच्चारण गर्न सकिने भएकोले स्वर (**सर**) भनिन्छ। यी आठ वटा स्वरमध्ये अ, इ र उ स्वरहरू उच्चारण गर्दा छोटो समय लाग्ने हुनाले ह्रस्व (**रस्स**) भनिन्छ। बाँकी पाँच वटा स्वरहरू ह्रस्वको तुलनामा लामो समय लाग्ने हुनाले दीर्घ (**दीघ**) भनिन्छ। 'ए' र 'ओ' यी दुई अक्षर दीर्घ भए तापनि जोडिएको व्यञ्जनको अगाडि धेरैजसो ह्रस्व जस्तै उच्चारण गरिन्छ। उदाहरणको लागि - **सेय्य, एत्थ, सोत्थि ओट्ठो**।

'क' बाट शुरु भएर 'अं' अन्त भएका तेत्तीस वटा अक्षरलाई स्वरको मद्दत नलिई उच्चारण गर्न नसकिने भएकोले 'व्यञ्जन' (**ब्यञ्जन**) भनिन्छ। 'क' बाट शुरु भएर 'म' अन्त भएका पच्चीस वटा व्यञ्जनलाई वर्गाक्षर (**वग्गक्खर**) भनिन्छ। 'क' वर्ग, 'च' वर्ग, 'ट' वर्ग, 'त' वर्ग र 'प' वर्ग गरी पाँच वटा वर्ग छन्। 'य'बाट शुरु

https://dhamma.digital

भएर 'अं' अन्त भएका आठ वटा व्यञ्जनलाई वर्गमा समावेश नभएकाले अवर्ग (**अवग्ग**) भनिन्छ । 'अं' मा भएको बिन्दुलाई **निग्गहीत** भनिन्छ । पढ्नलाई सजिलो होस् भनेर 'अ' अक्षर प्रयोग गरिएको हो ।

उच्चारण (Pronunciation)

यी एकचालीस वटा अक्षरहरू कण्ठ, तालु, मूर्द्धा, दाँत, ओष्ठ, नासिका - यी छ वटा स्थानबाट उच्चारण हुन्छ । कुनै अक्षरहरू दुई वटा स्थानबाट उच्चारण हुन्छ ।

कण्ठ्य (**कण्ठज**)	अ आ क ख ग घ ङ ह
तालव्य (**तालुज**)	इ ई च छ ज झ ञ य
मूर्द्धन्य (**मुद्धज**)	ट ठ ड ढ ण र ळ
दन्त्य (**दन्तज**)	त थ द ध न ल स
ओष्ठ्य (**ओट्ठज**)	उ ऊ प फ ब भ म
नासिकज	अं

द्विज अक्खरा

कण्ठतालव्य (कण्ठतालुज)	ए
कण्ठोष्ठ्य (कण्ठोट्ठज)	ओ
दन्तोष्ठ्य (दन्तोट्ठज)	व

अघोस (Voiceless)

व्यञ्जनका प्रत्येक वर्गको पहिलो, दोस्रो र स अक्षरहरुलाई उच्चारण गर्दा कम आवाज आउने हुनाले **अघोस** (अघोष) भनिन्छ । क, ख, च, छ, ट, ठ, त, थ, प, फ, स - यी ११ वटा अक्षर अघोस हुन् ।

https://dhamma.digital

घोस (Voiced)

वर्गको तेस्रो, चौथो, पाँचौ तथा य, र, ल, व, ह, **ळ** अक्षरहरुलाई उच्चारण गर्दा बढी आवाज आउने हुनाले **घोस** (घोष) भनिन्छ । ग, घ, ङ, ज, झ, ञ, ड, ढ, ण, द, ध, न, ब, भ, म, य, र, ल, व, ह, **ळ** - यी २१ वटा अक्षर घोस हुन् ।

सिथिल (Non Aspirate)

व्यञ्जनका प्रत्येक वर्गको पहिलो, तेस्रो, पाँचौ तथा य, र, ल, व, स, ह, **ळ** अक्षरहरूलाई उच्चारण गर्दा कम सास बाहिरिने हुनाले **सिथिल** (शिथिल) भनिन्छ । क, ग, ङ, च ,ज, ञ, ट, ड, ण, त, द, न, प, ब, म, य, र, ल, व, स, ह, **ळ** - यी २२ वटा अक्षरहरु सिथिल हुन् ।

धनित (Aspirate)

वर्गको दोस्रो र चतुर्थ अक्षरहरूलाई उच्चारण गर्दा बढी सास बाहिरिने हुनाले धनित (ध्वनित) भनिन्छ । ख, घ, छ, झ, ठ, ढ, थ, ध, फ, भ - यी १० वटा अक्षरहरु धनित हुन् ।

https://dhamma.digital

शब्द (word)

कुनै अर्थ बोध गराउने अक्षर वा अक्षरहरूको समूहलाई शब्द भनिन्छ । **पुरिसो** - पुरुष, **कञ्ञा** - कन्या, **चित्तं** - चित्त, **रुक्खो** - रुख, **पुञ्ञं** - पुण्य, **सो** - ऊ, **त्वं** - तिमी, **अहं** - म इत्यादि ।

नाम (Noun)

कुनै व्यक्ति, वस्तु, पदार्थ तथा यिनीहरूमा हुने गुण वा भाव बुझाउने शब्दलाई नाम भनिन्छ । नामलाई संज्ञा पनि भनिन्छ । **"सद्धो उपासको विहारं गच्छति"** यस वाक्यमा **सद्धो**, **उपासको** र **विहारं** शब्दहरू नाम हुन् ।

लिङ्ग (GENDER)

पालि भाषामा सबै नाम शब्दहरूलाई तीन किसिमका लिङ्गमा विभाजन गरिएका छन् ।

(क) पुल्लिङ्ग
(ख) इत्थिलिङ्ग (स्त्रीलिङ्ग)
(ग) नपुंसकलिङ्ग

(क) पुरुष वा भाले जातिलाई जनाउने शब्द पुल्लिङ्ग हुन्छ । **पुरिसो** - पुरुष, **नरो** - मान्छे, **भिक्खु** - भिक्षु, **इसि** - ऋषि आदि । कुनै शब्दले पुरुष अर्थ प्रकाश नगरे तापनि ती शब्द व्याकरणको हिसाबले (grammatical gender) पुल्लिङ्ग शब्द अन्तर्गत पर्दछ । जस्तैः **मातुगामो** - महिला, **ओरोधो -** परिचारिका, **रुक्खो** - रुख, **पासाणो** - ढुंगा, **अग्गि** - आगो आदि ।

https://dhamma.digital

(ख) स्त्री अथवा पोथी जातिलाई जनाउने शब्द स्त्रीलिङ्ग (इत्थीलिङ्ग) हुन्छ । **कञ्ञा** - कन्या, **अम्मा** - आमा, **धेनु** - गाई, **माता** - आमा आदि । कुनै शब्दले स्त्रीभाव प्रकाश नगरे तापनि माथि उल्लेख गरेजस्तै स्त्रीलिङ्ग शब्द अन्तर्गत पर्दछ । जस्तैः **मेत्ता**- मैत्री, **सिला** - ढुङ्गा, **पञ्ञा** - प्रज्ञा, **तण्हा** - तृष्णा आदि ।

(ग) स्त्री अथवा पुरुष भनी नछुट्टिने शब्द नपुंसक हुन्छ । **चित्तं** - चित्त**, कुसलं - कुशल, सुखं** - सुख, **कम्मं** - कर्म ।

वचन (Number)

व्याकरणमा शब्दको रूपबाट एक वा धेरै भन्ने संख्या बुझाउने चिन्हलाई वचन भनिन्छ । वचन दुई थरीका छन् । एकजना अथवा एउटा वस्तुलाई जनाउन 'एकवचन' र एकभन्दा बढीलाई जनाउन 'बहुवचन' प्रयोग हुन्छ । हरेक विभत्तिले 'एकवचन र बहुवचन' गरी छुट्याएको हुन्छ । उदाहरणको लागि-

एकवचन	**बहुवचन**
अहं- म	**मयं**- हामी
त्वं- तिमी	**तुम्हे**- तिमीहरू
सो - ऊ	**ते** - उनीहरू
पुरिसो- पुरुष	**पुरिसा**- पुरुषहरू
कञ्ञा- कन्या	**कञ्ञायो**- कन्याहरू
कम्मं- कर्म	**कम्मानि**- कर्महरू

कारक (CASE)

वाक्यमा क्रियापदसित सम्बन्ध राख्ने नाम, सर्वनाम, विशेषणका रूपहरूलाई कारक भनिन्छ । कारकले वाक्यलाई

https://dhamma.digital

अर्थयुक्त बनाउँछ । **उपासको भिक्खुस्स दानं देति** - उपासकले भिक्षुलाई दान दिन्छ । यो वाक्यमा क्रियापदसँग सम्बन्ध राख्ने **'उपासक' 'भिक्खु'** र **'दान'** क्रमशः कर्ता, सम्पदान र कर्म कारक हुन् । कारकहरू ६ प्रकारका छन् ।

पालि भाषा	**नेपाली भाषा**	**अर्थ**
कत्ताकारक	कर्ता कारक	काम गर्ने
कम्मकारक	कर्म कारक	कामको असर पर्ने
करणकारक	करण कारक	काम गर्ने साधन
सम्पदानकारक	सम्प्रदान कारक	जसका लागि काम गरिन्छ
अपादानकारक	अपादान कारक	छुट्टिने ठाउँ
अधिकरणकारक	अधिकरण कारक	आधार दिने

विभक्ति (CASE-ENDING)

नाम, सर्वनाम, विशेषणका पछाडि रही कारकलाई छुट्याउने चिन्हहरूलाई विभक्ति भनिन्छ । विभक्तिले शब्दको क्रियासँग रहने सम्बन्धलाई स्पष्ट पारेर देखाउन सहयोग गर्दछ । **उपासको आचरियम्हा पालिसिक्खं उग्गण्हाति** - उपासकले गुरुबाट पालिशिक्षा सिक्छ । यस वाक्यमा **'उपासक' 'आचरिय'** र **'पालिसिक्खा'** का पछाडि जोडिएका 'सि' 'म्हा' र 'अं'ले क्रमशः कत्ता, अपादान र कम्म कारक छुट्याएकोले यिनलाई विभक्ति भनिन्छ । विभक्तिहरू सात प्रकारका छन् ।

पालि भासा	**नेपाली भाषा**	**विभक्ति चिन्ह**
पठमा विभत्ति	प्रथमा विभक्ति	ले/बाट/द्वारा
दुतिया विभत्ति	द्वितीया विभक्ति	लाई

https://dhamma.digital

ततिया विभत्ति	तृतीया विभक्ति	ले/बाट/द्वारा/सँग
चतुत्थी विभत्ति	चतुर्थी विभक्ति	लाई/लागि/निम्ति
पञ्चमी विभत्ति	पञ्चमी विभक्ति	देखि/बाट/देखिन्
छट्ठी विभत्ति	षष्ठी विभक्ति	को, का, की/रो, रा, री/नो, ना, नी
सत्तमी विभत्ति	सप्तमी विभक्ति	मा/सँग

सञ्ञा विभत्ति रूप (DECLENSION)

शब्दमा एकवचन, बहुवचन र प्रथमादि विभक्ति रूप वा नियम मिलाएर देखाउनुलाई **"सञ्ञा विभत्ति रूप"** (संज्ञाको विभक्ति रूप) भनिन्छ । **पुरिस, राजा र अग्गि** पुल्लिङ्ग शब्द भए तापनि क्रमशः अकारान्त, आकारान्त र इकारान्त भएकोले भिन्नाभिन्नै प्रकारले रूप चलाउनु पर्छ । **'अग्गि'** र **'रत्ति'** इकारन्त भए तापनि यिनीहरूको रूप समान हुँदैन । यसका रूप पछाडि 'संक्षिप्त नामगण' मा दिइएको छ ।

"पुरिस" शब्दको अन्तमा रहेको 'स' को पछाडि 'अ' स्वर रहेकोले यसलाई "अकारान्त" शब्द भनिन्छ । **"अग्गि"** शब्दको अन्तमा रहेको 'ग्गि' को पछाडि 'इ' स्वर रहेकोले यसलाई "इकारान्त" शब्द भनिन्छ । **"कञ्ञा"** शब्दको अन्तमा रहेको 'ञ्ञा' को पछाडि 'आ' स्वर रहेकोले यसलाई "आकारान्त" शब्द भनिन्छ । त्यस्तै बाँकी 'ई', 'उ', 'ऊ' कारान्तहरू पनि यसरी नै हो भनी बुझ्नु पर्छ । **पुरिस** शब्द पुल्लिङ्ग अकारान्त शब्द हो । विभक्ति र वचनद्वारा युक्त भएका **"पुरिस"** शब्दका "रूपहरू" निम्नानुसार छन् ।

https://dhamma.digital

पुरिसादिगण (पुल्लिङ्ग)

पालि भाषामा "पुरिस" शब्दको रूप

विभत्ति	एकवचन	बहुवचन
पठमा	पुरिसो	पुरिसा
दुतिया	पुरिसं	पुरिसे
ततिया	पुरिसेन	पुरिसेहि, पुरिसेभि
चतुत्थी	पुरिसस्स	पुरिसानं
पञ्चमी	पुरिसस्मा, पुरिसम्हा, पुरिसा	पुरिसेहि, पुरिसेभि
छट्ठी	पुरिसस्स	पुरिसानं
सत्तमी	पुरिसस्मिं, पुरिसम्हि, पुरिसे	पुरिसेसु
आलपन	भो पुरिस, पुरिसा	भोन्तो पुरिसा

नेपाली भाषामा "पुरुष" शब्दको रूप

विभक्ति	एकवचन	बहुवचन
प्रथमा	पुरुष, पुरुषले	पुरुषहरू, पुरुषहरूले
द्वितीया	पुरुषलाई	पुरुषहरूलाई
तृतीया	पुरुषले/द्वारा/सँग	पुरुषहरूले/द्वारा/सँग
चतुर्थी	पुरुषलाई/निम्ति	पुरुषहरूलाई/निम्ति
पञ्चमी	पुरुषबाट	पुरुषहरूबाट
षष्ठी	पुरुषको	पुरुषहरूको
सप्तमी	पुरुषसँग/मा	पुरुषहरूसँग/मा
सम्बोधन	हे पुरुष	हे पुरुषहरू

https://dhamma.digital

यो **पुरिस** शब्दसँग मिल्ने एकै शब्द रूप भएका केही शब्दहरूको गाथा :

बुद्धो धम्मो संघो पोसो, देवो च मनुस्सो नरो ।
मातुगामो ओरोधोति, पुरिसादिगणो मतो ।

शब्दको अर्थ

बुद्धो – बुद्ध, सर्वज्ञ, तथागत
धम्मो – धर्म
संघो – संघ
पोसो – पुरुष
देवो – देवता
मनुस्सो – मनुष्य, मानिस
नरो – मानिस
मातुगामो – महिला, स्त्री
ओरोधो – परिचारिका, सुसारे, **इति** - यी शब्द समूहलाई, **पुरिसादिगणो** - पुरिसादिगण भनेर, **मतो** - बुझ्नुपर्छ ।

नोट : यी शब्दहरूलाई पनि पुरिसो जस्तै (किताब हेरेर) रूप चलाउन लगाउनुहोस् । बानी परेपछि किताब नहेरीकन पनि रूप चलाउन लगाउनुहोस् । अर्थ पनि दिन लगाउनुहोस् ।

https://dhamma.digital

चित्तादिगण (नपुंसकलिङ्ग)

चित्तं – चित्त

विभत्ति	**एकवचन**	**बहुवचन**
पठमा	चित्तं	चित्ता, चित्तानि
आलपन	भो चित्त	भवन्तानि चित्ता, चित्तानि
दुतिया	चित्तं	चित्ते, चित्तानि
ततिया	चित्तेन	चित्तेहि, चित्तेभि
चतुत्थी	चित्तस्स	चित्तानं
पञ्चमी	चित्तस्मा, चित्तम्हा, चित्ता	चित्तेहि, चित्तेभि
छट्ठी	चित्तस्स	चित्तानं
सत्तमी	चित्तस्मिं, चित्तम्हि, चित्ते	चित्तेसु

चित्त शब्दसँग मिल्ने एकै शब्दरूप भएका केही शब्दहरूको गाथा

कुलं च कुसलं पुञ्ञं, कलत्तं उदकं सुखं ।
दुक्खं अकुसलं पापं, कम्मं चित्तादिकं मतं ॥

कुलं - वंश, परिवार
कुसलं - कुशल
पुञ्ञं - पुण्य
कलत्तं - स्वास्नी
उदकं - पानी
सुखं - सुख
दुक्खं - दुःख
अकुसलं - अकुशल
पापं - पाप
कम्मं - कर्म
चित्तादिकं - चित्तादिगण भनेर, मतं - बुझ्नु पर्छ ।

यी मध्ये **कम्म** शब्दका रूपहरू विशेष प्रकारका हुन्छन् । ततिया एकवचनमा **कम्मना, कम्मुना;** पञ्चमी एकवचनमा कम्मुना; चतुत्थी र छट्ठीमा **कम्मुनो;** सत्तमी एकवचनमा **कम्मनि** थपेर रूप चलाउनु पर्छ ।

https://dhamma.digital

३. कञ्ञादिगण (इत्थिलिङ्ग)

कञ्ञा – कन्या

विभत्ति	**एकवचन**	**बहुवचन**
पठमा	कञ्ञा	कञ्ञा, कञ्ञायो
आलपन	भोति कञ्ञे	भोतियो कञ्ञा, कञ्ञायो
दुतिया	कञ्ञं	कञ्ञा, कञ्ञायो
ततिया	कञ्ञाय	कञ्ञाहि, कञ्ञाभि
चतुत्थी	कञ्ञाय	कञ्ञानं
पञ्चमी	कञ्ञाय	कञ्ञाहि, कञ्ञाभि
छट्ठी	कञ्ञाय	कञ्ञानं
सत्तमी	कञ्ञाय, कञ्ञायं	कञ्ञासु

कञ्ञा शब्दसँग मिल्ने एकै शब्दरूप भएका केही शब्दहरूको गाथा

सद्धा मेत्ता पञ्ञा गङ्गा, पुच्छा सिक्खा भिक्खा तण्हा ।
वाचा गाथा अम्मा अन्ना, परिसा च सभा (समा) ॥

सद्धा - श्रद्धा
मेत्ता - मैत्री
पञ्ञा - प्रज्ञा
गङ्गा - गङ्गा नदी
पुच्छा - प्रश्न
सिक्खा - शिक्षा
भिक्खा - भिक्षा
तण्हा - तृष्णा
वाचा - बोलिवचन
गाथा - गाथा
अम्मा, अन्ना - आमा
परिसा - परिषद्
सभा - उत्सव, सभा, अदालत

समा - कञ्ञासँग समान भएका शब्दहरू हुन् ।

https://dhamma.digital

अम्मा, अन्ना शब्दहरूको आलपनमा **"अम्मे, अन्ने"** रूप हुँदैन । **पुरिसादिगण** जस्तै **"भोति अम्म, अम्मा"** भनी रूप चलाउनु पर्छ ।

पुरिस (PERSON)

क्रियाले जनाएको काम गर्ने म, तिमी, ऊ मध्ये को हो भनेर बुझाउने व्याकरणको कोटिलाई पुरिस (पुरुष) भनिन्छ । पुरिस तीन किसिमका छन् –

'अहं - म, **मयं** - हामी' लाई **"उत्तमपुरिस"** भनिन्छ । यससँग सम्बन्धित क्रिया पनि **"उत्तमपुरिस"** नै हुन्छ ।

'त्वं - तिमी, **तुम्हे** - तिमीहरू' यी दुईलाई **"मज्झिमपुरिस"** भनिन्छ । यससँग सम्बन्धित क्रिया पनि **"मज्झिम पुरिस"** नै हुन्छ ।

'अयं - यो, **सो** - ऊ, **अञ्ञो** - अरू इत्यादि उत्तम र मज्झिम पुरिस दुवैमा नपर्ने सबैलाई **"पठमपुरिस"** भनिन्छ । यससँग सम्बन्धित क्रिया पनि **"पठमपुरिस"** नै हुन्छ ।

क्रिया (VERB)

वाक्यमा कर्ताले गरेका काम, घटेका घटना, अवस्था वा स्थिति बुझाउने शब्दलाई क्रियापद भनिन्छ **। मयं सीलं रक्खाम । मयं** - हामी, सीलं - शीललाई, रक्खाम - रक्षा गर्छौं । यो वाक्यमा **'रक्खाम'** क्रियापद हो ।

प्रथमा विभक्ति अर्थ

तुल्य अर्थ = लिङ्ग अर्थ

१. आवुसो सामणेर ! अयं दारको किं नामो ?

२. भन्ते बुद्धरक्खित ! अयं दारको सुभद्दो नाम ।

https://dhamma.digital

३. भोति अय्ये ! अयं दारिका किं नामा ?
४. भो सामणेर ! अयं दारिका सुजाता नाम ।
५. भोति दारिके ! त्वं किं नामा ?
६. भो पुरिस ! अहं सुमना नाम ।
७. भो सामणेर ! अयं विहारो किं नामो ?
८. भोन्तो समणा ! अयं विहारो जेतवनं नाम ।
९. भो उपासक ! अयं पोत्थको किं नामो ?
१०. भोति उपासिके ! अयं पोत्थको दीघनिकायो नाम ।

क्रिया नभएका वाक्यमा "अयं र सुभद्दो नाम" जस्तै दुई पद समान अर्थ भएकोले "तुल्यत्थ = तुल्य अर्थ", लिङ्ग अर्थ मात्र भएकोले "लिङ्गत्थ = लिङ्ग अर्थ" भनिन्छ ।

आवुसो, भो, भन्ते, भोन्तो, भोतिहरू सम्बोधन गर्ने शब्दहरू हुन् । **भोति** स्त्रीलिङ्गमा प्रयोग हुन्छ । बाँकी सबै पुल्लिङ्गमा प्रयोग गरिन्छ ।

आवुसो सामणेर - आवुसो श्रामणेर ! **अयं दारको** - यो बालक । **किं नामो** - के नाम भएको हो ? (यो बालकको नाम के हो ?)

भोति दारिका - हे बालिका । **त्वं** - तिमी **। किं नामा** - के नाम भएका हौ ? (तिम्रो नाम के हो ?)

कर्ता र क्रिया

विभत्ति – ति, अन्ति; सि, थ; मि, म । यी सुरु दुई वटा विभक्ति पठम पुरिसको लागि प्रयोग गरिन्छ । बीचको दुई वटा विभक्ति मज्झिम पुरिसको लागि प्रयोग गरिन्छ । अन्तको दुई वटा विभक्ति उत्तम पुरिसको लागि प्रयोग गरिन्छ ।

https://dhamma.digital

पुरिस	एकवचन	बहुवचन
पठमपुरिस	अयं होति ।	इमे होन्ति ।
मज्झिमपुरिस	त्वं होसि ।	तुम्हे होथ ।
उत्तमपुरिस	अहं होमि ।	मयं होम ।
पठमपुरिस	दारिका अत्थि ।	दारिकायो सन्ति ।
मज्झिमपुरिस	त्वं असि ।	तुम्हे अत्थ ।
उत्तमपुरिस	अहं अम्हि ।	मयं अम्ह ।

नेपाली भाषामा अनुवाद गर्नुहोस् ।

(१) को बुद्धो होति ? सिद्धत्थो बुद्धो होति ।
(२) को सयति ? दारको सयति ।
(३) का पचति ? दारिका पचति ।
(४) के गच्छन्ति ? पुरिसा गच्छन्ति ।
(५) कायो आगच्छन्ति ? उपासिकायो आगच्छन्ति ।
(६) को धावति ? अस्सो धावति ।
(७) के धावन्ति ? मिगा धावन्ति ।
(८) को लिखति ? लेखको लिखति ।
(९) को धोवति ? रजको धोवति ।
(१०) के आरुहन्ति ? वानरा आरुहन्ति ।

पालि भाषामा अनुवाद गर्नुहोस् ।

(१) श्रमण आउनुहुन्छ ।
(२) श्रामणेर जानुहुन्छ ।
(३) कृषकहरूले जोत्छन् ।
(४) कामदारहरूले खान्छन् ।
(५) सुँगुरले खन्छ ।
(६) बालिका जान्छे ।
(७) ब्यापारीहरू बस्छन् ।
(८) गोरुहरूले खान्छन् ।
(९) तिमी जान्छौ ।
(१०) तिमीहरूले पकाउँछौ ।
(११) म पढ्छु ।
१२) हामी घुम्छौं ।

https://dhamma.digital

नेपाली भाषामा अनुवाद गर्नुहोस् ।

(१) अत्थि नु दारको ?	आम, अत्थि दारको ।
(२) गच्छति नु कञ्ञा ?	आम, कञ्ञा गच्छति ।
(३) सयसि नु त्वं ?	नो, न सयामि अहं ।
(४) पठसि नु त्वं ?	आम, पठामि अहं ।
(५) लिखति नु लेखको ?	आम, लेखको लिखति ।
(६) धोवन्ति नु रजका ?	आम, रजका धोवन्ति ।
(७) भुञ्जसि नु त्वं ?	आम, भुञ्जामि अहं ।
(८) सयति नु दारिका ?	नो, दारिका न सयति ।
(९) किलति नु कुमारो ?	आम, किलति कुमारो ।
(१०) चरन्ति नु कञ्ञायो ?	आम, चरन्ति कञ्ञायो ।

पालि भाषामा अनुवाद गर्नुहोस् ।

(१) तिमी आउँछौ ?	हो, म आउँछु ।
(२) तिमी जान्छौ ?	हो, म जान्छु ।
(३) के बालकहरू छन् ?	होइन, बालकहरू छैनन् ।
(४) तिमीहरू खान्छौ ?	हो, हामीहरू खान्छौं ।
(५) कृषकहरूले जोत्छन् ?	हो, कृषकहरूले जोत्छन् ।

को - को

दारको - बालक

दारिका - बालिका

कञ्ञा - कन्या

अस्सो - घोडा

लेखको - लेखक

रजको - धोबी

पचति - पकाउँछ

गच्छति - जान्छ

आगच्छति - आउँछ

सयति - सुत्छ

धावति - दौड्न्छ

लिखति - लेख्छ

धोवति - धुन्छ

https://dhamma.digital

वानरो - बाँदर	**आरुहति** - चढ्छ
मिगो - मृग	**भुञ्जति** - खान्छ
सामणेरो - श्रामणेर	**कस्सति** - जोत्छ
कम्मकारो - कामदार	**खणति** - खन्छ
वराहो - सुँगुर	**निसीदति** - बस्छ
कस्सको - कृषक	**होति** - हुन्छ
कुमारो - बालक	**अत्थि** - छ ।

प्रथमा, द्वितीया विभक्ति

कर्ता र कर्म

काम गर्नेलाई कर्ता भनिन्छ । कर्तामा प्रथमविभक्ति हुन्छ । यसले 'ले' भन्ने अर्थ दिन्छ । कर्ताले गरेको कामको असर जसमा पर्छ त्यसलाई कर्म भनिन्छ । कर्ममा द्वितीयविभक्ति हुन्छ । यसले 'लाई' भनी अर्थ दिन्छ ।

नेपाली भाषामा अनुवाद गर्नुहोस् ।

(१) दारको मग्गं गच्छति ।
(२) दारिका भत्तं पचति ।
(३) पुरिसा गामं आगच्छन्ति ।
(४) भिक्खु धम्मं देसेति ।
(५) उपासिका पोत्थकं पठति ।
(६) दारिका धम्मं उग्गण्हाति ।
(७) कञ्ञायो सुरियं पस्सन्ति ।
(८) अहं विहारं गच्छामि ।
(९) मयं गामं गच्छाम ।
(१०) सीहो मिगे मारेति ।
(११) भिक्खु सुञ्ञागारं पविसति ।
(१२) याचको भत्तं याचति ।
(१३) उपासका पुप्फानि आहरन्ति ।
(१४) गोणा तिणं खादन्ति ।
(१५) त्वं दीपं जालेसि ।
(१६) मयं बुद्धं पूजेम ।

https://dhamma.digital

पालि भाषामा अनुवाद गर्नुहोस् ।

(१) उपासिकाहरू विहार जान्छन् ।
(२) उपासकहरूले धर्म सुन्छन् ।
(३) उपासिकाहरूले पालिशिक्षा सिक्छन् ।
(४) बालिकाहरू बाटोमा जान्छन् ।
(५) म किताब पढ्छु ।
(६) हामीले धर्मलाई पूजा गर्छौं ।
(७) बालिकाले कुकुर ल्याउँछिन् ।
(८) बाँदरहरूले फलफूल खान्छन् ।

किं भएको प्रश्न र उत्तर

(१) आवुसो सामणेर ! को धम्मं देसेति ?
(२) भन्ते बुद्धरक्खित ! बुद्धो धम्मं देसेति ।
(३) भो पुरिस ! के मग्गं गच्छन्ति ?
(४) भो दारक ! कञ्ञायो मग्गं गच्छन्ति ।
(५) भोति कञ्ञे ! को धम्मं देसेति ?
(६) भोति दारिके ! भिक्खु धम्मं देसेति ।
(७) भोति अय्ये ! उपासिकायो किं उग्गण्हन्ति ?
(८) भन्ते ! उपासिकायो अभिधम्मं उग्गण्हन्ति ।
(९) भोति अय्ये ! त्वं किं पठसि ?
(१०) भो सामणेर ! अहं पालिसिक्खं पठामि ।
(११) भोति अय्ये ! त्वं किं पूजेसि ?
(१२) भोति दारिके ! अहं बुद्धं पूजेमि ।

पालि भाषामा अनुवाद गर्नुहोस् ।

(१) हे बालक ! को गाउँमा आउँछ ?
(२) हे पुरुष ! भिक्षु गाउँमा आउनुहुन्छ ।

https://dhamma.digital

(३) उपासकले दान दिन्छ ।
(५) उपासिकाहरूले शीलहरू रक्षा गर्छन् ।
(६) कृषकहरूले खेत खन्छन् ।
(७) उपासकहरू विहारमा आउँछन् ।
(८) उपासिकाहरूले फूलहरू ल्याउँछन् ।
(९) बालकहरू बुद्ध पूजा गर्छन् ।
(१०) हामीहरू विद्यालय जान्छौं ।

'न' भएका वाक्यहरू

१. सो बुद्धो न होति ।
२. दारको न सयति ।
३. किच्चं नत्थि ।
४. मनुस्सा न सन्ति ।
५. त्वं दुच्चरितं न चरसि ।
६. अहं बालो न अम्हि ।
७. पब्बतो न कम्पति ।
८. पुरिसा मग्गं न गच्छन्ति ।
९. सामणेरा धम्मं न देसेन्ति ।
१०. न पुप्फगन्धो पटिवातमेति ।
११. बालो सग्गं न गच्छति ।
१२. तुम्हे धम्मं न जानाथ ।

पालि भाषामा अनुवाद गर्नुहोस् ।

१. किताब छैन ।
२. बालक छैन ।
३. भात छैन ।
४. हामी मूर्ख होइनौं ।
५. तिमी देवता होइनौ ।
६. केटीहरू भात पकाउँदैनन् ।
७. हामीहरू गाउँमा आउँदैनौं ।
८. अल्छीहरूले धर्म सिक्दैनन् ।
९. पण्डितहरूले पाप गर्दैनन् ।
१०. बालमूर्खहरूले धर्म जान्दैनन् ।

"ले, बाट, द्वारा" अर्थ भएको तृतीया विभक्ति

१. दारको पादेन गामं गच्छति ।
२. दारिकायो सकटेन नगरं गच्छन्ति ।
३. उपासको अग्गिरथेन कुसिनगरं गच्छति ।

https://dhamma.digital

४. बालो वाचाय दुच्चरितं चरति ।
५. सत्ता कायेन सुचरितं चरन्ति ।
६. अहं वायुयानेन बुद्धगयं गच्छामि ।
७. त्वं रथेन गामं गच्छसि ।
८. मनुस्सा नयनेहि पस्सन्ति ।
९. कस्सको ककचेन रुक्खं छिन्दति ।
१०. दारको पादेहि सुनखं पहरति ।
११. उपासको उदकेन पुप्फानि आसिञ्चति ।
१२. आगच्छसि नु त्वं कुसिनगरं अग्गिरथेन ?
नाहं अग्गिरथेन कुसिनगरं आगच्छामि । मोटरयानेन आगच्छामि ।

पालि भाषामा अनुवाद गर्नुहोस् ।

१. तिमी केबाट गाउँ आउँछौ ?
२. म रेलबाट गाउँ आउँछु ।
३. तिमी सहरमा हिँडेर आएको हौ ?
४. म सहरमा हिँडेर आएको होईन ।
५. तिमीहरू केद्वारा पहाड चढ्छौ ?
६. हामी रज्जुमार्गद्वारा पहाड चढ्छौं ।
७. तिमी केबाट पोखरा आयौ ?
८. म हवाइजहाजबाट पोखरा आएँ ।

'कारण' अर्थ भएको तृतीया विभक्ति

१. त्वं आवुसो ! केन वससि ?
२. अहं भन्ते ! अन्नेन वसामि ।
३. त्वं आवुसो ! केन भोगं लभसि ?
४. अहं भन्ते ! दानेन भोगं लभामि ।
५. मनुस्सा आवुसो ! केन सुखं लभन्ति ?

https://dhamma.digital

६. मनुस्सा भन्ते ! सीलेन सुखं लभन्ति ।

७. सत्ता आवुसो ! केन निब्बानं पापुणन्ति ?

८. सत्ता भन्ते ! भावनाय निब्बानं पापुणन्ति ।

पालि भाषामा अनुवाद गर्नुहोस् ।

१. आवुसो ! तिमी किन भोजन खान्छौ ?

२. म खानाको कारणले बसिरहेको होइन ।

३. सत्त्वहरू के कारणले सम्पत्ति पाउँछन् ?

४. सत्त्वहरू के कारणले सुख पाउँछन् ?

५. सत्त्वहरू के कारणले निर्वाण पुग्छन् ?

पात्थको – पुस्तक
सत्तो – सत्त्व
दानं – दान
सीलं – शील (शरीर, वचनलाई संयम गर्नु)
भावना – भावना (कर्मस्थान भाविता गर्नु)
केन – के कारणले अथवा केले ?
भोगो – सम्पत्ति
अन्नं – खाना
वस – बस्नु
लभ – प्राप्त हुनु
पापुण – पुग्नु
ककचो – करौँती

'सँग' अर्थ भएको तृतीया विभक्ति

१. त्वं केन सह विहरसि ?

२. अहं मित्तेन सह विहरामि ।

३. आचरियो केन सद्धिं नगरं गच्छति ?

४. आचरियो सिस्सेन सद्धिं नगरं गच्छति ।

५. उपासका समणेहि सद्धिं लुम्बिनीवनं गच्छन्ति ।

६. उपासिकायो समणेहि सद्धिं धम्मसाकच्छं करोन्ति ।

७. बालो पुत्तो मातरा विवदति ।

८. पण्डिता बालेहि विना विहारं आगच्छन्ति ।

https://dhamma.digital

पालि भाषामा अनुवाद गर्नुहोस् ।

१. म तिमीसँग बस्छु ।

२. तिमी मसँग बस्दैनौ ।

३. मूर्ख मूर्खसँग बस्छ ।

४. मूर्ख पण्डितसँग अलग्ग भएर बस्छ ।

५. बुद्ध संघसँग आउनुहुन्छ ।

६. संघ बुद्धसँग अलग्ग भएर आउँदैन ।

७. उपासिका छोरासँग विहारमा जान्छिन् ।

८. बाबु छोरासँग भात खान्छ ।

सह, सद्धिं - सँग

विना - विना (अलग्ग भएर)

पण्डितो - पण्डित (प्रज्ञा भएको)

बालो - मुर्ख

विवद - झगडा गर्नु

मया - मसँग

विहर - बस्नु

कर - गर्नु

मातरा - आमासँग

तया - तिमीसँग

"लाई, निम्ति, लागि" अर्थ भएका चतुर्थी विभक्ति

'**दा**' धातु जोडेकोमा "**संघस्स देति** - संघलाई दिन्छ ।"

'**रुच**' धातुबाट बनेको '**रुच्च**' जोडेकोमा "**रुच्चति संघस्स** - संघलाई रुच्छ ।"

'**खमु**' धातुबाट बनेको '**खम**' जोडेकोमा "**खमति संघस्स** - संघलाई मन पर्छ ।"

'**छदी**' धातुबाट बनेको '**छादे**' जोडेकोमा "**छादेति दारकस्स** - बालकलाई भोक लाग्छ ।"

'**धर**' धातुबाट बनेको '**धारे**' जोडेकोमा "**आचरियस्स छत्तं धारेति** - गुरुलाई छाता ओढाउँछ ।"

https://dhamma.digital

"इणसामिकस्स इणं धारयति - ऋणधनीलाई ऋण तिर्छ ।"
नमो पदसँग जोडेकोमा **"नमो तस्स भगवतो** - उहाँ भगवानलाई नमस्कार ।"

'आरोच - भन्नु' अर्थ भएको **आरोच, देसे, कथय, आमन्त** इत्यादिसँग जोडेकोमा **"आरोचयामि वो** - तिमीहरूलाई भन्छु" **सिलाघ, हनु** इत्यादिसँग जोडेकोमा पनि चतुर्थी विभक्ति राख्नु पर्छ ।

'जोडेको' भन्नाले अर्थ अभिप्राय सम्बन्ध भएकोलाई जनाउँछ । "संघलाई दिन्छ" इत्यादिमा दिनुसँग संघको अभिप्राय सम्बन्ध रहेको छ ।

(क) नेपाली भाषामा अनुवाद गर्नुहोस्

१. मनुस्सा कस्स दानं देन्ति ?
२. मनुस्सा संघस्स दानं देन्ति ।
३. रुच्चति कस्स सच्चं ?
४. रुच्चति संघस्स सच्चं ।
५. रुच्चति नु दारकस्स सादु ?
६. कस्स सादु न रुच्चति ?
७. खमति नु संघस्स कम्मं ?
८. आम, खमति संघस्स कम्मं ।
९. नक्खमति नु संघस्स कम्मं ?
१०. आम, नक्खमति संघस्स कम्मं ।

रुच्च - मन पर्नु, रुच्नु　**खम** - सहनु
सच्चं - सत्य　**इणं** - ऋण
सादु - मिठो　**कस्स -** कसलाई /कसको निम्ति

https://dhamma.digital

(ख) नेपाली भाषामा अनुवाद गर्नुहोस् ।

१. छादेति नु दारकस्स भत्तं ?

२. नच्छादेति दारकस्स भत्तं ।

३. सिस्सो कस्स छत्तं धारेति ?

४. सिस्सो आचरियस्स छत्तं धारेति ।

५. को इणसामिकस्स इणं धारेति ?

६. इणायिको इणसामिकस्स इणं धारेति ।

७. आचरियो सिस्सानं किं आरोचेति ?

८. आचरियो सिस्सानं धम्मकथं आरोचेति ।

९. बुद्धो केसं धम्मं देसेति ?

१०. बुद्धो देवमनुस्सानं धम्मं देसेति ।

११. को भगवतो नमो ?

१२. सोहं नमो भगवतो, नमो सत्तन्नं सम्मासम्बुद्धानं ।

पालि भाषामा अनुवाद गर्नुहोस् ।

१. तिमी कसलाई दान दिन्छौ ?

२. म संघलाई दान दिन्छु ।

३. बालिकाले कसको लागि भात ल्याइन् ?

४. बालिकाले याचक (भिखारी)को लागि भात ल्याइन् ।

५. के संघलाई सत्य कुरा मनपर्छ ?

६. संघलाई सत्य कुरा मनपर्छ ।

७. के संघलाई काम मनपर्छ ?

८. संघलाई काम मनपर्छ ।

९. कसलाई मिठो रुच्छ ?

१०. बालकलाई मिठो रुच्छ ।

११. के गुरुले शिष्यलाई छाता ओढाउँछ ?

https://dhamma.digital

१२. गुरुले शिष्यलाई छाता ओढाउँदैन ।
१३. के ऋणीले धनीलाई ऋण तिर्दैन ?
१४. ऋणीले धनीलाई ऋण तिर्छ ।
१५. श्रामणेरले बालकहरूलाई धर्मको कुरा बताउँछ ।
१६. मैले सात जना सम्यक् सम्बुद्धहरूलाई नमस्कार गर्छु ।
१७. शिष्यले गुरुलाई बाटो छोडिदिन्छ ।
१८. गुरुहरूले शिष्यहरूलाई धर्म देशना गर्नुहुन्छ ।
१९. मैले धर्मलाई नमस्कार गर्छु ।
२०. मैले संघलाई नमस्कार गर्छु ।

छत्तं - छाता, छत्र
इणसामिको - ऋण धनी
सिस्स - शिष्य
कस्स - कसलाई, कस्को निम्ति
सत्त - सात
छाद - भोकाउनु
धारे, धारय - ओढाउनु
आरोचे - भन्नु
आहर - ल्याउनु
इणायिको - ऋणी

बाट - भन्ने अर्थ दिने पञ्चमी विभक्ति

हट्नु, निस्कनु, खस्नु, ओर्लनु, डराउनु, तर्सनु, सिक्नु, हार्नु, सुरु हुनु , विरत हुनु , टाढिनु , नजिकिनु - यी अर्थहरूमा पञ्चमी विभक्ति प्रयोग हुन्छ ।

(क) **गामा अपेन्ति** = गाउँबाट हट्छन् ।

(ख) **नगरा निग्गतो** = सहरबाट निस्कन्छ ।

(ग) **रुक्खा पतन्ति** = रुखबाट खस्छन् ।

(घ) **पब्बता ओरोहन्ति** = पर्वतबाट ओर्लन्छन् ।

(ङ) **चोरा भायति** = चोरदेखि डराउँछ ।

https://dhamma.digital

(च) **पापा उत्तसति** = पापबाट तर्सन्छ ।

(छ) **आचरियम्हा सिप्पं उग्गण्हाति** = गुरुबाट सीप सिक्छ ।

(ज) **बुद्धस्मा पराजेन्ति तित्थिया** = बुद्धदेखि तीर्थिकहरू हार्छन् ।

(झ) **हिमवता पभवन्ति महानदियो** = महानदीहरू हिमालबाट सुरु हुन्छन् ।

(ञ) **पाणातिपाता विरमामि** = प्राणीहिंसाबाट विरत हुन्छु ।

(ट) **गामा दूरं** = गाउँबाट टाढा छ ।

आरका सासना = शासनबाट टाढा छ ।

(ठ) **गामा सन्तिकं** = गाउँबाट नजिक छ ।

(क) नेपाली भाषामा अनुवाद गर्नुहोस् ।

१. सामणेरा कुतो अपेन्ति ?

२. सामणेरा गामा अपेन्ति ।

३. राजा कुतो निग्गतो ?

४. राजा नगरा निग्गतो ।

५. दारको कुतो पतति ?

६. दारको रुक्खा पतति ।

७. पुरिसो कुतो ओरोहति ?

८. पुरिसो पब्बता ओरोहति ।

९. मनुस्सा केहि भायन्ति ?

१०. मनुस्सा चोरेहि भायन्ति ।

११. कुमारो सोपानम्हा पतति ।

१२. पापा चित्तं निवारेति ।

१३. तुम्हे आचरियम्हा धम्मं उग्गण्हथ ।

१४. मयं मुसावादा विरमाम ।

https://dhamma.digital

(ख) नेपाली भाषामा अनुवाद गर्नुहोस् ।

१. मनुस्सा केहि उत्तसन्ति ?
मनुस्सा बालेहि उत्तसन्ति ।

२. सिस्सा कुतो सिप्पं उग्गण्हन्ति ?
सिस्सा आचरियतो सिप्पं उग्गण्हन्ति ।

३. सामणेरा कुतो उपज्झं गण्हन्ति ?
सामणेरा उपज्झायम्हा उपज्झं गण्हन्ति ।

४. तित्थिया कुतो पराजेन्ति ?
तित्थिया बुद्धस्मा पराजेन्ति ।

५. महानदियो कुतो पभवन्ति ?
महानदियो हिमवता पभवन्ति ।

६. त्वं कुतो विरमसि ?
अहं दुच्चरिततो विरमामि ।

७. तुम्हे कुतो आगच्छथ ?
अहं गेहतो आगच्छाम ।

८. आसन्नो नु आवुसो ! गामो नगरतो ?
न आसन्नो भन्ते ! नगरतो गामो । गावुतं दूरो ।

९. विहारो गेहतो कीवदूरो ?
विहारो गेहतो योजनं दूरो ।

१०. आसन्नो नु उपासिके ! विहारो गेहतो ?
आम, आसन्नो भन्ते गेहतो विहारो ।

https://dhamma.digital

पालि भाषामा अनुवाद गर्नुहोस् ।

१. तिमी कहाँबाट आउँछौ ?

२. म सहरबाट आउँछु ।

३. हामी घरबाट निस्कन्छौं ।

४. बालक भऱ्याङबाट खस्छ ।

५. म गुरुबाट सीप सिक्छु ।

६. श्रमणहरूले उपासकहरूबाट भोजन प्राप्त गर्छन् ।

७. उपासिकाले श्रमणहरूबाट धर्म सिक्छिन् ।

८. पण्डितहरू पापदेखि डराउँछन् ।

९. मुर्खहरू पापदेखि तर्संदैनन् ।

१०. तिमीले कोबाट सीप सिक्छौ ?

११. मैले आचार्यबाट सीप सिक्छु ।

१२. सहर गाउँबाट कति टाढा छ ?

१३. सहर गाउँबाट नजिक छ।

उत्तस - तर्सनु

उग्गण्ह - सिक्नु

पभव - सुरु हुनु

कीवदूरो - कति टाढा छ ?

दूरो - टाढा

उपज्झायो - उपाध्याय

गावुतं - एक गावुत

योजनं - एक योजन

सिप्पं - सीप

गेह - घर

चोरो - चोर

सोपानं - भऱ्याङ

सहायको - साथी

गण्ह - लिनु

पराजे - हार्नु

विरम - विरत हुनु, अलग्ग हुनु

तित्थियो - तीर्थिक (गलत धारणा भएको व्यक्ति)

आसन्नो - नजिक

https://dhamma.digital

को, का, की/रो, रा, री/नो, ना, नी अर्थ भएको षष्ठी विभक्ति (नाता देखाउने षष्ठी विभक्ति)

१. मम पुत्तो विहारं गच्छति ।
२. पण्डितस्स पुत्ता बुद्धस्स सावकेन सह विहारं पविसन्ति ।
३. तथागतस्स सावका असप्पुरिस्सानं पुत्ते अनुसासन्ति ।
४. तया भातिको पादेन विहारं गच्छति ।
५. मम भगिनी विहारं न गच्छति ।
६. आचरियस्स दारका गेहे किलन्ति ।
७. उपासिकाय धीतरो धम्मं उग्गण्हन्ति ।
८. उपासिकाय दारको पोत्थकं पठति ।
९. उपासकस्स पुत्तो अभिधम्मं उग्गण्हाति ।
१०. समणस्स कप्पियकारको विहारस्स द्वारं विवरति ।

सावको - श्रावक
असप्पुरिसो - असत्पुरुष
भातिको - भाइ
भगिनी - बहिनी, दिदी
मम - मेरी, मेरो
गेहं - घर
धीतु - छोरी
पोत्थकं - पुस्तक
कप्पियकारको - कप्पियकारक
द्वारं - द्वार (ढोका)
पविसति - पस्छ ।
अनुसासति - उपदेश दिन्छ ।
किलति - खेल्छ ।
उग्गण्हाति - सिक्छ ।
पठति - पढ्छ ।
विवरति - खोल्छ ।

स्वामित्व देखाउने षष्ठी विभक्ति

१. इदं कस्स सन्तकं ?
२. इदं सामणेरस्स सन्तकं ।
३. इदं कस्स वत्थं ?
४. इदं मम वत्थं ।
५. इदं कस्स गेहं ?
६. इदं मम गेहं ।

https://dhamma.digital

७. अयं कस्स पत्तो ?　　८. अयं समणस्स पत्तो ।

९. इदं कस्स चीवरं ?　　१०. इदं मे चीवरं ।

११. इदं नु ते सन्तकं ?　　१२. नयिदं मे सन्तकं । दारकस्स सन्तकं ।

'को + लागि, निम्ति' अर्थ भएको षष्ठी र चतुर्थी विभक्ति

१. बुद्धो केसं अत्थाय उप्पज्जति ?

२. बुद्धो सत्तानं अत्थाय उप्पज्जति ।

३. बुद्धो केसं हिताय उप्पज्जति ?

४. बुद्धो देवमनुस्सानं हिताय उप्पज्जति ।

५. त्वं किमत्थाय गामं गच्छसि ?

६. अहं पिण्डाय गामं गच्छामि ।

७. इदं केसं भत्तं ?

८. इदं आगन्तुकानं भत्तं ।

पालि भाषामा अनुवाद गर्नुहोस् ।

१. मेरी बहिनीले अभिधर्म सिक्छिन् ।

२. तिम्रा दिदीहरूले धर्मदेशना सुन्छन् ।

३. भिक्षुको कप्पियकारकले पानी दिन्छ ।

४. उपासकको छोरो मुर्खसँग बस्दैन ।

५. तथागतको श्रावकले धर्मदेशना गर्नुहुन्छ ।

६. यो मेरो धन होइन ।

७. यो तिम्रो धन होइन ।

८. पात्र मेरो सम्पत्ति होइन ।

९. यो मेरो घर हो ।

१०. यो मेरो जमिन हो ।

११. यी तिम्रा किताब हुन् ।

https://dhamma.digital

१२. यो श्रमणको पात्र हो ।

१३. म साथीको घर जान्छु ।

१४. तिमी मेरो लागि आयौ ।

१५. म तिम्रो लागि भात पकाउँछु ।

१६. यो विहार कसको लागि हो ?

१७. यो विहार मेरो लागि हो ।

१८. यो विहार सबैको लागि हो ।

कस्स - कसको

सन्तकं - सम्पत्ति

वत्थं - वस्त्र

पत्तो - पात्र

चीवरं - चीवर

अत्थाय - अर्थको लागि

हिताय - हितको लागि

सुखाय - सुखको लागि

पिण्डाय - भिक्षाको लागि

आगन्तुकानं - पाहुनाहरूको लागि

मा, सँग - अर्थ भएको सप्तमी विभक्ति

१. बुद्धो अनाथपिण्डिकस्स आरामे विहरति ।

२. पण्डिता बुद्धे पसीदन्ति ।

३. दारका सयने सयन्ति ।

४. पापस्मिं रमति मनो ।

५. आकासे सकुणा पक्खन्दन्ति ।

६. तिलेसु तेलं तिट्ठति ।

७. रुक्खेसु वानरा चरन्ति ।

८. अरञ्ञे मिगा वसन्ति ।

९. सिहो वनस्मिं रुक्खमूले निसिदति ।

१०.मयं सहायकेहि सद्धिं उय्याने चराम ।

११.सद्धो उपासको विहारे बुद्धं पूजेति ।

Dhamma.Digital
https://dhamma.digital

पालि भाषामा अनुवाद गर्नुहोस् ।

१. बालक घरमा किताब पढ्छ ।
२. हामीहरू बाटोमा सुत्दैनौं ।
३. मुर्खहरू बुद्धसँग प्रसन्न हुन्छन् ?
४. मानिसहरू आकाशमा उड्न सक्दैनन् ।
५. हामी मित्रहरूसँग उद्यानमा घुम्छौं ।
६. उपासिकाहरू विहारमा पालि शिक्षा सिक्छन् ।
७. बुद्धका श्रावकहरू विहारमा बस्नुहुन्छ ।
८. ऋषि पर्वतमा बस्नुहुन्छ ।

तेलं - तेल
उय्यानं - उद्यान
पसीद - प्रसन्न हुनु
रम - रमाउनु
पक्खन्द - उड्नु
सद्धो - श्रद्धा भएको
आरामो - आराम
मित्तो - मित्र
आकासो - आकास
सकुणो - चरा
तिलं - तिल
इसि - ऋषि

नु - भएको प्रश्न र उत्तर

Dhamma.Digital

नेपाली भाषामा अनुवाद गर्नुहोस् ।

१. देसेति नु आवुसो ! समणो धम्मं ?
२. आम भन्ते ! देसेति समणो धम्मं ।
३. गच्छसि नु सामणेर ! त्वं गामं ?
४. आम भन्ते ! गच्छामि अहं गामं ।
५. पचसि नु कञ्ञे ! त्वं भत्तं ?
६. आम अय्ये ! पचामि अहं भत्तं ।
७. गच्छसि नु उपासिके ! त्वं लुम्बिनीवनं ?

https://dhamma.digital

८. आम अय्ये ! गच्छामि अहं लुम्बिनीवनं ।
९. उग्गण्हथ नु उपासिकायो ! तुम्हे पालिसिक्खं ?
१०. आम अय्ये ! उग्गण्हाम मयं पालिसिक्खं ।

पालि भाषामा अनुवाद गर्नुहोस् ।

१. आवुसो ! भिक्षुले धर्म देशना गर्नुहुन्छ ?
२. हो, भिक्षुले धर्म देशना गर्नुहुन्छ ।
३. आवुसो ! तिमीहरू गाउँमा जान्छौ ?
४. हो, हामी गाउँमा जान्छौं ।
५. ए कप्पिय ! तिमी भात पकाउँछौ ?
६. हो भन्ते ! म भात पकाउँछु ।
७. उपासिकाहरू ! तिमीहरू लुम्बिनी उद्यान जान्छौ ?
८. हो गुरुमा ! हामीहरू लुम्बिनी उद्यान जान्छौं ।
९. उपासक ! तिमी पालिशिक्षा सिक्छौ ?
१०. हो भन्ते ! म पालिशिक्षा सिक्छु ।

'नु' द्वारा प्रश्न 'न' द्वारा उत्तर

१. अत्थि नु आवुसो ! भत्तं ?
२. नत्थि भन्ते ! भत्तं ।
३. सन्ति नु आवुसो ! मनुस्सा ?
४. न सन्ति भन्ते ! मनुस्सा ।
५. असि नु त्वं आवुसो ! सामणेरो ?
६. न अम्हि भन्ते ! अहं सामणेरो ।
७. पचति नु आवुसो ! दारिका भत्तं ?
८. न पचति भन्ते ! दारिका भत्तं ।
९. गच्छसि नु आवुसो ! त्वं गामं ?

https://dhamma.digital

१०. न गच्छामि भन्ते ! अहं गामं ।

११. गच्छथ नु उपासिकायो ! तुम्हे विहारं ?

१२. न गच्छाम भन्ते ! मयं विहारं ।

'न' र 'नु' जोडिएको प्रश्न र उत्तर

१. अत्थि ननु भन्ते ! सामणेरो ?

२. आम उपासक ! सामणेरो अत्थि ।

३. देसेन्ति ननु आवुसो ! भिक्खू धम्मं ?

४. आम भन्ते ! भिक्खू धम्मं देसेन्ति ।

५. पचति ननु आवुसो ! कञ्‍ञा भत्तं ?

६. न पचति भन्ते ! कञ्‍ञा भत्तं ।

७. गच्छसि ननु आवुसो ! त्वं गामं ?

८. न गच्छामि भन्ते ! अहं गामं ।

९. गच्छथ ननु उपासका ! तुम्हे विहारं ?

१०. न गच्छाम भन्ते ! मयं विहारं ।

पालि भाषामा अनुवाद गर्नुहोस् ।

१. आवुसो ! तिमीहरू श्रामणेरहरू हौ ?

२. भन्ते ! हामी श्रामणेरहरू होइनौं ।

३. आवुसो ! तिमीहरू भोजन पकाउँछौ ?

४. भन्ते ! हामीहरू भोजन पकाउँदैनौं ।

५. आवुसो ! श्रामणेर छ होइन ?

६. भन्ते ! श्रामणेर छैन ।

७. आवुसो ! तिमी भात पकाउँछौ होइन ?

८. भन्ते ! म भात पकाउँदिन ।

https://dhamma.digital

'न' र 'नु' बीचमा क्रिया राख्ने तरिका

१. न गच्छसि नु त्वं मग्गं ?

२. आम, न गच्छामि अहं मग्गं ।

३. न गच्छसि नु त्वं गामं ?

४. आम, अहं गामं न गच्छामि ।

५. न पचसि नु त्वं भत्तं ?

६. आम, अहं भत्तं न पचामि ।

'न' र 'ननु' बिचमा क्रिया राख्ने तरिका

१. न अत्थि ननु बालो ?

२. अत्थियेव बालो ।

३. न गच्छसि ननु त्वं गामं ?

४. आम, अहं गामं न गच्छामि ।

५. न पचसि ननु त्वं भत्तं ?

६. आम, अहं भत्तं न पचामि ।

१. आवुसो ! भिक्षु हुनुहुन्न ?

२. भन्ते ! भिक्षु हुनुहुन्छ ।

३. आवुसो ! श्रामणेरले भोजन पकाउँदैन ?

४. हो, श्रामणेरले भोजन पकाउँदैन ।

१. बुद्धो होति ।

२. बुद्धो न होति ।

३. बुद्धो होति नु ?

४. बुद्धो होति ननु ?

५. बुद्धो न होति नु ?

६. बुद्धो न होति ननु ?

आलपन	भो दण्डि	भोन्तो दण्डी, दण्डिनो
दुतिया	दण्डिं, दण्डिनं	दण्डी, दण्डिनो
ततिया	दण्डिना	दण्डीहि, भि
चतुत्थी	दण्डिस्स, दण्डिनो	दण्डीनं
पञ्चमी	दण्डिस्मा, म्हा, दण्डिना	दण्डीहि, भि
छट्ठी	दण्डिस्स, दण्डिनो	दण्डीनं
सत्तमी	दण्डिस्मिं, दण्डिम्हि, दण्डिनि	दण्डीसु ।

हत्थी दाठी गणी संघी, सामी गामी च गामणी ।
योगी रोगी सुखी दुक्खी, चारी चागी च कुसली ॥

https://dhamma.digital

हत्थी - सुँड भएको, हात्ती
दाठी - दाह्रा भएको (सर्प, सिंह, व्यक्ति)
दुक्खी - दुःखी
गणी - गण भएको गुरु
संघी - संघ अध्यक्ष
सामी - स्वामी
गामी - जाने बानी भएको व्यक्ति
गामणी - गाउँको मुखिया
योगी - योगावचर व्यक्ति
रोगी - रोग भएको व्यक्ति (बिरामी)
चारी - आचरण गर्ने बानी भएको व्यक्ति
चागी - त्यागी
कुसली - कुशल भएको व्यक्ति, स्वस्थ्य भएको व्यक्ति

यी शब्दहरूको रूप चलाउन दिनुहोस् ।

पुल्लिङ्ग 'उ' कारन्त

भिक्खु – भिक्षु

विभत्ति	**एकवचन**	**बहुवचन**
पठमा	भिक्खु	भिक्खू, भिक्खवो
आलपन	भो भिक्खु	भोन्तो भिक्खू, भिक्खवे, भिक्खवो
दुतिया	भिक्खुं	भिक्खू, भिक्खवो
ततिया	भिक्खुना	भिक्खूहि, भि, भिक्खुहि, भि
चतुत्थी	भिक्खुस्स, भिक्खुनो	भिक्खूनं, भिक्खुनं
पञ्चमी	भिक्खुस्मा, म्हा, भिक्खुना	भिक्खूहि, भि, भिक्खुहि, भि
छट्ठी	भिक्खुस्स, भिक्खुनो	भिक्खूनं, भिक्खुनं
सत्तमी	भिक्खुस्मिं, भिक्खुम्हि	भिक्खूसु, भिक्खुसु

https://dhamma.digital

गाथा

पटु सानु भाणु राहु , केतु पङ्गुच्छु सिन्धिधु ।
वेलु वेणु नेरु मेरु, गुरूसु हेतु जन्तु च ॥

पटु - दक्ष भएको
सानु - पहाड बाहिर
भाणु - सूर्य
राहु - असुरिन्द
केतु - झन्डा
पङ्गु - लङ्गडो
उच्छु - उखु
सिन्धु - समुद्र

वेलु - बाँस
वेणु - बाँस
नेरु - सुमेरु पर्वत
मेरु - सुमेरु पर्वत
गुरु - गुरु
उसु - वाण
हेतु - कारण
जन्तु - सत्व प्राणी
इधु - आगोको बिउ

'ऊ' कारन्त पुल्लिङ्ग

सयम्भू - स्वयम्भू

विभत्ति	**एकवचन**	**बहुवचन**
पठमा	सयम्भू	सयम्भू , सयम्भुवो
आलपन	भो सयम्भु	भोन्तो सयम्भू , सयम्भुवो
दुतिया	सयम्भुं	सयम्भू ,सयम्भुवो
ततिया	सयम्भुना	सयम्भूहि, सयम्भूभि
चतुत्थी	सयम्भुस्स, सयम्भुनो	सयम्भूनं
पञ्चमी	सयम्भुस्मा, म्हा, सयम्भुना	सयम्भूहि, सयम्भूभि
छट्ठी	सयम्भुस्स, सयम्भुनो	सयम्भूनं
सत्तमी	सयम्भुस्मिं, सयम्भुम्हि	सयम्भूसु

https://dhamma.digital

अभिभू - दबाउन सक्ने

मत्तञ्ञू - मात्रा जान्ने

सम्भू - शम्भू

पभू - प्रभू, अधिपति

विदू - पण्डित

सब्बञ्ञू - सर्वज्ञ

वेदगू - वेद जान्ने

विञ्ञू - विज्ञ, पण्डित

कतञ्ञू - कृतज्ञ हुने

वदञ्ञू - भन्न जान्ने

'ओ' कारन्त पुल्लिङ्ग

गो – गोरु

विभत्ति	**एकवचन**	**बहुवचन**
पठमा	गो	गावो, गवो
आलपन	हे गो	हे गावो, गवो
दुतिया	गवं, गावं, गावुं	गावो, गवो
ततिया	गावेन, गवेन	गोहि, गोभि
चतुत्थी	गावस्स, गवस्स	गवं, गोनं, गुन्नं
पञ्चमी	गावस्मा, म्हा, गावा गवस्मा, म्हा, गवा	गोहि, गोभि
छट्ठी	गावस्स, गवस्स	गवं, गोनं, गुन्नं
सत्तमी	गावस्मिं, गावम्हि, गावे, गवस्मिं, म्हि, गवे	गावेसु, गवेसु, गोसु

https://dhamma.digital

नपुंसकलिङ्ग 'इ'कारन्त

अट्ठि – हाड

विभत्ति	एकवचन	बहुवचन
पठमा	अट्ठि	अट्ठी, अट्ठीनि
आलपन	हे अट्ठि	हे अट्ठी, अट्ठीनि
दुतिया	अट्ठिं	अट्ठी, अट्ठीनि
ततिया	अट्ठिना	अट्ठीहि, भि, अट्ठिहि, भि
चतुत्थी	अट्ठिस्स, अट्ठिनो	अट्ठीनं, अट्ठिनं
पञ्चमी	अट्ठिस्मा, म्हा, अट्ठिना	अट्ठीहि, भि, अट्ठिहि, भि
छट्ठी	अट्ठिस्स, अट्ठिनो	अट्ठीनं, अट्ठिनं
सत्तमी	अट्ठिस्मिं, अट्ठिम्हि	अट्ठीसु, अट्ठिसु ।

यो सँग मिल्ने केही शब्दहरू-

सत्थि – शक्ति, तिघ्रा

वारि – पानी

अच्छि – आँखा

अच्चि – आगोको ज्वाला

दधि – दही

अक्खि – आँखा

सप्पि – घ्यू

https://dhamma.digital

नदादिगण (इत्थिलिङ्ग)

नदी – नदी

विभत्ति	एकवचन	बहुवचन
पठमा	नदी	नदी, नदियो, नज्जो
आलपन	भोति नदि	भोतियो नदी, नदियो, नज्जो
दुतिया	नदिं, नदियं	नदी, नदियो, नज्जो
ततिया	नदिया, नज्जा	नदीहि, नदीभि
चतुत्थी	नदिया, नज्जा	नदीनं
पञ्चमी	नदिया, नज्जा	नदीहि, नदीभि
छट्ठी	नदिया, नज्जा	नदीनं
सत्तमी	नदिया, नदियं, नज्जं	नदीसु ।

गाथा

इत्थी नारी कुमारी च, तरुणी ब्राह्मणी सखी ।
मातुलानी सिरी भोती, गच्छन्ती गच्छती गुणवन्ती
गुणवती, गावी, दासी पुथवी पथवी ।

इत्थी, नारी - स्त्री, नारी
कुमारी, तरुणी - कन्या, तरुनी
ब्राह्मणी - ब्राह्मणी (बाहुनी)
सखी - स्त्री साथी, सहेली
मातुलानि - माइजू
सिरी - श्री शोभा
भोती - मालिक्नी
गच्छन्ती, गच्छती - यात्रा गर्ने महिला
गुणवन्ती, गुणवती - गुण भएकी महिला
गावी - गाई
दासी - दासी, नोकरनी
पुथवी, पथवी - पृथ्वी

यी शब्दहरूमा **ज्जो**, **ज्जा**, **ज्जं** बाँकी राखेर **नदी** जस्तै रूप चलाउनु पर्छ ।

https://dhamma.digital

गहपतादिगण (इत्थिलिङ्ग)

गहपतानी – गृहपत्नी

विभत्ति	एकवचन	बहुवचन
पठमा	गहपतानी	गहपतानी, गहपतानियो
आलपन	भोति गहपतानि	भोतियो गहपतानी, गहपतानियो
दुतिया	गहपतानिं, गहपतानियं	गहपतानी, गहपतानियो
ततिया	गहपतानिया	गहपतानीहि, गहपतानीभि
चतुत्थी	गहपतानिया	गहपतानीनं
पञ्चमी	गहपतानिया	गहपतानीहि, गहपतानीभि
छट्ठी	गहपतानिया	गहपतानीनं
सत्तमी	गहपतानिया, गहपतानियं	गहपतानीसु ।

गाथा

भिक्खुनी राजिनी चेव, दण्डिनी च पोक्खरणी ।
यक्खिनी च परचित्त - विदूनी गहपतादयो ॥

भिक्खुनी - भिक्षुणी
राजिनी - रानी
दण्डिनी - दण्ड भएकी नारी
पोक्खरणी - पोखरी
यक्खिनी - यक्षिणी
परचित्तविदूनी - अर्काको मन थाहा पाउन सक्ने महिला
गहपतादयो - गहपतादिगणभित्र पर्ने शब्दहरू हुन् ।

https://dhamma.digital

१३. सब्बनाम गण (Declension of pronoun)

'सब्ब' शब्द (पुल्लिङ्ग)

सब्बो – सबै

विभत्ति	एकवचन	बहुवचन
पठमा	सब्बो	सब्बे
आलपन	भो सब्ब, सब्बा	भोन्तो सब्बे
दुतिया	सब्बं	सब्बे
ततिया	सब्बेन	सब्बेहि, सब्बेभि
चतुत्थी	सब्बस्स	सब्बेसं, सब्बेसानं
पञ्चमी	सब्बस्मा, सब्बम्हा	सब्बेहि, सब्बेभि
छट्ठी	सब्बस्स	सब्बेसं, सब्बेसानं
सत्तमी	सब्बस्मिं, सब्बम्हि	सब्बेसु ।

नपुंसकलिङ्ग

विभत्ति	एकवचन	बहुवचन
पठमा	सब्बं	सब्बानि
आलपन	भो सब्ब, सब्बा	भवन्तानि सब्बानि
दुतिया	सब्बं	सब्बानि
ततिया	सब्बेन	सब्बेहि, सब्बेभि
चतुत्थी	सब्बस्स	सब्बेसं, सब्बेसानं
पञ्चमी	सब्बस्मा, सब्बम्हा	सब्बेहि, सब्बेभि
छट्ठी	सब्बस्स	सब्बेसं, सब्बेसानं
सत्तमी	सब्बस्मिं, सब्बम्हि	सब्बेसु ।

https://dhamma.digital

इत्थिलिङ्ग

विभत्ति	एकवचन	बहुवचन
पठमा	सब्बा	सब्बा, सब्बायो
आलपन	भोति सब्बे	भोतियो सब्बा, सब्बायो
दुतिया	सब्बं	सब्बा, सब्बायो
ततिया	सब्बाय	सब्बाहि, सबाभि
चतुत्थी	सब्बाय, सब्बस्सा	सब्बासं, सब्बासानं
पञ्चमी	सब्बाय	सब्बाहि, सब्बाभि
छट्ठी	सब्बाय, सब्बस्सा	सब्बासं, सब्बासानं
सत्तमी	सब्बायं सब्बस्सं	सब्बासु ।

य - इत्यादि सर्वनामपदमा (आलपन) सम्बोधन छैन । य - शब्द तीन वटै लिङ्गमा सब्ब शब्दसँग मिल्छ ।

व्यक्तिवाची सर्वनाम (Declension of Personal Pronouns)

अलिङ्ग तुम्ह शब्द

तुम्ह – तिमी

विभत्ति	एकवचन	बहुवचन
पठमा	त्वं, तुवं	तुम्हे, वो
दुतिया	तं, तवं, तुवं, त्वं	तुम्हे, तुम्हाकं, वो
ततिया	तया, त्वया, ते	तुम्हेहि, तुम्हेभि, वो
चतुत्थी	तव, तुय्हं, तुम्हं, ते	तुम्हाकं, तुम्हं, वो
पञ्चमी	तया, त्वया	तुम्हेहि, तुम्हेभि
छट्ठी	तव, तुय्हं, तुम्हं, ते	तुम्हाकं, तुम्हं, वो
सत्तमी	तयि, त्वयि	तुम्हेसु ।

https://dhamma.digital

अलिङ्ग अम्ह शब्द

अम्ह – म

विभत्ति	**एकवचन**	**बहुवचन**
पठमा	अहं	मयं, अम्हे, नो
दुतिया	मं, ममं	अम्हे, अम्हाकं, नो
ततिया	मया, मे	अम्हेहि, अम्हेभि, नो
चतुत्थी	मम, मय्हं, अम्हं, ममं, मे	अम्हाकं, अस्माकं, अम्हं, नो
पञ्चमी	मया	अम्हेहि, अम्हेभि
छट्ठी	मम, मय्हं, अम्हं, ममं, मे	अम्हाकं, अस्माकं, अम्हं, नो
सत्तमी	मयि	अम्हेसु, अस्मेसु ।

दर्शक सर्वनाम (Declension of the Demonstrative Pronoun)

'त' शब्द (पुल्लिङ्ग)

सो - ऊ

विभत्ति	**एकवचन**	**बहुवचन**
पठमा	सो	ने, ते
दुतिया	नं, तं	ने, ते
ततिया	नेन, तेन	नेहि, नेभि, तेहि, तेभि
चतुत्थी	नस्स, अस्स, तस्स	नेसं, नेसानं, तेसं, तेसानं
पञ्चमी	नस्मा, अस्मा, तस्मा, नम्हा, तम्हा	नेहि, नेभि, तेहि, तेभि
छट्ठी	नस्स, अस्स, तस्स	नेसं, नेसानं, तेसं, तेसानं
सत्तमी	नस्मिं, अस्मिं, तस्मिं, नम्हि, तम्हि	नेसु, तेसु ।

https://dhamma.digital

नपुंसकलिङ्ग

विभत्ति	एकवचन	बहुवचन
पठमा	नं, तं	नानि, तानि
दुतिया	नं, तं	नानि, तानि
ततिया	नेन, तेन	नेहि, नेभि, तेहि, तेभि
चतुत्थी	नस्स, अस्स, तस्स	नेसं, नेसानं, तेसं, तेसानं
पञ्चमी	नस्मा, अस्मा, तस्मा, नम्हा तम्हा	नेहि, नेभि, तेहि, तेभि
छट्ठी	नस्स, अस्स, तस्स	नेसं, नेसानं, तेसं, तेसानं
सत्तमी	नस्मिं, अस्मिं, तस्मिं, नम्हि, तम्हि	नेसु, तेसु ।

इत्थिलिङ्ग

विभत्ति	एकवचन	बहुवचन
पठमा	सा	ना, नायो, ता, तायो
दुतिया	नं, तं	ना, नायो, ता, तायो
ततिया	नाय, ताय	नाहि, नाभि, ताहि, ताभि
चतुत्थी	तिस्सा, तस्सा, नस्सा, अस्सा तिस्साय, तस्साय, नस्साय, अस्साय, नाय, ताय	नासं, नासानं, तासं, तासानं
पञ्चमी	नाय, ताय	नाहि, नाभि, ताहि, ताभि
छट्ठी	तिस्सा, तस्सा, नस्सा, अस्सा तिस्साय, तस्साय नस्साय अस्साय, नाय, ताय	नासं, नासानं तासं, तासानं
सत्तमी	तिस्सं, तस्सं, नस्सं, अस्सं नायं, तायं	नासु, तासु

https://dhamma.digital

एत शब्द (पुल्लिङ्ग)

एसो- त्यो

विभत्ति	**एकवचन**	**बहुवचन**
पठमा	एसो	एते
दुतिया	एतं	एते
ततिया	एतेन	एतेहि, एतेभि
चतुत्थी	एतस्स	एतेसं, एतेसानं
पञ्चमी	एतस्मा, एतम्हा	एतेहि, एतेभि
छट्ठी	एतस्स	एतेसं, एतेसानं
सत्तमी	एतस्मिं, एतम्हि	एतेसु ।

नपुंसकलिङ्ग

विभत्ति	**एकवचन**	**बहुवचन**
पठमा	एतं	एतानि
दुतिया	एतं	एतानि
ततिया	एतेन	एतेहि, एतेभि
चतुत्थी	एतस्स	एतेसं, एतेसानं
पञ्चमी	एतस्मा, एतम्हा	एतेहि, एतेभि
छट्ठी	एतस्स	एतेसं, एतेसानं
सत्तमी	एतस्मिं, एतम्हि	एतेसु ।

https://dhamma.digital

इत्थिलिङ्ग

विभत्ति	**एकवचन**	**बहुवचन**
पठमा	एसा	एता, एतायो
दुतिया	एतं	एता, एतायो
ततिया	एताय	एताहि, एताभि
चतुत्थी	एताय, एतिस्सा, एतिस्साय	एतासं, एतासानं
पञ्चमी	एताय	एताहि, एताभि
छट्ठी	एताय, एतिस्सा, एतिस्साय	एतासं, एतासानं
सत्तमी	एतायं, एतिस्सं	एतासु ।

इम शब्द (पुल्लिङ्ग)

अयं – यो

विभत्ति	**एकवचन**	**बहुवचन**
पठमा	अयं	इमे
दुतिया	इमं	इमे
ततिया	अनेन, इमिना	इमेहि, भि, एहि, एभि
चतुत्थी	इमस्स, अस्स	इमेसं, इमेसानं, एसं, एसानं
पञ्चमी	इमस्मा, म्हा, अस्मा	इमेहि, भि, एहि, एभि
छट्ठी	इमस्स, अस्स	इमेसं, इमेसानं, एसं, एसानं
सत्तमी	इमस्मिं, इमम्हि, अस्मिं	इमेसु, एसु ।

https://dhamma.digital

नपुंसकलिङ्ग

विभत्ति	एकवचन	बहुवचन
पठमा	इदं, इमं	इमानि
दुतिया	इदं, इमं	इमानि
ततिया	अनेन, इमिना	इमेहि, भि, एहि, भि
चतुत्थी	इमस्स, अस्स	इमेसं, इमेसानं, एसं, एसानं
पञ्चमी	इमस्मा, म्हा, अस्मा	इमेहि, भि, एहि, एभि
छट्ठी	इमस्स, अस्स	इमेसं, इमेसानं, एसं, एसानं
सत्तमी	इमस्मिं, इमम्हि, अस्मिं	इमेसु, एसु ।

इत्थिलिङ्ग

विभत्ति	एकवचन	बहुवचन
पठमा	अयं	इमा, इमायो
दुतिया	इमं	इमा, इमायो
ततिया	इमाय	इमाहि, इमाभि
चतुत्थी	इमाय, अस्सा, अस्साय इमिस्सा, इमिस्साय	इमासं, इमासानं
पञ्चमी	इमाय	इमाहि, इमाभि
छट्ठी	इमाय, अस्सा, अस्साय, इमिस्सा, इमिस्साय	इमासं, इमासानं
सत्तमी	इमायं, अस्सं, इमिस्सं	इमासु ।

https://dhamma.digital

प्रश्नवाचक सर्वनाम

(Declension of Interrogative Pronoun)

किं शब्द (पुल्लिङ्ग)

को – को

विभत्ति	**एकवचन**	**बहुवचन**
पठमा	को	के
दुतिया	कं	के
ततिया	केन	केहि, केभि
चतुत्थी	कस्स, किस्स	केसं, केसानं
पञ्चमी	कस्मा, कम्हा	केहि, केभि
छट्ठी	कस्स, किस्स	केसं, केसानं
सत्तमी	कस्मिं, किस्मिं, कम्हि, किम्हि	केसु ।

नपुंसकलिङ्ग

विभत्ति	**एकवचन**	**बहुवचन**
पठमा	किं	कानि
दुतिया	किं	कानि
ततिया	केन	केहि, केभि
चतुत्थी	कस्स, किस्स	केसं, केसानं
पञ्चमी	कस्मा, कम्हा	केहि, केभि
छट्ठी	कस्स, किस्स	केसं, केसानं
सत्तमी	कस्मिं, किस्मिं, कम्हि, किम्हि	केसु ।

https://dhamma.digital

इत्थिलिङ्ग

विभत्ति	एकवचन	बहुवचन
पठमा	का	का, कायो
दुतिया	कं	का, कायो
ततिया	काय	काहि, काभि
चतुत्थी	काय, कस्सा	कासं, कासानं
पञ्चमी	काय	काहि, काभि
छट्ठी	काय, कस्सा	कासं, कासानं
सत्तमी	कायं, कस्सं	कासु ।

संख्या

(Declension of Numerals)

“**एक** - एक जना” यो पदलाई **'सब्ब'** जस्तै एकवचन मात्र रूप चलाउनु पर्छ। “**उभो -** दुई जना” यो उभ शब्द बहुवचन मात्र हुन्छ।

उभो - दुई जना (तिल्लिङ्ग)

विभत्ति	बहुवचन
पठमा	उभो, उभे
दुतिया	उभो, उभे
ततिया	उभोहि, उभोभि, उभेहि, उभेभि
चतुट्ठी	उभिन्नं
पञ्चमी	उभोहि, उभोभि, उभेहि, उभेभि
छट्ठी	उभिन्नं
सत्तमी	उभोसु ।

“द्वि - दुई जना, दुई वटा” इत्यादि संख्याहरू बहुवचन मात्र हुन्छ। द्वि शब्द तीनै लिङ्गमा एउटै हुन्छ।

https://dhamma.digital

द्वे - दुईजना (तिल्लिङ्ग)

विभत्ति	**बहुवचन**
पठमा	द्वे, दुवे
दुतिया	द्वे, दुवे
ततिया	द्वीहि, द्वीभि, द्विहि, द्विभि
चतुत्थी	द्विन्नं, दुविन्नं
पञ्चमी	द्वीहि, द्वीभि, द्विहि, द्विभि
छट्ठी	द्विन्नं, दुविन्नं
सत्तमी	द्वीसु, द्विसु ।

तयो - तीन जना / तीन वटा

विभत्ति	**पुल्लिङ्ग**	**नपुंसकलिङ्ग**	**इत्थिलिङ्ग**
पठमा	तयो	तीणि	तिस्सो
दुतिया	तयो	तीणि	तिस्सो
ततिया	तीहि, तीभि, तिहि, तिभि	तीहि......	तीहि., तीभि....
चतुत्थी	तिण्णं, तिण्णन्नं	(बाँकी पुल्लिङ्ग जस्तै)	तिस्सन्नं
पञ्चमी	तीहि, तीभि, तिहि, तिभि		तीहि, तिभि....
छट्ठी	तिण्णं, तिण्णन्नं		तिस्सन्नं
सत्तमी	तीसु, तिसु		तीसु, तिसु

https://dhamma.digital

चत्तारो - चार जना / चार वटा

विभत्ति	**पुल्लिङ्ग**	**नपुंसकलिङ्ग**	**स्त्रीलिङ्ग**
पठमा	चत्तारो	चत्तारि	चतस्सो
दुतिया	चत्तारो	चत्तारि	चतस्सो
ततिया	चतूहि, भि, चतुहि, भि, चतुब्भि	चतूहि........	चतूहि........
चतुत्थी	चतुन्नं	(बाँकी पुल्लिङ्ग जस्तै)	चतस्सन्नं
पञ्चमी	चतूहि, भि, चतुहि, भि, चतुब्भि		चतूहि, ...
छट्ठी	चतुन्नं		चतस्सन्नं
सत्तमी	चतूसु, चतुसु		चतूसु, चतुसु

पञ्च - पाँच (तीनै वटा लिङ्ग समान)

विभत्ति	
पठमा	पञ्च
दुतिया	पञ्च
ततिया	पञ्चहि, पञ्चभि
चतुत्थी	पञ्चन्नं
पञ्चमी	पञ्चहि, पञ्चभि
छट्ठी	पञ्चन्नं
सत्तमी	पञ्चसु

छ, सत्त, अट्ठ, नव, दस, एकादसदेखि **अट्ठारस**सम्म 'पञ्च' जस्तै हुन् ।

https://dhamma.digital

आख्यातविभत्ति क्रियारूप (Conjugation of Verb)

भूवादिगण

वत्तमानविभत्ति

'भू' धातु - हुने क्रिया

विभत्ति	**एकवचन**	**बहुवचन**	**विभत्ति**
ति	भवति	भवन्ति	अन्ति
सि	भवसि	भवथ	थ
मि	भवामि	भवाम	म
ते	भवते	भवन्ते	अन्ते
से	भवसे	भवव्हे	व्हे
ए	भवे	भवाम्हे	म्हे

पञ्चमीविभत्ति

विभत्ति	**एकवचन**	**बहुवचन**	**विभत्ति**
तु	भवतु	भवन्तु	अन्तु
हि	भवाहि, भव	भवथ	थ
मि	भवामि	भवाम	म
तं	भवतं	भवन्तं	अन्तं
स्सु	भवस्सु	भवव्हो	व्हो
ए	भवे	भवामसे	आमसे

https://dhamma.digital

सत्तमीविभत्ति

विभत्ति	एकवचन	बहुवचन	विभत्ति
एय्य	भवेय्य, भवे	भवेय्युं	एय्युं
एय्यासि	भवेय्यासि, भवे	भवेय्याथ	एय्याथ
एय्यामि	भवेय्यामि, भवे	भवय्याम	एय्याम
एथ	भवेथ	भवेरं	एरं
एथो	भवेथो	भवेय्याव्हो	एय्याव्हो
एय्यं	भवय्यं, भवे	भवेय्याम्हे	एय्याम्हे

परोक्खाविभत्ति

विभत्ति	एकवचन	बहुवचन	विभत्ति
अ	बभूव	बभूवु	उ
ए	बभूवे	बभूवित्थ	त्थ
अं	बभूवं	बभूविम्ह	म्ह
त्थ	बभूवित्थ	बभूविरे	रे
त्थो	बभूविथो	बभूविव्हो	व्हो
इं	बभूविं	बभूविम्हे	म्हे

हिय्यत्तनीविभत्ति

आ	अभवा, भवा, अभव, भव
ऊ	अभवू, भवू, अभवु, भवु
ओ	अभवो, भवो, अभव, भव, अभवि, भवि
त्थ	अभवत्थ, भवत्थ, अभवथ, भवथ
अ	अभव, भव
म्हा	अभवम्हा, भवम्हा, अभवम्ह, भवम्ह
त्थ	अभवत्थ, भवत्थ

https://dhamma.digital

त्थुं	अभवत्थुं, भवत्थुं
से	अभवसे, भवसे
व्हं	अभवव्हं, भवव्हं
इं	अववि, भविं
म्हसे	अभवम्हसे, भवम्हसे ।

अज्जतनीविभत्ति

ई	अभवी, भवी, अभवि, भवि
उं	अभवुं, भवुं, अभविंसु, भविंसु
ओ	अभवो, भवो, अभवि, भवि
त्थ	अभवित्थ, भवित्थ
इं	अभविं, भविं
म्हा	अभविम्हा, भविम्हा, अभविम्ह, भविम्ह, अभवुम्हा, भवुम्हा, अभवुम्ह, भवुम्ह
आ	अभवा, भवा, अभवित्थ, भवित्थ
ऊ	अभवू, भवू, अभवु, भवु
से	अभविसे, भविसे
व्हं	अभविव्हं, भविव्हं
अ	अभव, भव, अभवं, भवं
म्हे	अभविम्हे, भविम्हे

भविस्सन्तीविभत्ति

स्सति	भविस्सति
स्सन्ति	भविस्सन्ति, भविस्सरे
स्ससि	भविस्ससि
स्सथ	भविस्सथ
स्सामि	भविस्सामि

https://dhamma.digital

स्साम	भविस्साम
स्सते	भविस्सते
स्सन्ते	भविस्सन्ते, भविस्सरे
स्ससे	भविस्ससे
स्सव्हे	भविस्सव्हे
स्सं	भविस्सं
स्साम्हे	भविस्साम्हे ।

कालातिपत्तिविभत्ति

स्सा	अभविस्सा, भविस्सा, अभविस्स, भविस्स
स्संसु	अभविस्संसु, भविस्संसु
स्से	अभविस्से, भविस्से, अभविस्स, भविस्स
स्सथ	अभविस्सथ, भविस्सथ
स्सं	अभविस्सं, भविस्सं
स्साम्हा	अभविस्साम्हा, भविस्साम्हा, अभविस्साम्ह, भविस्साम्ह
स्सथ	अभविस्सथ, भविस्सथ
स्सिंसु	अभविस्सिंसु, भविस्सिंसु
स्ससे	अभविस्ससे, भविस्ससे
स्सव्हे	अभविस्सव्हे, भविस्सव्हे
स्सिं	अभविस्सिं, भविस्सिं
स्साम्हसे	अभविस्साम्हसे, भविस्साम्हसे ।

https://dhamma.digital

सन्धि संक्षिप्त (Euphonic Combination)

१. ‘अ’ बाट सुरु भएर अं अन्त भएका एकचालीस वटा वर्णलाई अक्षर (**अक्खर**) भनिन्छ ।

अ	आ,	इ	ई,	उ	ऊ,	ए	ओ
क	ख	ग	घ	ङ			
च	छ	ज	झ	ञ			
ट	ठ	ड	ढ	ण			
त	थ	द	ध	न			
प	फ	ब	भ	म			
य	र	ल	व	स	ह	**ळ**	अं

२. अ आ इ ई उ ऊ ए ओ – यी आठ वटा अक्षरलाई **सर** (स्वर) भनिन्छ ।

३. अ इ उ स्वरहरू उच्चारण गर्दा छोटो समय लाग्ने हुनाले **रस्स** (ह्रस्व) भनिन्छ ।

४. आ ई ऊ ए ओ यी पाँच वटा उच्चारण गर्दा लामो समय लाग्ने हुनाले **दीघ** भनिन्छ् ।

५. ‘क’ बाट सुरु भएर ‘अं’ सम्मका ३३ वटा अक्षरलाई **ब्यञ्जन** भनिन्छ ।

६. ‘क’ बाट सुरु भएर ‘म’ सम्मका २५ वटा व्यञ्जनलाई वग्ग (वर्ग) भनिन्छ ।

७. ‘क’ वर्ग, ‘च’ वर्ग, ‘ट’ वर्ग, ‘त’ वर्ग र ‘प’ वर्ग गरी पाँच वटा वर्ग छन् । एउटा एउटा वर्गमा पाँच पाँच वटा व्यञ्जनहरू छन् ।

८. ‘अं’ मा भएको बिन्दुलाई **निग्गहीत** भनिन्छ ।

https://dhamma.digital

स्वरसन्धि

१. अघिल्लो शब्दको अन्त्यमा र पछिल्लो शब्दको सुरुमा स्वर भएमा अगाडिको स्वर लोप हुन्छ ।

पदसन्धि	**पदच्छेद**
लोकग्गपुग्गलो	लोक + अग्गपुग्गलो
तीणिमानि	तीणि + इमानि
नोहेतं	नोहि + एतं
मातुपट्ठानं	मातु + उपट्ठानं
समेतायस्मा	समेतु + आयस्मा
सब्बेव	सब्बे + एव
तयस्सु	तयो + अस्सु
असन्तेत्थ	असन्तो + एतथ
यस्सिन्द्रियानि	यस्स + इन्द्रियानि

लोकको 'क' मा 'अ' स्वर + 'अग्ग' मा 'अ' स्वर छ । यसरी अगाडि पछाडि स्वर भएकोमा अगाडिको स्वरलाई लोप गर्नुहोस् ।

लोकग्गपुग्गलोलाई **"लोक+अग्गपुग्गलो"** भनी पदच्छेद गर्नुहोस् । अगाडिको 'क' मा 'अ' स्वरलाई लोप गर्नुहोस् । 'क' व्यञ्जनलाई पछाडिको 'अ' स्वरसँग जोड्नुहोस् । **लोकग्गपुग्गलो** सिद्ध हुन्छ ।

सब्बेवलाई **"सब्बे+एव"** भनी पदच्छेद गर्नुहोस् । अगाडिको 'ब्बे' मा 'ए' स्वरलाई लोप गर्नुहोस् । 'ब्ब्' व्यञ्जनलाई पछाडिको 'ए' स्वरसँग जोड्नुहोस् । **सब्बेव** सिद्ध हुन्छ ।

https://dhamma.digital

२. कहिलेकाहीँ अस्वरूप भएमा (स्वरूप नमिलेकोमा) पछाडिको स्वर लोप हन्छ ।

पदसन्धि	**पदच्छेद**
यस्सदानि	यस्स + इदानि
सञ्ञाति	सञ्ञा + इति
छायाव	छाया + इव
कथाव	कथा + एव
इतिपि	इति + अपि
अस्समणीसि	अस्समणी + असि
चक्खुन्द्रियं	चक्खु + इन्द्रियं
अकतञ्ञूसि	अकतञ्ञू + असि
वन्देहं	वन्दे + अहं
सोहं	सो + अहं
चत्तारोमे	चत्तारो + इमे
पातोव	पातो + एव

Dhamma.Digital

अगाडि पदको अन्त स्वर र पछाडि पदको सुरु स्वर (**यस्स + इदानि** मा 'अ' र 'इ' जस्तै) परस्पर स्वरूप मिलेन भने कहिलेकाहीँ पछाडिको स्वरलाई पनि लोप गर्नु पर्छ । **यस्सदानि**लाई "यस्स + इदानि" भनेर पदच्छेद गर्नुहोस् । पछाडिको 'इ' स्वरलाई लोप गनुहोस् । **यस्सदानि** सिद्ध हुन्छ ।

https://dhamma.digital

३. अगाडिको स्वर लोप भएपछि कहिलेकाहीँ पछाडिको ‘इ’ वर्ण र ‘उ’ वर्ण क्रमशः ‘ए’ र ‘ओ’ मा परिणत हुन्छ ।

पदसन्धि	**पदच्छेद**
बन्धुस्सेव	बन्धुस्स + इव
उपेक्खति	उप + इक्खति
उपेतो	उप + इतो
अवेच्च	अव + इच्च
जिनेरितं	जिन + ईरितं
नोपेति	न + उपेति
एकोनसतं	एक + ऊनसतं
वामोरू	वाम + ऊरू
वोदकं	वि + उदकं
अतेव	अति + इव

अगाडिको स्वर लोप गरिसकेपछि कहिलेकाहीँ पछाडिको ‘इ’ वर्ण ‘ए’ मा परिणत हुन्छ ।

‘उ’ वर्ण ‘ओ’ मा परिणत हुन्छ । ‘इ’ र ‘ई’ लाई ‘इ’ वर्ण, ‘उ’ र ‘ऊ’ लाई ‘उ’ वर्ण भनिन्छ ।

‘**बन्धुस्सेव’** लाई “बन्धुस्स + इव” भनी पदच्छेद गर्नुहोस् । ‘स्स’ मा ‘अ’ स्वरलाई लोप गर्नुहोस् । पछाडिको ‘इ’ लाई ‘ए’ गर्नुहोस् । ‘स्स्’ व्यञ्जनलाई ‘ए’ सँग जोड्नुहोस् । **बन्धुस्सेव** हुन्छ । नोपेतिलाई “न + उपेति” भनी पदच्छेद गर्नुहोस् । ‘न’ मा भएको ‘अ’ स्वरलाई लोप गर्नुहोस् । पछाडिको ‘उ’ लाई ‘ओ’ गर्नुहोस् । ‘न्’ व्यञ्जनलाई ‘ओ’ सँग जोड्नुहोस् । **नोपेति** सिद्ध हुन्छ ।

https://dhamma.digital

४. अगाडिको स्वर लोप भएपछि पछाडिको ह्रस्व स्वर कहिलेकाहीँ दीर्घ हुन्छ ।

पदसन्धि	**पदच्छेद**
बुद्धानुस्सति	बुद्ध + अनुस्सति
सात्थिका	स + अत्थिका
पञ्ञावास्स	पञ्ञावा + अस्स
यानीधभूतानि	यानि + इधभूतानि
अतीतो	अति + इतो
बहूपकारं	बहु + उपकारं
योपायं	योपि + अयं
सचायं	सचे + अयं
अप्पस्सुतायं	अप्पस्सुतो + अयं
सद्धीध	सद्धा + इध
तथूपमं	तथा + उपमं
चूभयं	च + उभयं

बुद्धानुस्सतिलाई "बुद्ध + अनुस्सति" भनी पदच्छेद गर्नुहोस् । अगाडि 'द्ध' को 'अ' स्वरलाई लोप गर्नुहोस् । पछाडिको 'अ' लाई 'आ' दीर्घ गर्नुहोस् । 'द्ध्' व्यञ्जनलाई पछाडिको 'आ' स्वरसँग जोड्नुहोस् । **बुद्धानुस्सति** हुन्छ । यसरी अ स्वरलाई आ, इ लाई ई र उ लाई दीर्घ ऊ गर्नुहोस् ।

५. पछाडिको स्वर लोप भएपछि अगाडिको स्वर कहिलेकाहीँ दीर्घ हुन्छ ।

https://dhamma.digital

पदसन्धि	पदच्छेद
लोकस्साति	लोकस्स + इति
वीतिपतन्ति	वि + अतिपतन्ति
वीतिनामेन्ति	वि + अतिनामेन्ति
संघाटीपि	संघाटि + अपि
किंसूध	किंसु + इध
विज्जूव	विज्जु + इव
साधूति	साधु + इति
देवाति	देव + इति
जीवितहेतूपि	जीवितहेतु + अपि
विञ्ञूहीति	विञ्ञूहि + इति

लोकस्सातिलाई "लोकस्स + इति" भनी पदच्छेद गर्नुहोस् । पच्छाडि 'इ' स्वरलाई लोप गर्नुहोस् । अगाडि 'स्स' मा 'अ' लाई 'आ' दीर्घ गर्नुहोस् । **लोकस्साति** सिद्ध हुन्छ ।

६. पच्छाडिको पदमा जोड्नको लागि स्वर भएमा **मे, ते, ये, के, पब्बते** मा भएको 'ए' लाई कहिलेकाहीँ 'य' बनाउनु पर्छ ।

पदसन्धि	पदच्छेद
म्यायं	मे + अयं
त्यास्स	ते + अस्स
य्यास्स	ये + अस्स
त्याहं	ते + अहं
पब्बत्याहं	पब्बते + अहं ।
क्यस्स	के + अस्स

https://dhamma.digital

पछाडि पदमा जोड्ने स्वर छ भने मे इत्यादिको 'ए' लाई (य्) गर्नुहोस् । **म्यायं** लाई "मे + अयं" भनी पदच्छेद गर्नुहोस् । 'मे' को 'ए' लाई 'य्' बनाउनु होस् । अयं मा 'अ' स्वरलाई पनि 'आ' दीर्घ गर्नुहोस् । 'य्' लाई 'आ' स्वरसँग जोड्नुहोस् । 'म्' लाई 'या' सँग जोड्नुहोस् । **म्यायं** सिद्ध हुन्छ ।

७. पछाडि जोड्नको लागि स्वर भएमा क, ख, य, स, त इत्यादिको 'ओ' र 'उ' स्वरहरूलाई 'व्' बनाउनु पर्छ ।

पदसन्धि	**पदच्छेद**
यावतक्वस्स	यावतको + अस्स
क्वत्थो	को + अत्थो
अथख्वस्स	अथखो + अस्स
य्वाहं	यो + अहं
स्वस्स	सो + अस्स
अन्वद्धमासं	अनु + अद्धमासं
स्वागतं	सु + आगतं
चक्ख्वापातं	चक्खु + आपातं
बह्वाबाधो	बहु + आबाधो
नत्वेव	नतु + एव
वत्थ्वेत्थ	वत्थु + एत्थ
स्वस्स	सो + अस्स

यावतक्वस्स "यावतको + अस्स" भनी पदच्छेद गर्नुहोस् । अगाडिको 'को' को 'ओ' लाई 'व्' बनाउनु होस् । 'व्' लाई 'अ' सँग जोड्नुहोस् । 'क' लाई पनि 'व' सँग जोड्नुहोस्, **यावतक्वस्स** सिद्ध

https://dhamma.digital

हुन्छ । **अन्वद्धमासं**लाई "अनु + अद्धमासं" भनी पदच्छेद गर्नुहोस् । अगाडि 'नु' को 'उ' लाई 'व्' बनाउनु होस् । 'व्' लाई 'अ' सँग जोड्नुहोस्, 'न्' लाई पनि 'व' सँग जोड्नुहोस् । **अन्वद्धमासं** सिद्ध हुन्छ ।

८. पछाडिको पदमा स्वर भएमा **अति, पति, इति** शब्दहरूको **'ति'**लाई **'च'** बनाउनु पर्छ ।

पदसन्धि	**पदच्छेद**
अच्चन्तं	अति + अन्तं
अच्चोदाता	अति + ओदाता
पच्चयो	पति + अयो
पच्चाहरति	पति + आहरति
पच्चेति	पति + एति
इच्चेतं	इति + एतं
इच्चस्स	इति + अस्स
इच्चादि	इति + आदि
पच्चुत्तरित्वा	पति + उत्तरित्वा

अच्चन्तं लाई "अति + अन्तं" भनी पदच्छेद गर्नुहोस् । 'ति'लाई 'च' बनाउनु होस् । 'च्' लाई 'अ' सँग जोड्नुहोस्, 'च' द्वेभाव गर्नुहोस् । **अच्चन्तं** सिद्ध हुन्छ ।

९. **इध** पछाडिमा **अहं** जस्तै स्वर भएमा **इध** शब्दको 'ध' मात्र 'द' बन्छ ।

एकमिदाहं   एकं + इध + अहं

https://dhamma.digital

एकमिदाहं लाई **"एकं + इध + अहं"** भनी पदच्छेद गर्नुहोस् । 'ध' लाई 'द' गर्नुहोस्। 'क' मा निग्गहितलाई 'म्' गर्नुहोस्, पछाडी 'इ' सँग जोड्नुहोस् । अहं मा 'अ' लाई 'आ' दीर्घ गनुहोस्, 'द' को 'अ' लाई लोप गरेर 'द' लाई पछाडि 'आ' स्वरसँग जोड्नुहोस् । **एकमिदाहं** सिद्ध हुन्छ ।

१०. पछिल्लो शब्दको सुरुमा स्वर भएमा अगाडिको 'इ' वर्णलाई कहिलेकाहीँ 'य' बनाउनु पर्छ ।

पदसन्धि	**पदच्छेद**
वुत्यस्स	वुत्ति + अस्स
वित्यानुभूयते	वित्ति + अनुभूयते
ब्याकतो	वि + आकतो
ब्याकासि	वि + अकासि
नद्यासन्नो	नदी + आसन्नो
दास्याहं	दासी + अहं
ब्यञ्जनं	वि + अञ्जनं

वुत्यस्स लाई "वुत्ति + अस्स" भनी पदच्छेद गर्नुहोस् । 'त्ति' को 'इ' लाई 'य्' बनाउनु होस् । 'य्' लाई 'अ' सँग जोड्नुहोस् । 'त्त' लाई 'य' सँग जोड्नुहोस् । 'त' एउटालाई लोप गर्नुहोस् । **वुत्यस्स** सिद्ध हुन्छ ।

वि + आकतो इत्यादिमा 'इ' लाई 'य' बनाइ सकेपछि 'व' लाई 'ब' गर्नुहोस् । नदीमा 'ई' लाई 'य्' बनाउनु होस् । दासीमा 'ई' लाई 'य्' बनाउनु होस् । पछाडि अहं मा 'अ' स्वरलाई 'आ' दीर्घ गर्नुहोस् ।

https://dhamma.digital

ब्यञ्जनसन्धि

११. पछाडि स्वर नभए तापनि ध लाई ह, त लाई पनि ट, क लाई ख र प लाई फ, व लाई ब बनाउनु पर्छ।

पदसन्धि	**पदच्छेद**
साहुदस्सनं	साधु + दस्सनं
दुक्कटं	दु + कतं
निक्खमति	नि + कमति
निप्फत्ति	नि + पत्ति
निब्बानं	नि + वानं
निच्छयो	नि + चयो
सुगतो	सु + गदो

साहुदस्सनं लाई 'साधु + दस्सनं' भनी पदच्छेद गर्नुहोस्। 'ध' लाई 'ह' बनाउनुहोस्। **साहुदस्सनं** हुन्छ।

दुक्कटं लाई दु + कतं' भनी पदच्छेद गरेर 'त' लाई 'ट' बनाउनुहोस्। 'क' द्वेभाव आउँछ। **दुक्कटं** हुन्छ।

निक्खमतिलाई 'नि + कमति' पदच्छेद गरेर 'क' लाई 'ख' बनाउनुहोस्। 'क्' एउटा आउँछ। **निक्खमति** हुन्छ।

निप्फत्तिलाई 'नि + पत्ति' पदच्छेद गरेर 'प' लाई 'फ' बनाउनुहोस्। 'प्' एउटा आउँछ। **निप्फत्ति** हुन्छ।

निब्बानं लाई 'नि + वानं' पदच्छेद गरे पछि 'व' द्वेभाव आउँछ, 'व' दुइटालाई 'ब' बनाउनुहोस्। **निब्बानं** हुन्छ।

https://dhamma.digital

निच्छयो लाई 'नि + चयो' पदच्छेद गरेर 'च' लाई 'छ' बनाउनुहोस् । 'च' एउटा आउँछ । **निच्छयो** हुन्छ ।

सुगतोलाई 'सु + गदो' पदच्छेद गरेर 'द' लाई 'त' बनाउनुहोस् । **सुगतो** हुन्छ ।

१२. गाथा रचनामा छन्द मिलाउन सरलरूपले पढ्नको लागि अगाडि पदमा भएको ह्रस्वलाई दीर्घ गर्न सकिन्छ, दीर्घलाई पनि ह्रस्व बनाउन सकिन्छ ।

मुनीचरे	मुनि + चरे
खन्तीपरमं	खन्ति + परमं
सूरक्खं	सु + रक्खं
भोवादिनाम	भोवादी + नाम

मुनीचरे लाई "मुनि + चरे" भनी पदच्छेद गर्नुहोस् । 'नि' को 'इ' लाई 'ई' दीर्घ गर्नुहोस् । **मुनीचरे** हुन्छ । भोवादी + नाम मा 'दी' को 'ई' लाई 'इ' ह्रस्व गर्नुहोस्, **भोवादिनाम** हुन्छ ।

१३. सो र एसोहरूको अन्त 'ओ' लाई लोप गरेपछि यो लोप भएको ठाउँमा 'अ' आउँछ ।

ससीलवा	सो + सीलवा
एसधम्मो	एसो + धम्मो
एसअत्थो	एसो + अत्थो
सपञ्ञवा	सो + पञ्ञवा
सवे	सो + वे

https://dhamma.digital

सो र एसोहरूको अन्त 'ओ' लाई लोप गरेपछि लोप भएको ठाउँमा 'अ' आउँछ । **ससीलवा**लाई "सो + सीलवा" भनी पदच्छेद गर्नुहोस् । 'सो' को 'ओ' लाई लोप गर्नुहोस् । लोप भएको ठाउँमा 'अ' आउँछ । **ससीलवा** सिद्ध हुन्छ ।

१४. ह्रस्व तीन वटाको पछाडि, आ दीर्घको पछाडि रहेको अक्षर एउटालाई दुइटा बनाउन द्वेभाव गर्नु पर्छ ।

१५. यसरी द्वेभाव बनाइएको शब्दमा द्वितीय (ख, छ, ठ, थ, फ) अक्षर भएमा उही वर्गको प्रथम (क, च, ट, त, प) अक्षरको द्वेभाव हुन्छ । चतुर्थ (घ, झ, ढ, ध, भ) अक्षर भएमा तृतीय (ग, ज, ढ, द, ब) अक्षरहरूको द्वेभाव हुन्छ ।

१६. बाँकी अक्षरहरू भएमा सम्बन्धित अक्षरसँग मिल्ने गरी द्वेभाव हुन्छ । उपमा - 'क' छ भने 'क' द्वेभाव, 'ग' छ भने 'ग' द्वेभाव हुन्छ ।

इधप्पमादो	इध + पमादो
पक्कमो	प + कमो
विप्पयुत्तो	वि + पयुत्तो
सुप्पटिपन्नो	सु + पटिपन्नो
अक्कमो	आ + कमो
रूपक्खन्धो	रूप + खन्धो
निच्छयो	नि + चयो
चज्झानप्फलो	च + झानप्फलो
यत्रट्ठितं	यत्र + ठितं
यसत्थेरो	यस + थेरो

https://dhamma.digital

निद्धनो	नि + धनो
झानप्फलो	झान + फलो
निब्भयं	नि + भयं
अक्खातो	आ + खातो

इधप्पमादोलाई "इध + पमादो" भनी पदच्छेद गर्नुहोस् । 'प'को द्वेभाव हुन्छ । **इधप्पमादो** सिद्ध हुन्छ । आ + कमो मा 'क'को द्वेभाव हुन्छ । **'आ'** लाई **'अ'** ह्रस्व गनुहोस् **। अक्कमो** सिद्ध हुन्छ । रूप + खन्धोमा ' क'को द्वेभाव हुन्छ । **रूपक्खन्धो** सिद्ध हुन्छ ।

निग्गहीतसन्धि

१७. पछाडि वर्ग अक्षर भएमा अगाडिको निग्गहीतलाई सम्बन्धित वर्गको अन्त भएको वग्गन्त बनाउनु पर्छ ।

पदसन्धि	**पदच्छेद**
एवङ्खो	एवं + खो
तङ्कारुणिकं	तं + कारुणिकं
धम्मञ्चरे	धम्मं + चरे
तण्ठानं	तं + ठानं
तन्निच्चुतं	तं + निच्चुतं
चिरप्पवासिं	चिरं + पवासिं

वर्गको अन्त भएका "ङ, ञ, ण, न, म" पाँच वटालाई **वग्गन्त** भनिन्छ । ए**वङ्खो**लाई "एवं + खो" भनी पदच्छेद गर्नुहोस् । 'वं' को निग्गहितलाई 'ङ्' गर्नुहोस् । 'ङ्' व्यञ्जनलाई पछिल्लो खोसँग जोड्नुहोस् । **एवङ्खो** सिद्ध हुन्छ । **चिरप्पवासिं** लाई

https://dhamma.digital

'चिरं + पवासिं' पदच्छेद गरेर 'रं' को निग्गहितलाई 'प' वग्गन्त (म्) गर्नुहोस् । 'म्' व्यञ्जनलाई पछिल्लो 'म' सँग जोड्नुहोस् । फेरि 'म' लाई 'प' गर्नुहोस् । **चिरप्पवासिं** सिद्ध हुन्छ ।

१८. पछाडि एव अथवा हि निपात भएमा अगाडिको **निग्गहीत**लाई 'ञ' बनाउनु पर्छ ।

पच्चत्तञ्ञेव	पच्चत्तं + एव
तञ्ञेव	तं + एव
तञ्हि	तं + हि
एवञ्हि	एवं + हि

पच्चत्तञ्ञेव लाई "पच्चत्तं + एव" भनी पदच्छेद गर्नुहोस् । 'त्तं' को निग्गहितलाई 'ञ्' गर्नुहोस् । 'ञ्' व्यञ्जनलाई पछाडिको 'ए' सँग जोड्नुहोस्, 'ञ' दुइटा आउँछ । **पच्चत्तञ्ञेव** सिद्ध हुन्छ । **तञ्हि**लाई "तं + हि" पदच्छेद गरेर निग्गहितलाई 'ञ्' गर्नुहोस् । 'ञ्' व्यञ्जनलाई 'हि' सँग जोड्नुहोस् । **तञ्हि** सिद्ध हुन्छ ।

Dhamma.Digital

१९. 'सं' मा भएको बिन्दु, सर्वनाम गण भएको 'य' अक्षरमा भएको बिन्दुलाई पछाडिको 'य' व्यञ्जन सँगै 'ञ' बनाउनु पर्छ ।

सञ्ञोगो	सं + योगो
सञ्ञुत्तं	सं + युत्तं
यञ्ञदेव	यं + यदेव

https://dhamma.digital

सञ्ञोगोलाई "सं + योगो" भनी पदच्छेद गर्नुहोस् । 'सं' को निग्गहितलाई 'य' व्यञ्जनसँगै 'ञ' गर्नुहोस् । 'ञ' द्वेभाव आउँछ । **सञ्ञोगो** सिद्ध हुन्छ ।

यञ्ञदेवलाई यं + यदेव पदच्छेद गरेर 'य' को निग्गहीतलाई पछाडिको 'य' व्यञ्जनसँगै 'ञ' गर्नुहोस् । 'ञ' द्वेभाव आउँछ । **यञ्ञदेव** सिद्ध हुन्छ ।

२०. पछाडि स्वर भएमा अगाडिको निग्गहीतलाई म् वा द् मा परिवर्तन गर्नु पर्छ ।

तमहं	तं + अहं
यदनिच्चं	यं + अनिच्चं
यमाहु	यं + आहु
एतदवोच	एतं + अवोच

तमहं लाई "तं + अहं" पदच्छेद गर्नुहोस् । 'तं' को निग्गहितलाई 'म्' गर्नुहोस् । 'म्' व्यञ्जनलाई पछिल्लो 'अ' सँग जोड्नु होस् । तमहं हुन्छ । **"यदनिच्च"** लाई "यं + अनिच्चं" पदच्छेद गरेर 'यं' को निग्गहितलाई 'द्' गर्नुहोस् । 'द्' व्यञ्जनलाई पछिल्लो 'अ' स्वरसँग जोड्नुहोस् **। यदनिच्चं** सिद्ध हुन्छ ।

आगमसन्धि

पछिल्लो पदमा जोड्नको लागि स्वर भएमा य, व, म, द, न, त, र, ल, ग नौ वटा व्यञ्जन मध्ये कुनै आउँछ । 'य्' इत्यादिमा स्वर हुँदैन, व्यञ्जन मात्र आउँछ ।

https://dhamma.digital

नयिमस्स	न + इमस्स
लहुमेस्सति	लहु + एस्सति
सम्मदञ्ञा	सम्मा + अञ्ञा
यस्मातिह	यस्मा + इह
सब्भिरेव	सब्भि + एव
वुदिक्खति	उ + दिक्खति
चिरंनायति	चिरं + आयति
छलभिञ्ञा	छ + अभिञ्ञा

नयिमस्सलाई "न + इमस्स" पदच्छेद गर्नुहोस् । 'न' को पछाडि 'य' व्यञ्जन आउँछ । **नयिमस्स** सिद्ध हुन्छ ।

२२. पछिल्लो शब्दमा व्यञ्जन भएमा 'ओ' स्वर आउन सक्छ ।

अतिप्पगोखो	अतिप्प + खो
परोसतं	पर + सतं
परोसहस्सं	पर + सहस्सं
परोपण्णासं	पर + पण्णासं

अतिप्पगोखो लाई "अतिप्प + खो" पदच्छेद गर्नुहोस् । पछाडि 'ख' व्यञ्जन भएकोले 'ओ' स्वर आउँछ, जोड्नको लागि स्वर भएकोले 'ग' व्यञ्जन आउँछ । **अतिप्पगोखो** सिद्ध हुन्छ । **परोसतं** लाई 'पर + सतं' पदच्छेद गर्नुहोस् । 'स' व्यञ्जनको अगाडि 'ओ' स्वर आउँछ । 'र' को 'अ' लाई लोप गर्नुहोस् । पछाडिको 'ओ' सँग जोड्नुहोस् । **परोसतं** सिद्ध हुन्छ ।

https://dhamma.digital

२३. पढ्न सजिलो र राम्रो गर्नको लागि कहिलेकाहीँ निग्गहित आउँछ ।

चक्खुंउदपादि	चक्खु + उदपादि
अवंसिरो	अव + सिरो
यावञ्चिध	याव + च + इध
अणुंथूलानि	अणु + थूलानि

चक्खुंउदपादिलाई "चक्खु + उदपादि" पदच्छेद गर्नुहोस् । 'क्खु' पछाडि निग्गहित आउँछ । **चक्खुंउदपादि** सिद्ध हुन्छ । याव + च + इध मा 'व' पछाडि निग्गहित आउँछ । निग्गहितलाई 'ञ' गर्नुहोस्, 'ञ्च' मा 'अ' स्वरलाई लोप गर्नुहोस् । 'इ' सँग जोड्नुहोस् । **'यावञ्चिध'** सिद्ध हुन्छ ।

निग्गहीतलोपसन्धि

२४. पढ्न सजिलोको लागि होस्, गाथा संरचना गर्दा छन्द मिलाउनको लागि होस् निग्गहितलाई लोप गर्न सकिन्छ ।

पदसन्धि	**पदच्छेद**
तासाहं	तासं + अहं
विदूनग्गं	विदूनं + अग्गं
अदासहं	अदासिं + अहं
तथागताहं	तथागतं + अहं
एवाहं	एवं + अहं
क्याहं	किं + अहं
अरियसच्चानदस्सनं	अरियसच्चानं + दस्सनं

https://dhamma.digital

बुद्धानसासनं	बुद्धानं + सासनं
सारत्तो	सं + रत्तो
चिरप्पवासिं	चिरं + पवासिं
गन्तुकामो	गन्तुं + कामो

तासाहं लाई "तासं + अहं" भनी पदच्छेद गर्नुहोस् । 'सं' को निग्गहितलाई लोप गर्नुहोस् । पछिल्लो पदको 'अ' लाई 'आ' दीर्घ गर्नुहोस् । **तासाहं** सिद्ध हुन्छ । **चिरप्पवा**सिं लाई "चिरं + पवासिं" पदच्छेद गरेर 'रं' को निग्गहितलाई लोप गर्नुहोस् । 'प' द्वेभाव आउँछ । **चिरप्पवासिं** सिद्ध हुन्छ ।

२५. **निग्गहित**को पछाडि रहेको इव, इति, इदानि, असि, एव, अपि इत्यादिको स्वरलाई लोप गर्नु पर्छ ।

पदसन्धि	**पदविच्छेद**
किन्ति	किं + इति
अभिनन्दुन्ति	अभिनन्दुं + इति
उत्तत्तंव	उत्तत्तं + इव
चक्कंव	चक्कं + इव
कलिन्दानि	कलिं + इदानि
किंदानि	किं + इदानि
त्वंसि	त्वं + असि
इदंपि	इदं + अपि
उत्तरिंपि	उत्तरिं + अपि
दातुंपि	दातुं + अपि
सदिसंव	सदिसं + एव

https://dhamma.digital

किन्ति लाई "किं + इति" पदच्छेद गर्नुहोस् । 'इ' स्वरलाई लोप गर्नुहोस् । 'किं' मा निग्गहितलाई 'न्' गर्नुहोस् । 'न्' व्यञ्जन लाई पछाडि 'ति' सँग जोड्नुहोस् । **किन्ति** सिद्ध हुन्छ ।

२६. स्वर एउटामा व्यञ्जन दुई वटा, तीन वटा जोडिएकोलाई संयोग भनिन्छ । ती व्यञ्जनमध्ये स्वभाव मिलेको दुई वटा व्यञ्जन भएमा एउटा लोप हुन्छ ।

पदसन्धि	**पदविच्छेद**
एवंस	एवं + अस्स
पुप्फंसा	पुप्फं + अस्सा
अग्यागारं	अग्गि + आगारं
वुत्यस्स	वुत्ति + अस्स

एवंस लाई "एवं + अस्स" पदच्छेद गर्नुहोस् । निग्गहित पछाडिको 'अ' स्वरलाई लोप गर्नुहोस् । 'स्स' व्यञ्जन दुई वटा मध्ये एउटालाई लोप गर्नुहोस् । एवंस सिद्ध हुन्छ । **अग्यागारं** लाई "अग्गि + आगारं" पदच्छेद गर्नुहोस् । 'ग्गि' को 'इ' लाई 'य्' गर्नुहोस् । 'य्' व्यञ्जनलाई 'आ' सँग जोड्नुहोस् । 'ग्ग' व्यञ्जनलाई 'या' सँग जोड्नुहोस् । 'ग्ग' दुइटा मध्ये एउटालाई लोप गर्नुहोस् । **अग्यागारं** सिद्ध हुन्छ ।

आदेससन्धि

२७. पछिल्लो शब्दमा स्वर छ भने **अभि**लाई **अब्भ** र **अधि**लाई **अज्झ** बनाउनु पर्छ ।

https://dhamma.digital

अब्भुदीरितं	अभि + उदीरितं
अब्भक्खानं	अभि + अक्खानं
अब्भुग्गतो	अभि + उग्गतो
अज्झोकासो	अधि + ओकासो
अज्झागमा	अधि + आगमा
अज्झूपगतो	अधि + उपगतो

अब्भुदीरितं लाई "अभि + उदीरितं" पदच्छेद गर्नुहोस् । 'अभि' लाई 'अब्भ' गर्नुहोस् । 'ब्भ' को स्वरलाई लोप गर्नुहोस् । पछाडिको 'उ' सँग जोड्नुहोस् । **अब्भुदीरितं** सिद्ध हुन्छ । **अज्झोकासो** लाई "अधि + ओकासो" पदच्छेद गर्नुहोस् । 'अधि' लाई 'अज्झ' गर्नुहोस् । 'ज्झ' को 'अ' स्वरलाई लोप गर्नुहोस् । पछाडिको 'आ' सँग जोड्नुहोस् । **अज्झोकासो** सिद्ध हुन्छ ।

२८. कहिलेकाहीँ 'पति' लाई पटि बनाउनु पर्छ ।

पटग्गि	पति + अग्गि
पटिहञ्ञति	पति + हञ्ञति
पटिरूपदेसवासोच	पति + रूपदेसवासोच

पटग्गिलाई "पति + अग्गि" पदच्छेद गर्नुहोस् । 'पति' लाई पटि गर्नुहोस् । 'ति' को 'इ' लाई लोप गर्नुहोस् । पछाडिको 'अ' सँग जोड्नुहोस् । **पटग्गि** सिद्ध हुन्छ ।

२९. पछिल्लो शब्दको सुरुमा व्यञ्जन भएमा कहिलेकाहीँ **अव**लाई **ओ** बनाउनु पर्छ ।

https://dhamma.digital

ओनद्धो	अव + नद्धो
ओवदति	अव + वदति ।

ओनद्धो लाई "अव + नद्धो" पदच्छेद गर्नुहोस् । 'अव' लाई 'ओ' गर्नुहोस् । **ओनद्धो** सिद्ध हुन्छ ।

उपसर्गहरू (Prefix)

प, परा, नि, नी, उ, सं, दु, वि, अव, अनु, परि, अभि, धि, पति, सु, आ, अति, अप, अपि, उप ।

निपातहरू (Indeclinable Particles)

च, वा, हे, अहे, रे, अरे, सुवे, स्वे, अज्ज, यथा, तथा, यावता, यावा, ताव, उपरि, अन्तो, तिरो, ओरं, पारं, हेट्ठा इत्यादि धेरै छन् ।

संक्षिप्त सन्धि समाप्त भयो ।

Dhamma.Digital

https://dhamma.digital

समास (Compound)

दुई वा दुईभन्दा बढी पदहरू एउटै अर्थ, एउटै विभक्ति, एउटै पद हुने गरी संक्षेप गर्ने प्रक्रियालाई समास भनिन्छ । समास छ प्रकारका छन् -

१. अव्ययीभाव
२. कर्मधारय
३. द्विगु
४. तत्पुरुष
५. बहुव्रीहि
६. द्वन्द्व

१. अव्ययीभाव (अब्ययीभाव) समास

उपसर्ग, निपात पदहरूलाई अव्यय भनिन्छ । अव्यय पद अगाडि रही पछाडिको पदसँग समास हुँदा अव्ययको अर्थ प्रधान हुने समासलाई अब्ययीभाव समास भनिन्छ । **"नगरस्स उप (समीपं) उपनगरं** - सहरको नजिक" मा 'उप' उपसर्ग अव्यय पद हो ।

"उप - नजिक, नगर - सहर" यसमा 'उप' उपसर्ग अगाडि रही पछाडिको नगर पदसँग समास हुँदा 'उप' अव्ययको अर्थ प्रधान भएकोले यसलाई अव्ययीभाव समास भनिन्छ ।

नगरस्स उप (समीपं) उपनगरं - सहरको नजिक
दरथानं नि (अभावो) निद्दरथं - डर नभएको
रथस्स अनु (पच्छा) अनुरथं - रथको पछाडि
वातस्स अनुरूपं अनुवातं - हावाको अनुरूप
सोतस्स अनुलोमं अनुसोतं - स्रोतको अनुरूप
वातस्स पटिलोमं पटिवातं - हावाको विपरीत

https://dhamma.digital

सोतस्स पटिलोमं पटिसोतं - स्रोतको विपरीत
अत्तानमत्तानं पति पच्चतं - आ-आफू
भिक्खाय सु (समिद्धि) सुभिक्खं - भिक्षा पूर्ण हुनु, सुभिक्ष
ये ये वुड्ढा यथावुड्ढं - जुन जुन वृद्धहरू
वुड्ढानं पटिपाटि यथावुड्ढं - वृद्धक्रम अनुसार
ये ये कमं यथाक्कमं - क्रमअनुसार (यथाक्रम)
जीवस्स यत्तको परिच्छेदो यावजीवं, यावतायुकं - जीवनभर (यावजीवन)
यत्तकेन अत्थो यावदत्थं - इच्छानुसार
पब्बतस्स परभागो तिरोपब्बतं - पहाडको पर
पासादस्स अन्तो अन्तोपासादं - प्रासादभित्र
वस्सस्स अन्तो अन्तोवस्सं - वर्षाको भित्र
नगरस्स बहि बहिनगरं - नगरको बाहिर
पासादस्स उपरि उपरिपासादं - प्रासादमाथितिर
मञ्चस्स हेट्ठा हेट्ठामञ्चं - खाटमुनि
भत्तस्स पुरे पुरेभत्तं - भोजन खानु अगाडिको समय
भत्तस्स पच्छा पच्छाभत्तं - भोजन पछिको समय
गङ्गाय ओरं ओरगङ्गं - गङ्गा नदीको वारि
गङ्गाय पारं पारगङ्गं - गङ्गा नदीको पारि
सह मक्खिकाय समक्खिकं - झिंगा सहित

२. कर्मधारय (कम्मधारय) समास

दुईटा पदले एउटै अर्थ दिने समासलाई कम्मधारय समास भनिन्छ। उदाहरणको लागि **“महन्तो** - महान्, **पुरिसो -** पुरुष” मा महान् व्यक्ति पनि पुरुष, पुरुष पनि महान् व्यक्ति यसरी अघिल्लो पद र पछिल्लो पद स्वरूप समान भएको समासलाई “कम्मधारय” समास भनिन्छ।

https://dhamma.digital

महन्तो पुरिसो महापुरिसो - महान् पुरुष (महापुरुष)
महन्तं बलं महब्बलं - महान् बल
महन्ती नदी महानदी - ठूलो नदी
महन्तं धनं महाधनं - धेरै धन
सन्तो पुरिसो सप्पुरिसो - सत्पुरुष
नीलं उप्पलं नीलुप्पलं - निलो कमल, निलकमल
कण्हो सप्पो कण्हसप्पो - कालो सर्प
लोहितं चन्दनं लोहितचन्दनं - रातो चन्दन
ब्राह्मणी दारिका ब्राह्मणदारिका - ब्राह्मण बालिका
खत्तिया कञ्ञा खत्तियकञ्ञा - क्षेत्री कन्या
सारिपुत्तो थेरो सारिपुत्तत्थेरो - सारिपुत्र स्थविर
सुमेधो पण्डितो सुमेधपण्डितो - सुमेध पण्डित
सीतं च तं उण्हं चाति सीतुण्हं - चिसो तातो खाना
आदिच्चो विय बुद्धो बुद्धादिच्चो - सूर्यसँग समान बुद्ध
धम्मो इति सञ्ञा धम्मसञ्ञा - धर्म भनी हुने संज्ञा (धर्मसंज्ञा)
धम्मो इति सम्मतो धम्मसम्मतो - धर्म भनी समुक्ति
पाणो इति सञ्ञा पाणसञ्ञा - प्राणी भनेर उत्पन्न संज्ञा
अनिच्चाति सञ्ञा अनिच्चसञ्ञा - अनित्य भनेर उत्पन्न संज्ञा
धीतु इति सञ्ञा धीतुसञ्ञा - छोरी भन्ने संज्ञा
अत्त इति दिट्ठि अत्तदिट्ठि - आत्मा भन्ने दृष्टि
सद्धा एव धनं सद्धाधनं - श्रद्धा नै धन
चक्खुमेव इन्द्रियं चक्खुन्द्रियं - चक्षु नै इन्द्रिय
रूपं एव आरम्मणं रूपारम्मणं - रूप नै आरम्मण
न ब्राह्मणो अब्राह्मणो - साँच्चै ब्राह्मण होइन
न कुसलं अकुसलं - अकुशल
न कत्वा अकत्वा - नगरी

https://dhamma.digital

कुच्छितं अन्नं कदन्नं - घृणित अन्न
कु अप्पकं लवणं कालवण्णं - थोरै नुन
पधानं वचनं पावचनं - प्रधान वचन
सुन्दरो गन्धो सुगन्धो - सुन्दर गन्ध, सुगन्ध
सुन्दरा गति सुगति - सद्गति, राम्रो गति
दुट्ठु गति दुग्गति - नराम्रो गति, दुर्गति

३. द्विगु (दिगु) समास

संख्या अघिल्लो पदमा भएको बेला कम्मधारय समासलाई नै दिगु समास भनिन्छ।

उदाहरणको लागि-

"एको पुग्गलो - एक पुद्गल" अघिल्लो पद र पछिल्लो पद स्वरूप समान भएकोले कम्मधारय नाम भएको समासलाई नै 'एक' संख्या पद अगाडि भएको बेला दिगु भनिन्छ।

एको पुग्गलो एकपुग्गलो - एकपुद्गल
द्वे रत्ती दिरत्तं - दुईरात
तयो लोका तिलोकं - त्रिलोक
चत्तारि सच्चानि चतुस्सच्चं - चारसत्य
पञ्च सीलानि पञ्चसीलं - पञ्चशील
पञ्च सिक्खापदानि पञ्चसिक्खापदं - पाँचशिक्षापद
छ आयतनानि छलायतनं - ६ आयतन (षडायतन)
सत्त अहानि सत्ताहं - सातदिन (सप्ताह)
सत्त गोदावरियो सत्तगोदावरं - सात गोदावरी (सप्त गोदावरी)
नव लोकुत्तरानि नवलोकुत्तरं - नौ वटा लोकुत्तर
सत योजनानि सतयोजनं - एक सय योजन

https://dhamma.digital

४. तत्पुरुष (तप्पुरिस) समास

अघिल्लो पदमा अं इत्यादि विभक्ति लोप भएर पछिल्लो पदमा प्रथम विभक्ति लोप भई पछिल्लो पदको अर्थ प्रधान हुने समासलाई तप्पुरिस समास भनिन्छ । उदाहरणको लागि **"भूमिं गतो भूमिगतो"** मा भूमिं अघिल्लो पदमा अं विभक्ति लोप भएको छ । अघिल्लो पदको अर्थ प्रधान नभई पछिल्लो पदको अर्थ प्रधान भएको छ । यस लोप भएको विभक्तिलाई हेरेर **दुतियातप्पुरिस** भनी थाहा पाउनु पर्दछ । **ततियातप्पुरिस चतुत्थीतप्पुरिस** इत्यादिमा पनि यस्तै हो ।

(क) दुतिया तप्पुरिस

भूमिं गतो भूमिगतो - भुइँमा गएको व्यक्ति (भूमिगत)
सुखं पत्तो सुखप्पत्तो - सुखतिर पुगेको व्यक्ति (सुखी व्यक्ति)
सरणं गतो सरणगतो - शरण गएको व्यक्ति
सोतं आपन्नो सोतापन्नो - निर्वाण पुग्ने स्रोतमा पुगेको व्यक्ति (स्रोतापन्न)

(ख) ततिया तप्पुरिस

बुद्धेन भासितो बुद्धभासितो - बुद्धद्वारा देशना गरिएको धर्म
सल्लेन विद्धो सल्लविद्धो - तीरद्वारा हानिएको जनावर
सीलेन सम्पन्नो सीलसम्पन्नो - शीलले सम्पन्न व्यक्ति
ञाणेन सम्पयुत्तं ञाणसम्पयुत्तं - ज्ञानले सम्प्रयुक्त भएको चित्त
एकेन ऊनवीसति एकूनवीसति - एकले कम भएको बीस (उन्नाइस)
अस्सेन युत्तो रथो अस्सरथो - घोडाले युक्त भएको रथ
रञ्ञा हतो राजहतो - राजाद्वारा मारिएको व्यक्ति

https://dhamma.digital

(ग) चतुत्थी तप्पुरिस

कथिनस्स दुस्सं कथिनदुस्सं - कथिनको लागि कपडा
चीवरस्स दुस्सं चीवरदुस्सं - चीवरको लागि कपडा
आगन्तुकानं भत्तं आगन्तुकभत्तं - पाहुनाहरूका लागि भात
सङ्घस्स भत्तं सङ्घभत्तं - संघको लागि भोजन
बुद्धस्स देय्यं बुद्धदेय्यं - बुद्धलाई दान दिएको फूल

(घ) पञ्चमी तप्पुरिस

मेथुना अपेतो मेथुनापेतो - मैथुनबाट अलग्ग भएको व्यक्ति
नगरतो निग्गतो नगरनिग्गतो - सहरबाट निस्केको व्यक्ति
पिण्डपाततो पटिक्कन्तो पिण्डपातपटिक्कन्तो - पिण्डपातबाट फर्केको
चोरतो भयं चोरभयं - चोरदेखि डर
दुच्चरिततो विरति दुच्चरितविरति - दुश्चरित्रबाट अलग्ग हुनु
कम्मतो जातं कम्मजं - कर्मबाट बनेको (कर्मज)

(ङ) छट्ठी तप्पुरिस

रञ्ञो पुरिसो राजपुरिसो - राजाको पुरूष
रञ्ञो पुत्तो राजपुत्तो - राजाको पुत्र
बुद्धस्स सावको बुद्धसावको - बुद्धको श्रावक
देवानं राजा देवराजा - देवताहरूको राजा
पुप्फस्स गन्धो पुप्फगन्धो - फूलको गन्ध
धञ्ञानं रासि धञ्ञरासि - धानको रास

https://dhamma.digital

(च) सत्तमी तप्पुरिस

रूपे सञ्ञा रूपसञ्ञा - रूपमा संज्ञा
संसारे दुक्खं संसारदुक्खं - संसारमा दुःख
धम्मे रतो धम्मरत्तो - धर्ममा रमाउने व्यक्ति
चक्खुम्हि निस्सितं विञ्ञाणं चक्खुविञ्ञाणं - चक्षुमा निश्रित विज्ञान
विकाले भोजनं विकालभोजनं - बेकालमा भोजन गर्नु
इत्थीसु धुत्तो इत्थिधुत्तो - स्त्री धूर्त
पब्बते तिट्ठतीति पब्बतट्ठो - पर्वतमा बस्ने व्यक्ति
पङ्के जातं पङ्कजं - हिलोमा उत्पन्न हुने (फुल्ने) कमल

५. बहुव्रीहि (बहुब्बीहि) समास

समास गरिने पदलाई **"सकपद** - आफ्नो पद" भनिन्छ । यस समास गरिने पदमा नभएको पदलाई **"अञ्ञपद** - अर्कोपद" भनिन्छ । यही **अञ्ञपद**को अर्थ प्रकाश हुने समासलाई बहुब्बीहि समास भनिन्छ ।

"सह वितक्केन यो वत्तति सो सवितक्को" यस विग्रहमा सह **वितक्केन** दुई वटा पद समास गरिने पद हो । **सवितक्को** भनी समास हुँदा **सह** अर्थ पनि प्रधान होइन, **वितक्केन** अर्थ पनि प्रधान होइन । बाहिरको भिन्नै **'धम्मो'** पदको अर्थ मात्र प्रधान हुन्छ । त्यसैले **'सवितक्को** - वितर्कसँग सम्प्रयुक्त धर्म' भनी अर्थ दिनु पर्छ ।

आगता समणा इमं संघारामं सोयं आगतसमणो - आउनु भएका श्रमणहरू भएको आराम (भिक्षुहरू आइएको आराम)
जितानि इन्द्रियानि अनेन समणेन सोयं जितिन्द्रियो - जितिएको इन्द्रिय भएको भिक्षु इन्द्रियहरूलाई जितिसकेको भिक्षु)
जिता मारा येन सो जितमारो - जितिएको मार भएको बुद्ध (मारलाई जित्नुभएको बुद्ध)

https://dhamma.digital

दिन्नो सुङ्को यस्स सो दिन्नसुङ्को - दिइएको कर भएको राजा (कर दिइने राजा)

निग्गता जना यस्मा सो निग्गतजनो - (बाहिर) निस्केका मान्छेहरू भएको गाउँ (मानिसहरू निस्कने गाउँ)

छिन्ना हत्था यस्स सो छिन्नहत्थो - छिनेको हात भएको व्यक्ति (हात छिनेको व्यक्ति)

सम्पन्नानि सस्सानि यस्मिं सो सम्पन्नसस्सो - सम्पन्न धान भएको जनपद (धानहरूले सम्पन्न जनपद)

६. द्वन्द्व (द्वन्द) समास

दुई वा दुईभन्दा बढी पदहरू मिली सबै पदहरूको अर्थ प्रधान हुने समासलाई द्वन्द समास भनिन्छ । "चक्खुसोतं" जस्तै एकवचन र "**समण ब्राह्मणा"** जस्तै बहुवचन दुवै हुन सक्छ ।

नामञ्च रूपञ्च नामरूपं - नामरूप

चक्खु च सोतञ्च चक्खुसोतं - आँखाकान (आँखा र कान)

गीतञ्च वादितञ्च गीतवादितं - गीत गाउनु बाजा बजाउनु

फालो च पाजनञ्च फालपाजनं - जुवाछडी

हत्थी च अस्सो च हत्थिअस्सं - हात्तीघोडा

डंसा च मकसा च डंसमकसं - लामखुट्टेभुसुनो

अहि च नकुलो च अहिनकुलं - सर्पन्याउरीमुसा

सीलञ्च पञ्ञाणञ्च सीलपञ्ञाणं - शीलप्रज्ञा

अजो च एलको च अजेलकं - बाख्राभेडा (भेडाबाख्रा)

समणो च ब्राह्मणो च समणब्राह्मणा - श्रमणब्राह्मण

संक्षिप्त समास समाप्त भयो ।

https://dhamma.digital

तद्धित (Secondary Derivative)

नामपदहरूको पछाडि कुनै अर्थ विशेषलाई प्रकाश गर्न प्रत्यय राखी बनाइएको पदलाई तद्धित भनिन्छ। **“वसिट्ठो”** नामपद **“वसिट्ठ”** नामको ऋषि एक जनालाई जनाउँछ। यो **“वसिट्ठ”** नामपद पछाडि ण तद्धित प्रत्यय राखेपछि **“वासिट्ठो”** हुँदा “वसिट्ठको छोरा” भन्ने विशेष अर्थ प्रकाश हुन्छ। “को छोरा” अर्थ तद्धित प्रत्ययको कारणले वृद्धि भएको अर्थ हो। यसरी नामपदहरूको पछाडि तद्धित प्रत्यय राख्यो भने अर्को अर्थ वृद्धि हुने हुनाले तद्धित प्रत्ययहरूलाई “नामपदको हित अथवा वृद्धि” भनिन्छ। तद्धित ६ प्रकारका छन्-

१. अपच्चतद्धित
२. अनेकत्थतद्धित
३. अस्सत्थितद्धित
४. भावतद्धित
५. संख्यातद्धित
६. अब्ययतद्धित

१. अपच्चतद्धित

वासिट्ठो - वसिट्ठको छोरा, नाति, पनाति इत्यादि।

वासिट्ठी - वसिट्ठकि छोरी, नातिनी, पनातिनी इत्यादि। यसरी छोरा छोरी नाति पनाति इत्यादि अर्थहरूलाई अपच्च अर्थ भनिन्छ। यो **अपच्च** अर्थमा ‘ण’ आदि प्रत्ययहरू हुन्छन्। **ण, णायन, णान, णेय्य, णि, णिक, णिय, ण्य, णव, णेर** प्रत्ययहरूमा ‘ण’ अक्खरा भएकोले अगाडिको स्वरलाई वृद्धि गर्नु पर्छ। ‘अ’ लाई ‘आ’, इ वण्ण (इ, ई) लाई ए, उ वण्ण (उ, ऊ) लाई ओ गर्नु पर्दछ। पछाडि संयोगान्त

https://dhamma.digital

अक्षर भयो भने वृद्धि हुँदैन । यो 'ण्' व्यञ्जनलाई पनि लोप गर्नु पर्छ । यस बेला "अ - आयन - आन" इत्यादि मात्र बाँकी रहन्छ ।

उदाहरणहरू -		**प्रत्ययहरू**
(क)	**वसिट्ठस्स अपच्चं वासिट्ठो** - वसिष्ठ ऋषिको छोरो	(ण)
(ख)	**वच्छस्स अपच्चं वच्छायनो, वच्छानो** - वच्छ ऋषिको छोरो	(णायन, णान)
	वच्छस्स अपच्चं वच्छायनी, वच्छानी - वच्छ ऋषिकी छोरी	(णायन, णान)
	कच्चस्स अपच्चं कच्चायनो, कच्चानो - कच्च ऋषिको छोरो	(णायन, णान)
	कच्चस्स अपच्चं कच्चायनी, कच्चानी - कच्च ऋषिकी छोरी	(णायन, णान)
(ग)	**कत्तिकाय अपच्चं कत्तिकेय्यो** - कत्तिकाको छोरो	(णेय्य)
	कत्तिकाय अपच्चं कत्तिकेय्यी - कत्तिकाकी छोरी	(णेय्य)
(घ)	**दक्खस्स अपच्चं दक्खि** - दक्ष ऋषिको छोरो	(णि)
(ङ)	स**क्यपुत्तस्स अपच्चं सक्यपुत्तिको** शाक्यपुत्रको छोरो	(णिक)
(च)	**सक्यपुत्तस्स अपच्चं सक्यपुत्तियो** - शाक्यपुत्रकी छोरी	(णिय)
(छ)	**कुण्डनिया अपच्चं कोण्डञ्ञो -** कुण्डनीको छोरो	(ण्य)

https://dhamma.digital

(ज) **उपगुस्स अपच्चं ओपगवो** - उपगुको छोरो (णव)

(झ) **समणस्स अपच्चं सामणेरो** - श्रमणको छोरो (णेर)

विधवाय अपच्चं वेधवेरो - विधवाको छोरो (णेर)

२. अनेकत्थ तद्धित

संसट्ठ (मिसिनु), तरति (तर्नु) इत्यादि अर्थहरूमा 'णिक' प्रत्यय हुन्छ। 'णिक' प्रत्ययका अर्थहरू धेरै छन्।

(क) **तिलेन संसट्ठं तेलिकं** - तैलिक (तिलसँग मिश्रित भोजन)

(ख) **नावाय तरतीति नाविको** - नाविक (डुङ्गाबाट तर्ने व्यक्ति)

(ग) **सकटेन चरतीति साकटिको** - साकटिक (गाडाबाट डुल्ने व्यक्ति)

(घ) **सीसेन वहतीति सीसिको** - शीर्षक (सीरद्वारा बोक्ने, कुल्ली)

(ङ) **परदारं गच्छतीति पारदारिको** - पारदारिक (परस्त्री गमन गर्ने व्यक्ति)

पथं गच्छतीति पथिको - पथिक (बाटोमा जाने व्यक्ति, बटुवा)

(च) **अभिधम्मं अधीते, जानातीति वा आभिधम्मिको** - आभिधार्मिक (अभिधर्म सिक्ने वा जान्ने व्यक्ति)

विनयं अधीते, जानाति वा वेनयिको - वेनयिक (विनय सिक्ने वा जान्ने व्यक्ति)

सुत्तन्तं अधीते, जानाति वा सुत्तन्तिको - सौत्रान्तिक (सूत्र सिक्ने वा जान्ने व्यक्ति)

वेय्याकरणं अधीते, जानाति वा वेय्याकरणिको - वैयाकरणिक, व्याकरणिक (व्याकरण सिक्ने वा जान्ने व्यक्ति)

https://dhamma.digital

(छ) **कायेन कतं कायिकं** - कायिक (शरीरद्वारा गरिने काम)

वाचाय कतं वाचसिकं - वाचसिक, वाचिक (वचनद्वारा/ले गरिने कर्म)

मनेन कतं मानसिकं - मानसिक (मनद्वारा/ले गरिने कर्म)

(ज) **सरीरे सन्निधाना वेदना सारीरिका** - शारीरिक (शरीरमा भएको वेदना)

काये सन्निधानं दुक्खं कायिकं - कायिक (शरीरमा अवस्थित दु:ख)

मने सन्निधानं दुक्खं मानसिकं - मानसिक (मनमा अवस्थित दु:ख)

(झ) **द्वारे नियुत्तो दोवारिको** - दौवारिक (ढोकामा नियुक्त व्यक्ति, द्वारपाल)

भण्डागारे नियुत्तो भण्डागारिको - भण्डागारिक (भण्डारमा नियुक्त व्यक्ति)

(ञ) **वीणा अस्स सिप्पं वेणिको** - वेणिक (वीणा बजाउने शिल्प भएको)

वंस अस्स सिप्पं वंसिको - वंशिक (बाँसुरी बजाउने शिल्प भएको)

(ट) **तेलं अस्स भण्डं तेलिको** - तैलिक (तेल भण्डार भएको, तेल व्यापारी)

गन्धो अस्स भण्डं गन्धिको - गन्धिक (गन्ध भण्डार भएको)

(ठ) **उरब्भं हन्त्वा जीवति ओरब्भिको** - औरभ्रिक (भेडा मारेर जीविका गर्ने व्यक्ति)

मिगं हन्त्वा जीवतीति मागविको - मार्गविक, मार्गिक (मृग मारेर जीविका गर्ने व्यक्ति)

https://dhamma.digital

मच्छं हन्त्वा जीवतीति मच्छिको - मात्स्यिक (माछा मारेर जीविका गर्ने व्यक्ति, माझी)

सकुणं हन्त्वा जीवतीति साकुणिको - शाकुनिक (पंछी मारेर जीविका गर्ने व्यक्ति)

(ड) **जालेन हनतीति जालिको** - जालिक (जालले माछा मार्ने, माझी)

(ढ) **सुत्तेन बन्धो सुत्तिको** - सूत्रिक (सूत्रद्वारा बाँधिने सत्त्व)

(ण) **वत्थेन कीतं वत्थिकं** - वस्त्रिक (वस्त्रद्वारा वस्तु साट्ने, वस्तु विनिमय)

सतेन कीतं सातिकं - सातिक (एक सयले किनिने सामान)

(त) **अक्खेन दिब्बतीति अक्खिको** - अक्षिक (जुवा खेल्ने व्यक्ति, जुवाडे)

सलाकेन दिब्बतीति सालाकिको - सालाकिक (चिट्ठा खेल्ने व्यक्ति)

(थ) **चापो अस्स आवुधं चापिको** - चापिक (धनुष शस्त्र भएको व्यक्ति)

(द) **वातो अस्स आबाधो वातिको** - वातिक (वायु रोग भएको व्यक्ति)

(ध) **बुद्धे पसन्नो बुद्धिको** - बुद्धिक (बुद्धमा प्रसन्न भएको व्यक्ति)

धम्मे पसन्नो धम्मिको - धार्मिक (धर्ममा प्रसन्न भएको व्यक्ति)

संघे पसन्नो संघिको - सांघिक (संघमा प्रसन्न भएको व्यक्ति)

(न) **बुद्धस्स सन्तको बुद्धिको** - बुद्धिक (बुद्धको सम्पत्ति)

धम्मस्स सन्तको धम्मिको - धार्मिक (धर्मको सम्पत्ति)

संघस्स सन्तको संघिको - सांघिक (संघको सम्पत्ति)

पुग्गलस्स सन्तको पुग्गलिको - पुद्गलिक (पुद्गलको धन सम्पत्ति)

https://dhamma.digital

(प) **कुम्भो अस्स परिमाणं कुम्भिकं** - कुम्भिक (एक कुम्भ/घट प्रमाण भएको वस्तु)

(फ) **कुम्भस्स रासि कुम्भिको** - कुम्भको समूह

कुम्भं अरहतीति कुम्भिको - एक कुम्भ पर्ने सामान

(ब) **पंसुकूलं सीलं यस्स पंसुकूलिको** - पांसुकूलिक (पंसुकूल चीवर धारण गर्ने बानी भएको व्यक्ति)

अरञ्ञं सीलं यस्स आरञ्ञिको - आरण्यिक (जङ्गलमा बस्ने बानी भएको व्यक्ति)

सुसानं सीलं यस्स सोसानिको - श्मशानिक (मसानमा बस्ने बानी भएको व्यक्ति)

(भ) **अपाये जातो आपायिको** - आपायिका (अपायमा उत्पन्न भएको व्यक्ति)

निरये जातो नेरयिको - नैरयिक (नरकमा उत्पन्न भएको व्यक्ति, नारकीय)

(म) **राजगहे जातो राजगहिको** - राजगृहिक (राजगृह सहरमा जन्मेको व्यक्ति)

सावत्थियं जातो सावत्थिको - श्रावस्तिक (श्रावस्ति सहरमा जन्मेको व्यक्ति)

नगरे जातो नागरिको - नागरिक (नगरमा जन्मेको व्यक्ति)

गामे जातो गामिको - ग्रामिक (गाउँमा जन्मेका व्यक्ति)

(य) **लोके विदितो लोकिको** - लौकिक (लोकमा प्रकट धर्म)

मातितो आगतं मातिकं, मत्तिकं - मातृक (आमाबाट आएको धन)

(र) **पितातो आगतं पितिकं, पेत्तिकं** - पैतृक (बुबाबाट आएको धन)

(ल) **चतुमहाराजे भत्ति एतेसं चातुमहाराजिका** - चातुर्महाराजिक (चातुर्महाराजमा सेवा गर्ने देवताहरू)

https://dhamma.digital

अनेकत्थतद्धित (द्वितीय भाग)

'तेन रत्तं - यसले रङ्गाउने', '**इदं** - उसको सम्पत्ति' इत्यादि अर्थहरूमा 'ण' प्रत्यय हुन्छ ।

उदाहरणहरू

(क) **कसावेन रत्तं कासावं** - काषाय (गेरु रङ्गले रङ्गाएको वस्त्र/चीवर)

कुसुमेन रत्तं कोसुम्भं - कुसुमले रङ्गाएको वस्त्र

(ख) **महिंसस्स इदं माहिंसं** - महिंस (भैंसीको सम्पत्ति मासु, छाला, दुध, घिउ)

कच्चायनस्स इदं कच्चायनं - कात्यायन व्याकरण (कत्यायन गुरुको सम्पत्ति)

सुगतस्स इदं सोगतं - सौगत (बुद्धको सम्पत्ति/शासन)

(ग) **उदुम्बरस्स अविदूरे भवं ओदुम्बरं** - औदुम्बर (उदुम्बर/डुम्री रुखको नजिक भएको विमान)

(घ) **मनसि भवं मानसं** - मानस (मनमा हुने सुख)

उरसि भवो ओरसो - औरस

मित्ते भवा मेत्ता - मैत्री (मित्रमा उत्पन्न हुने धर्म)

पुरे भवा पोरी - पौरी (सहरमा हुने कुरा)

(ङ) **मथुरायं जातो माथुरो** - माथुर (मथुरा देशमा जन्मेको व्यक्ति)

मथुराय आगतो माथुरो - मथुरा देशबाट आएको

मथुरा अस्स निवासो माथुरो - मथुरा निवास भएको

मथुराय इस्सरो माथुरो - मथुरामा राज्य गर्ने राजा

वेरञ्जायं जातो वेरञ्जो - वेरञ्ज (वेरञ्जा सहरमा जन्मेको व्यक्ति)

https://dhamma.digital

वेरञ्जाय आगतो वेरञ्जो - वेरञ्जा सहरबाट आएको व्यक्ति
वेरञ्जा अस्स निवासो वेरञ्जो - वेरञ्जा निवास भएको व्यक्ति
वेरञ्जाय इस्सरो वेरञ्जो - वेरञ्जा सहरमा राज्य गर्ने

(च) **कत्तिकाय युत्तो मासो कत्तिको** - कार्तिक (कृत्तिका नक्षत्रले युक्त महिना)
मिगसिरेन युत्तो मासो मागसिरो - मंसिर (मृगशिरा नक्षत्रले युक्त महिना)
फुस्सेन युत्तो मासो फुस्सो - पौष (पुष्य नक्षत्रले युक्त महिना)
मघाय युत्तो मासो माघो - माघ (मघा नक्षत्रले युक्त महिना)
फग्गुणीया युत्तो मासो फग्गुनो - फागुन (फाल्गुनी नक्षत्रले युक्त महिना)
चित्ताय युत्तो मासो चित्तो - चैत्र (चित्रा नक्षत्रले युक्त महिना)
विसाखाय युत्तो मासो वेसाखो - वैशाख (विशाखा नक्षत्रले युक्त महिना)
जेट्ठाय युत्तो मासो जेट्ठो - जेष्ठ (जेष्ठा नक्षत्रले युक्त महिना)
आसाल्हाय युत्तो मासो आसाल्हो, आसाल्ही - असार (आषाढा नक्षत्रले युक्त महिना)
सवणेन युत्तो मासो सावणो, सावणी - श्रावण (श्रवण नक्षत्रले युक्त महिना)
भद्देन युत्तो मासो भद्दो - भाद्र (भाद्रपदा नक्षत्रले युक्त महिना)
अस्सयुजेन युत्तो मासो अस्सयुजो - असोज (अश्विनी नक्षत्रले युक्त महिना)

https://dhamma.digital

(छ) **ब्याकरणं अधीतेति वेय्याकरणो** - वैयाकरण (व्याकरण सिक्ने व्यक्ति)

ब्याकरणं जानातीति वेय्याकरणो - वैयाकरण (व्याकरण जान्ने व्यक्ति)

(ज) **वसातीनं विसयो वासातो** - वसाति राजाहरूको क्षेत्र भएको ठाउँ।

(झ) **उदुम्बरा अस्मिं सन्ति ओदुम्बरो** - औदुम्बर (डुम्री भएको ठाउँ)

(ञ) **पुरिसो परिमाणं अस्स पोरिसं** - पोरिस (मान्छेको उचाइ जति प्रमाण भएको पानी)

जात - जन्मेको व्यक्ति, **वसति** - बस्छ, **अरहति** - योग्य छ, **हितं** - वृद्धि इत्यादि अर्थहरूमा णेय्य प्रत्यय, णेय्यक प्रत्यय हुन्छ।

(क) **बाराणसियं जातो बाराणसेय्यो**, **बाराणसेय्यको** - वाराणसीमा जन्मेको व्यक्ति

बाराणसियं वसति बाराणसेय्यो, **बाराणसेय्यको** - वाराणसीमा बस्ने व्यक्ति

गङ्गायं जातो गङ्गेय्यो - गङ्गेय्य (गङ्गामा जन्मेको माछा)

गङ्गायं वसति गङ्गेय्यो - गङ्गेय्य (गङ्गामा बस्ने माछा)

कुले जातो कोलेय्यो - कोलेय्य (कुलमा अथवा घरमा जन्मेको)

कुले वसति कोलेय्य - कोलेय्य (कुलमा अथवा घरमा बस्ने कुकुर)।

(ख) **दक्खिणं अरहति दक्खिणेय्यो** - दक्षिणीय (दक्षिणा दिन योग्य व्यक्ति)

https://dhamma.digital

(ग) **पथस्स हितं पाथेय्यं** - पाथेय (बाटो खर्च)

सस्स पति सपति, सपतिस्स हितं सापतेय्यं - सम्पति मालिकको/धनीको हित गर्ने सम्पति

पदीपस्स हितं पदीपेय्यं - (प्रदीपेय) दियोको हित गर्ने तेल

जात, **नियुत्त** - नियुक्त, **तम्हि भवो** - यसमा हुन्छ इत्यादि अर्थहरूमा इम, इय, इक प्रत्यय हुन्छ ।

उदाहरणहरू

(क) **पच्छा जातो पच्छिमो** - पश्चिम (पछि जन्मेको)

अन्ते जातो अन्तिमो - अन्तिम (अन्तमा जन्मेको)

हेट्ठा जातो हेट्ठिमो - तल जन्मेको

मज्झे जातो मज्झिमो - बिचमा जन्मेको, मध्यम

(ख) **मनुस्सजातियं जातो मनुस्सजातियो** - मनुष्यजातिमा जन्मेको व्यक्ति

लोके जातो लोकियो - लोकिय (लोकमा जन्मेको व्यक्ति)

(ग) **अन्ते नियुत्तो अन्तिमो, अन्तियो, अन्तिको** - अन्तमा नियुत्त भएको व्यक्ति

पुत्तो अस्स अत्थि, तस्मिं वा विज्जतीति पुत्तिमो, पुत्तियो, पुत्तिको - छोरो भएको व्यक्ति, पुत्रमान

(घ) **पञ्चवग्गे भवो पञ्चवग्गियो** - पञ्चवर्गीय (पाँच वर्गमा भएको व्यक्ति)

छवग्गे भवो छब्बग्गियो - छवर्गीय (छ वर्गमा भएको व्यक्ति)

(ङ) **उदरे भवं उदरियं** - उदरीय (पेटमा भएको खाना)

अत्तनो इदं अत्तनियं - आत्मीय (आफ्नो सम्पत्ति)

https://dhamma.digital

साधु - राम्रो, **हित** - वृद्धि, **भव** - हुन्छ, **जात** - जन्मन्छ इत्यादि अर्थमा य - प्रत्यय, ण्य - प्रत्यय हुन्छ ।

(क) **कम्मनि साधु कम्मञ्ञं** - कर्मण्य (काममा राम्रो वस्तु)
सभायं साधु सब्भं - सभ्य (सभामा राम्रो कुरा)
परिसायं साधु पारिसज्जो - पारिषदच (परिषद्मा राम्रो परिवार)

(ख) **मेधाय हितं मेज्झं** - मेध्य (तेलको हित भएको घिउ)
पदानं हितं पज्जं - पद्य (खुट्टाको हित भएको जुत्ता)
रथस्स हिता रच्छा - रथ्या (रथको हित भएको बाटो)
समणानं हितं सामञ्ञं - श्रामण्य (श्रमणको हित भएको)

(ग) **गामे भवो गम्मो** - ग्राम्य (गाउँमा भएको आचरण)
कविम्हि भवं काब्यं - काव्य (कविमा भएको कविता)
अरूपे भवं आरुप्पं - आरूप्य (अरूप भुवनमा भएको चित्त)
थनतो जातं थञ्ञं - स्तन्य (दुधबाट बनेको)

समूह अर्थ जनाउनेमा कण्, ण, ता तीन वटा प्रत्यय हुन्छ । तीमध्ये 'ता' प्रत्यय स्वत्थ अर्थमा पनि हुन्छ ।

सोयेव - त्यही पदको अर्थ नै । **अत्थो** - प्रत्ययको अर्थ हो ।
स्वत्थो - त्यही पदको अर्थ नै प्रत्ययको अर्थ ।

अघिल्लो पदको अर्थलाई "**स्वत्थ**" भनिन्छ । प्रत्ययको लागि विशेष अर्थ नभई अघिल्लो पदको अर्थलाई नै जोडेर त्यही अर्थ दिनेलाई **"स्वत्थ"** अर्थ भनिन्छ । **स्वत्थ**लाई "सकत्थ = आफ्नो (मूल पदको) अर्थ" पनि भनिन्छ ।

https://dhamma.digital

उदाहरणहरू

(क) **अट्ठन्नं समूहो अट्ठको** - आठ वटाको समूह, अष्टक

गामानं समूहो गामता - गाउँहरूको समूह, गामता

जनानं समूहो जनता - मानिसहरूको समूह, जनता

(ख) **देवोयेव देवता** - देवता । यसमा 'ता' प्रत्ययको विशेष अर्थ छैन । देव पदको अर्थलाई नै 'ता' प्रत्ययले प्रकाश गर्छ ।

"**अभिज्भा** (अभिध्या) इत्यादि धेरै" भन्ने अर्थमा 'आलु' प्रत्यय हुन्छ ।

अभिज्भा अस्स बहुलो अभिज्भालु - अभिध्यालु (धेरै अभिध्या भएको व्यक्ति)

सीतं अस्स बहुलो सीतालु - सीतालु(धेरै चिसो भएको व्यक्ति)

दया अस्स बहुलो दयालु - दयालु (दया धेरै भएको व्यक्ति)

सद्धा अस्स बहुलो सद्धालु - श्रद्धालु (श्रद्धा धेरै भएको व्यक्ति)

पटिभाग (जोडा) **कुच्छित** (घृणित) **अनुकम्प** (दया राख्नु) संज्ञा इत्यादि अर्थहरूमा 'क' प्रत्यय लाग्छ ।

(ग) **हत्थिना पटिभागो हत्थिको** - हात्ती समान वा जोडा भएको प्रतिमा

अस्सेन पटिभागो अस्सको - घोडा जोडा भएको प्रतिमा

गोणेन पटिभागो गोणको - गोरु जोडा भएको प्रतिमा

(घ) **कुच्छितो समणो समणको** - श्रमणक (घृणित श्रमण)

कुच्छितो मुण्डो मुण्डको - मुण्डक (घृणित मुण्ड)

(ङ) **अनुकम्पितो पुत्तो पुत्तिको** - सानो छोरा

खुद्दको रथो रथको - सानो रथ

https://dhamma.digital

किं, य, त, एत को पछाडि परिमाण अर्थमा 'त्तक' प्रत्यय, वन्तु प्रत्यय लाग्छ ।

(क) **किं परिमाणं यस्साति कित्तकं** - कति परिमाण भएको
यं परिमाणं यस्स यत्तकं - जति परिमाण भएको
तं परिमाणं यस्स तत्तकं - उति परिमाण भएको
एतं परिमाणं यस्स एत्तकं - त्यति परिमाण भएको

(ख) **किं परिमाणं अस्स कीवा -** कति परिमाण भएको
यं परिमाणं अस्स यावा - जति परिमाण भएको
तं परिमाणं अस्स तावा - उति परिमाण भएको

आ**वतक** प्रत्यय राखेर **यावतको, तावतको** पनि हुन्छ ।

यसबाट बनिएको, यसबाट उत्पन्न भएको, यो प्रकृति, स्वत्थ (**सकत्थ)** अर्थहरूमा मय प्रत्यय लाग्छ ।

(क) सु**वण्णेन पकतो सुवण्णमयो** - सुवर्णमय (सुनबाट बनिएको)
सुवण्णं पकति यस्स सुवण्णमयो - सुवर्णमय

(ख) **इद्धिया निब्बत्तं इद्धिमयं** - ऋद्धिमय (ऋद्धिद्वारा उत्पन्न भएको पात्र, चीवर)
मनसा निब्बत्तं मनोमयं - मनोमय (ध्यानचित्तद्वारा उत्पन्न भएको ऋद्धि)

(ग) **दानमेव दानमयं** - दान
सीलमेव सीलमयं - शील
भावना एव भावनामयं - भावना ('स्वत्थ' अर्थमा 'मय' प्रत्यय)

https://dhamma.digital

अरूभन्दा भिन्नलाई **'विसेस'** भनिन्छ । यो विशेष अर्थमा तर, तम, इसिक, इय, इट्ठ पाँच वटा प्रत्यय लाग्छ ।

(क) **पापानं विसेसो पापतरो, पापतमो, पापिसिको, पापियो, पापिट्ठो** - विशेषरूपले पापी (पापीहरूमध्ये विशेष पापी भएको व्यक्ति), अतिपापी

(ख) **पटूनं विसेसो पटुतरो, पटुतमो, पटिसिको, पटियो, पटिट्ठो -** विशेषरूपले ज्ञानी (ज्ञानीहरूमध्ये विशेषरूपले ज्ञानी भएको व्यक्ति) । यस तद्धितमा एउटा अर्थ मात्र होइन, धेरै अर्थ प्रकट हुने हुनाले यसलाई **"अनेकत्थ** (धेरै अर्थ भएको) तद्धित" भनिन्छ ।

अनेकत्थ तद्धित समाप्त भयो ।

Dhamma.Digital

https://dhamma.digital

३. भावतद्धित

भाव अर्थमा ण्य, त्त, ता प्रत्यय हुन्छ ।

(क) **अलसस्स भावो आलस्यं** - आलस्य (अल्सी हुनाको भाव)
अरोगस्स भावो आरोग्यं - आरोग्य (निरोगी हुनाको भाव)
कुसलस्स भावो कोसल्लं - कौशल्य (कुशल हुनाको भाव)
पण्डितस्स भावो पण्डिच्चं - पाण्डित्य (पण्डित हुनाको भाव)
बहुस्सुतस्स भावो बाहुस्सच्चं - बाहुश्रुत्य (बहुश्रुत हुनाको भाव)
इस्सरस्स भावो इस्सरियं - ऐश्वय (ईश्वर हुनाको भाव)

(ख) **मनुस्सस्स भावो मनुस्सत्तं मनुस्सता** - मनुष्यत्व (मनुष्य हुनाको भाव)
दण्डिस्स भावो दण्डित्तं, दण्डिता - लट्ठी भएको व्यक्तिको भाव

भाव अर्थमा नै त्तन, णेय्य, ण, कण् यी चार प्रत्ययहरू हुन्छन् ।

(क) **जारस्स भावो जारत्तनं** - जारत्वम् (लोग्ने हुनाको भाव)
जायाय भावो जायत्तनं - जायत्वम् (स्वास्नी हुनाको भाव)

(ख) **सुचिनो भावो सोचेय्यं** - शौच्य (शुद्ध हुनाको भाव)

(ग) **विसमस्स भावो वेसम्मं** - वैषम्य (विषम हुनाको भाव)
गरुनो भावो गारवं - गौरव (गुरु हुनाको भाव)
उजुनो भावो अज्जवं - ऋजव (ऋजु हुनाको भाव)
मुदुनो भावो मद्दवं - मार्दव (मृदु हुनाको भाव)

(घ) **रमणीयस्स भावो रामणेय्यकं -** रमणीय हुनाको भाव

https://dhamma.digital

कर्म, सकत्थ अर्थहरूमा 'ण्य' प्रत्यय लाग्छ ।

(क) **वीरस्स भावो वीरियं** - वीर्य (वीर हुनाको भाव)
वीरानं कम्मं वीरियं - वीरहरूको काम
भिसग्गस्स कम्मं भेसज्जं - भेषज (वैद्यको काम, औषधि)
भिसग्गस्स भावो भेसज्जं - भैषज (वैद्यको भाव)
सठस्स कम्मं साठेय्यं - शाठ्य (धूर्तको काम)

(ख) **यथाभूतमेव यथाभुच्चं** - यथार्थ हुनु
करुणायेव कारुञ्ञं - कारुण्य (दया राख्नु)
पत्तकालंयेव पत्तकल्लं - अनुकूल समय भएको कर्म

४. अस्सत्थितद्धित

मेधा अस्स अत्थि = ऊसँग प्रज्ञा छ भन्ने अस्स अत्थि अर्थमा 'वी' इत्यादि प्रत्ययहरू लाग्छन् । त्यसैले यो तद्धितलाई अस्सत्थि तद्धित भनिन्छ ।

(क) **मेधा अस्स अत्थि, तस्मिं वा विज्जतीति मेधावी** - मेधावी (ज्ञान भएको पुरुष)
मेधा अस्सा अत्थीति मेधाविनी - मेधाविनी (ज्ञान भएको महिला)
मेधा अस्स अत्थीति मेधावि - ज्ञान भएको कुल
माया अस्स अत्थीति मायावी - मायावी (माया भएको पुरुष)

(ख) **पिच्छं अस्स अत्थीति पिच्छिलो** - पिच्छिल (माड भएको रुख)
जटा अस्स अत्थीति जटिलो - जटिल (जटा भएको ऋषि)
तुण्डो अस्स अत्थीति तुण्डिलो - तुण्डिल (थुतुनो भएको चरा)

https://dhamma.digital

(ग) **सुमेधा अस्स अत्थीति सुमेधसो** - सुमेधस (राम्रो प्रज्ञा भएको व्यक्ति, बुद्धिमान)

लोमा अस्स अत्थीति लोमसो - लोमश (रौं भएको व्यक्ति)

(घ) **केसा अस्स अत्थीति केसवो** - केशव (राम्रो केश भएको व्यक्ति)

वाचा अस्स अत्थीति वाचालो - वाचाल (कुरा भएको व्यक्ति/धेरै बोल्ने व्यक्ति)

'तप' इत्यादिको पछाडि 'सी' प्रत्यय हुन्छ । दण्ड इत्यादिको पछाडि 'इक', 'ई' प्रत्यय हुन्छ । मधु इत्यादिको पछाडि 'र' प्रत्यय हुन्छ ।

(क) **तपो अस्स अत्थि तस्मिं वा विज्जतीति तपस्सी** - तपस्वी (तप भएको ऋषि)

तपो अस्सा अत्थि तस्मिं वा विज्जतीति तपस्सिनी - (तपस्विनी) तप भएको ऋषिनी,

यसो अस्स अत्थि तस्मिं वा विज्जतीति यसस्सी - यसस्वी (यश भएको व्यक्ति)

तेजो अस्स अत्थि तस्मिं वा विज्जतीति तेजस्सी - तेजस्वी (तेज भएको व्यक्ति, प्रतापी)

(ख) **दण्डो अस्स अत्थि तस्मिं वा विज्जतीति दण्डिको, दण्डी** - लट्ठी भएको व्यक्ति

संघो अस्स अत्थि तस्मिं वा विज्जतीति संघी - संघ भएको गुरु

छत्तं अस्स अत्थि तस्मिं वा विज्जतीति छत्तिको, छत्ती - छाता भएको व्यक्ति

https://dhamma.digital

ञाणं अस्स अत्थि तस्मिं वा विज्जतीति ञाणिको, ञाणी - ज्ञानी (ज्ञान भएको व्यक्ति)

मधु अस्स अत्थि, तस्मिं वा विज्जतीति मधुरो - मधुर (गुलियो स्वाद भएको)

कुञ्जा अस्स अत्थि, तस्मिं वा विज्जतीति कुञ्जरो - कुञ्जर (कुञ्ज भएको हात्ती)

नगा तस्मिं अत्थीति नगरो - नगर (रुख भएको ठाउँ)

मुखं अस्स अत्थीति मुखरो - मुखर (मुख भएको व्यक्ति/मुख राम्रो, जिब्रो पातलो भएकोले धेरै कुरा गर्ने),

रुचि अस्स अत्थीति रुचिरो - रुचिर (रुचि भएको व्यक्ति)

सुचि अस्स अत्थीति सुचिरो - सुचिर (शुद्ध भएको व्यक्ति)

गुण, भग इत्यादिको पछाडि **'वन्तु'** प्रत्यय; सति इत्यादिको पछाडि **'मन्तु'** प्रत्यय; **सद्धा** इत्यादिको पछाडि 'ण' प्रत्यय हुन्छ ।

उदाहरणहरू

(क) **गुणो अस्स अत्थीति गुणवा** - गुणवान् (गुण भएको व्यक्ति)
भगो अस्स अत्थीति भगवा - भगवान् (भाग्य भएको व्यक्ति)
यसो अस्स अत्थीति यसवा - यशवान् (यश भएको व्यक्ति)
धनं अस्स अत्थीति धनवा - धनवान् (धन भएको व्यक्ति)
पञ्ञा अस्स अत्थीति पञ्ञवा - प्रज्ञावान् (प्रज्ञा भएको व्यक्ति)
बलं अस्स अत्थीति बलवा - बलवान् (बल भएको व्यक्ति)

(ख) **सति अस्स अत्थीति सतिमा** - स्मृतिमान् (स्मृति भएको व्यक्ति)
सति अस्सा अत्थीति सतिमती - स्मृतिमती (स्मृति भएकी महिला)
बन्धु अस्स अत्थीति बन्धुमा - बन्धुमान् (बन्धु भएको व्यक्ति)

https://dhamma.digital

रुचि अस्स अत्थीति रुचिमा - रुचिमान् (रुचि भएको व्यक्ति)
थुति अस्स अत्थीति थुतिमा - स्तुतिमान् (स्तुति भएको व्यक्ति)
धिति अस्स अत्थीति धितिमा - धृतिमान् (धैर्य भएको व्यक्ति)
आयु अस्स अत्थीति आयुस्मा - आयुष्मान् (लामो आयु भएको व्यक्ति)

(ग) **सद्धा अस्स अत्थीति सद्धो** - श्रद्धा भएको पुरुष
सद्धा अस्सा अत्थीति सद्धा - श्रद्धा भएकी महिला
सद्धा अस्स अत्थीति सद्धं - श्रद्धा भएको कुल
पञ्ञा अस्स अत्थीति पञ्ञो - प्रज्ञा भएको व्यक्ति

५. संख्यातद्धित

पूर्ण अर्थमा म, थ, ठ, तिय यी चार प्रत्ययहरू हुन्छन् ।

(क) **प**ञ्चन्नं पूरणो पञ्चमो - पाँचौं (पाँच पूरा हुनाको कारण)
पञ्चन्नं पूरणी पञ्चमी - पाँचौं पारमी
पञ्चन्नं पूरणं पञ्चमं - पाँचौं चित्त

(ख) चतुन्नं पूरणो चतुत्थो - चौथौं (चार वटा पूरा हुनाको कारण)
चतुन्नं पूरणी चतुत्थी - चौथौं पारमी
चतुन्नं पूरणं चतुत्थं - चौथौं चित्त

(ग) छन्नं पूरणो छट्ठो - छैटौं (छ वटा पूर्ण हुनाको कारण)
छन्नं पूरणी छट्ठी - छैटौं पारमी
छन्नं पूरणं छट्ठं - छैटौं चित्त

(घ) द्विन्नं पूरणो दुतियो - दोस्रो (द्वितीय)
तिन्नं पूरणो ततियो - तेस्रो (तृतीय)

https://dhamma.digital

टिप्पणी - पहिला चार वटा भएकोमा अर्को एउटा थपिदिनाले यो थपिएको कारण पाँच वटा पूर्ण भएकोले "पञ्चमो" भन्दाखेरी पाँचै वटा नभईकन पछिल्लो एउटालाई मात्र बुझाउँछ । यो एउटालाई नै "पाँचौं" भनिन्छ ।

संख्याक्रमहरू

एको, एका, एकं - एक	**पठमो** - प्रथम (पहिलो)
द्वे - दुई	**दुतीयो** - द्वितीय (दोस्रो)
तयो, तिस्सो, तीणि - तीन	**ततीयो** - तृतीय (तेस्रो)
चत्तारो, चतस्सो, चत्तारि - चार	**चतुत्थो** - चतुर्थ (चौथौं)
पञ्च - पाँच	**पञ्चमो** - पञ्चम (पाँचौं)
छ - छ	**छट्ठो** - षष्ठ (छैटौं)
सत्त - सात	**सत्तमो** - सप्तम (सातौं)
अट्ठ - आठ	**अट्ठमो** - अष्टम (आठौं)
नव - नौ	**नवम** - नवम (नवौं)
दस - दश	**दसमो** - दशम (दशौं)
एकारस, एकादस - एघार	**एकादसमो** - एकादशम (एघारौं)
द्वादस - बाह्र	**द्वादसमो** - द्वादसम (बाह्रौं)
तेरस, तेलस - तेह्र	**तेरसमो** - तेरसम (तेह्रौं)
चुद्दस, चतुद्दस - चौध	**चुद्दसमो** - चतुदश (चौधौं)
पन्नरस, पञ्चदस - पन्ध्र	**पन्नरसमो** - पन्ध्रौं
सोलस - सोह्र	**सोलसमो** - सोह्रौं
सत्तरस - सत्र	**सत्तरसमो** - सत्रौं
अट्ठारस - अठाह्र (अठार)	**अट्ठारसमो** - अठारौं

https://dhamma.digital

एकूनवीसति - उन्नाइस

वीसं, वीसति - बीस

तिंस, तिंसति - तीस

एकूनवीसतिमो - उन्नाइसौं

वीसतिमो - बीसौं

तिंसतिमो - तीसौं

एकासीति - एकासी

एकूननवुति - उनान्नब्बे

नवुति - नब्बे

एकूनसतं - उन्नान्सय

सतं - सय

सहस्सं - सहस्र (हजार)

दससहस्सं (नहुतं) - दशसहस्र (दश हजार)

सतसहस्सं (लक्खं) - सयसहस्र (एक लाख)

द**ससतसहस्सं** - दशसयसहस्र (दश लाख)

कोटि - कोटि, करोड

पकोटि - प्रकोटि (शून्य १४ भएको संख्या शब्द)

कोटि पकोटि - कोटि प्रकोटि (शून्य २१ भएको संख्या शब्द)

अक्खोभिणी - अक्षौभिनी (शून्य ४२ भएको संख्या शब्द)

असङ्खेय्य - असंङ्खे, असंङ्खटा

१. **द्वि**देखि **अट्ठार**ससम्म त्रिल्लिङ्ग जहिले पनि बहुवचन हुन्छ।

२. **वीसति**देखि **नवुति**सम्म स्त्रीलिङ्ग एकवचन हुन्छ।

३. **सतं**देखि **असङ्खेय्य**सम्म नपुंसक एकवचन हुन्छ।

४. **कोटि** तीन वटा र अक्खोभिण्नी स्त्रीलिङ्ग एकवचन हुन्छ।

५. वर्ग छुट्यो भने सबै बहुवचन हुन्छ।

https://dhamma.digital

टिप्पणी - सत एक वटा, कोटि एक वटा मात्र नभएर सत दुई वटा इत्यादि, कोटि दुई वटा इत्यादि भएर दुई वटा, तीन वटा इत्यादि छुट्टिएमा जसरी "द्वे + सतानि, द्वे + कोटियो, चत्तारि असङ्खेय्यानि" इत्यादि भएमा बहुवचन हुन्छ ।

६. अव्ययतद्धित

अव्यय प्रत्ययहरू **'क्खत्तुं, धा, ज्झ, सो, था, थं, थत्ता'** यी सात वटा छन् । पटक अर्थमा **क्खत्तुं**; विभाग अर्थमा **धा, ज्झ;** आकार अर्थमा **सो, था;** प्रकार अर्थमा **थं, थत्ता** अव्यय प्रत्ययहरू प्रयोग हुन्छन् ।

(क) **एको वारो एकक्खत्तुं** - एक बार (पटक), एकखेप
द्वे वारे द्विक्खत्तुं - दुई बार
तयो वारे तिक्खत्तुं - तीन बार
बहुक्खत्तुं - धेरै बार
कतिक्खत्तुं - कति पटक

(ख) **एकेन विभागेन एकधा** - एक प्रकार
द्वीहि विभागेहि द्विधा - दुई प्रकार
कतीहि विभागेहि कतिधा - कति प्रकार
बहूहि विभागेहि बहुधा - धेरै प्रकार

(ग) **एको विभागो एकज्झं** - एक प्रकार
द्वे विभागो द्वेज्झं - दुई प्रकार

(घ) **सब्बेन आकारेन सब्बसो** - सबै आकार
सब्बेन पकारेन सब्बसो - सबै प्रकार

https://dhamma.digital

(ङ) **येन आकारेन यथा** - जुन आकारले
येन पकारेन यथा - जुन प्रकारले
अञ्ञेन आकारेन अञ्ञथा - अन्यथा, अर्कै आकारले
अञ्ञेन पकारेन अञ्ञथा - अन्यथा, अर्कै प्रकारले
इतरेन आकारेन इतरथा - अर्कै आकारले, अर्कै किसिमले
इतरेन पकारेन इतरथा - अर्कै प्रकारले, अर्कै किसिमले
उभयेन पकारेन उभयथा - दुई प्रकारले

(च) **केन पकारेन कथं** - कुन प्रकारले
अयं पकारेन इत्थं - यस प्रकारले
येन पकारेन यथत्ता - जुन प्रकारले
तेन पकारेन तथत्ता - त्यस प्रकारले

संक्षिप्त तद्धित समाप्त भयो ।

Dhamma.Digital

https://dhamma.digital

कितक (Primary Derivative)

धातुको पछाडि प्रत्यय राखी बनाएको नामलाई 'कितक' भनिन्छ । साधन कर्तु, कर्म, करण, सम्प्रदान, अपादान, अधिकरण, भाव साधन गरी सात प्रकारका छन् । यी साधन अर्थ व्यक्त गर्न तब्ब, अनीय, ण्वु, ण, अ, त, तवन्तु, तावी, तु, यु, णी, मान, अन्त प्रत्ययहरू लाग्छन् । उदाहरणहरू -

तब्ब, अनीय प्रत्यय

कतब्बं, करणीयं - गर्नु पर्छ , गर्न योग्य छ, गर्न सक्छ
गन्तब्बं, गमनीयं - जानु पर्छ, जान योग्य छ, जान सक्छ
सोतब्बं, सवणीयं - सुन्नु पर्छ, सुन्न योग्य छ, सुन्न सक्छ
पचितब्बं, पचनीयं - पकाउनु पर्छ, पकाउन योग्य छ, पकाउन सक्छ

ण्वु प्रत्यय

करोतीति कारको - कर्ता, काम गर्ने व्यक्ति
करोतीति कारिका - काम गर्ने महिला
करोतीति कारिकं - काम गर्ने कुल
ददातीति दायको - दाता, दान गर्ने पुरुष
ददातीति दायिका - दान गर्ने महिला
ददातीति दायिकं - दान गर्ने कुल
पचतीति पाचको - पकाउने पुरुष (भान्से)
पचतीति पाचिका - पकाउने महिला
पचतीति पाचकं - पकाउने कुल
नेतीति नायको - नायक, नेतृत्व गर्ने व्यक्ति (नेता)

https://dhamma.digital

नेतीति नायिका - नायिका, नेतृत्व गर्ने महिला (नेतृ)
नेतीति नायिकं - नेतृत्व गर्ने कुल
सुणातीति सावको - श्रावक, सुन्ने व्यक्ति
सुणातीति साविका - श्राविका, सुन्ने महिला
उपासतीति उपासको - उपासक, त्रिरत्नलाई उपासना गर्ने पुरुष
उपासतीति उपासिका - उपासिका, त्रिरत्नलाई उपासना गर्ने महिला
उपासतीति उपासकं - त्रिरत्नलाई उपासना गर्ने कुल

ण प्रत्यय

कुम्भं करोतीति कुम्भकारो - कुम्माले, घडा (घट) बनाउने व्यक्ति
मालं करोतीति मालाकारो - माली, माला बनाउने व्यक्ति
कम्मं करोतीति कम्मकारो - कर्मकार, काम गर्ने व्यक्ति
रथं करोतीति रथकारो - रथकार, रथ बनाउने व्यक्ति

अ प्रत्यय

तं करोतीति तक्करो - त्यस कामलाई गर्ने व्यक्ति
निस्सीयतीति निस्सयो - निश्रय लिइएको व्यक्ति
विनेतीति विनयो - अनुशासन गर्ने शिक्षक
पग्गहनं पग्गहो - प्रशंसा गर्नु
सङ्गहनं सङ्गहो - संग्रह गर्नु
आगमनं आगमो - आउनु
जयनं जयो - सफल हुनु, जित्नु
खयनं खयो - क्षय हुनु

https://dhamma.digital

त प्रत्यय

अगच्छीयित्थाति गतो - गइयो
अगच्छीति गतो - गएको, गयो
करीयतीति कतो - गरियो
अरमीति रतो - रमायो
अभुज्जित्थाति भुत्तो - खाइयो
अभवीति भूतो - भयो
अभावीयित्थाति भावितो - भाविता गरियो
कारीयित्थाति कारितो - गराइयो
अनीयित्थाति नीतो - लगियो
तिट्ठनं ठितं - स्थिर हुनु
अजीयित्थाति जितो - जितियो
अञ्ञायित्थाति ञातो - थाहा पाइयो (ज्ञात)
गायनं, अगायित्थाति गीतं - गीत
गमनं गतं - जानु

तवन्तु, तावी प्रत्ययहरू

अभुञ्जीति भुत्तवा, भुत्तावी - खाइसकेको व्यक्ति
अहवीति हुत्तवा, हुतावी - पूजा गरिसकेको व्यक्ति
अवसीति, वुसितवा, वुसितावी - आचरण गरिसकेको व्यक्ति

तु प्रत्यय

करोतीति कत्ता - कर्ता, गर्ने व्यक्ति
भरतीति भत्ता - पाल्ने व्यक्ति, स्वामी
वचतीति वत्ता - वक्ता, बोल्ने

https://dhamma.digital

नेतीति नेता - नेता, लैजाने
सुणातीति सोता - सुन्ने व्यक्ति
सावेतीति सावेता - सुनाउने
धारेतीति धाता - धारणा गर्ने
ददातीति दाता - दाता, दिने व्यक्ति

यु प्रत्यय

नन्दीयते नन्दनं - मन पराउनु
गहणीयं गहनं - लिनु
जानातीति ञाणं - ज्ञान
आरम्मणं विजानातीति विञ्ञाणं - विज्ञान
झायतीति झानं - ध्यान
पूरेति एतेनाति पूरणं - पूर्ण (पूरा हुनाको कारण)
दीयति अनेनाति दानं - दान
स**म्मा पकारेन ददाति अस्साति सम्पदानं** - सम्प्रदान
अपेच्च एतस्मा आददातीति अपादानं - अपादान

यु प्रत्यय

Dhamma.Digital

घोसनसीलो घोसनो - घोषणा गर्ने बानी भएको व्यक्ति
भसनसीलो भासनो - भाषण गर्ने बानी भएको व्यक्ति
कुज्झनसीलो कोधनो - रिसाउने बानी भएको व्यक्ति
चलनसीलो चलनो - कम्प हुने स्वभाव भएको व्यक्ति
रोचनसीलो रोचनो - रुच्ने बानी (रुचि) भएको व्यक्ति

https://dhamma.digital

णी प्रत्यय

ब्रह्मं चरितुं सीलं यस्साति ब्रह्मचारी - ब्रह्मचारी, उत्तम आचरणलाई पालना गर्ने स्वभाव भएको व्यक्ति

ब्रह्मं चरितुं सीलं यस्साति ब्रह्मचारीनी - ब्रह्मचारीनी, उत्तम आचरणलाई पालना गर्ने स्वभाव भएकी महिला

धम्मं चरितुं सीलं यस्साति धम्मचारी - धर्मचारी, धर्मलाई आचरण गर्ने स्वभाव भएको व्यक्ति

मान, अन्त प्रत्यय

गच्छतीति गच्छमानो, गच्छन्तो - जाँदा, जाँदै

गच्छीयतीति गच्छीयमानो - गइँदा

करोतीति कुरुमानो, कुब्बन्तो, करोन्तो - गर्दा

करीयतीति करीयमानो - गरिंदा

संक्षिप्त कितक समाप्त भयो।

संक्षिप्त व्याकरण समाप्त भयो ।

Dhamma.Digital

https://dhamma.digital

प्रारम्भिक पालिपाठ – १

महोसधकुमारवत्थु

१. बोधिसत्तो महोसधकुमारो अमरं नाम कञ्ञं गहेत्वा आगच्छन्तो एकस्मिं ठाने बदररुक्खं दिस्वा तस्स मूले निसीदि ।

२. अमरादेवी फलसम्पन्नं बदररुक्खं दिस्वा आह "सामि ! अभिरुहित्वा बदरफलं ओचिनित्वा खादाहि । मय्हम्पि देही" ति ।

३. "भद्दे ! अहं किलमामि, अभिरुहितुं न सक्कोमि, त्वमेव अभिरुहा" ति ।

४. अमरादेवी तस्स वचनं सुत्वा बदररुक्खं अभिरुय्ह साखन्तरे निसीदित्वा फलं ओचिनि ।

५. बोधिसत्तो आह - "भद्दे ! फलं मय्हं देही" ति ।

६. "उण्हप्फलं खादिस्ससि, उदाहु सीतप्फलं ?"

७. "भद्दे ! उण्हफलेन मे अत्थो । "

८. अमरादेवी फलानि भूमियं खिपित्वा आह - "सामि ! खादा" ति ।

९. बोधिसत्तो फलानि गहेत्वा धमेन्तो खादित्वा पुन आह "भद्दे ! सीतलं मे देही" ति ।

१०. अमरादेवी बदरप्फलानि तिणभूमिया उपरि खिपित्वा आह - "सामि ! खादा" ति ।

११. बोधिसत्तो तं गहेत्वा खादि ।

https://dhamma.digital

अभ्यास (१)

१. सुधन सुमनलाई बोलाई विहार आयो ।

२. सुधनले एक ठाउँमा फलले सम्पन्न आँपको बोटलाई देखेर भन्यो, “हे सुमन ! तिमी रुखमाथि चढेर आँप खाऊ, मलाई पनि देऊ ।”

३. “म चढ्न सक्दिन, तिमी नै चढ” भनी सुमनले भन्यो ।

४. सुधन आँपको बोट चढेर रूखको हाँगामा बस्दै आँप टिपेर खायो ।

५. “सुधन ! मलाई आँप देऊ” भनी सुमनले माग्यो ।

६. सुधनले आँप टिपेर “सुमन ! खाऊ” भनेर खसालिदियो ।

७. सुमनले आँप लिएर खायो ।

८. त्यसपछि सुधन आँपको रुखबाट ओर्लियो र दुवै जना घर फर्के ।

बदरफल	- बयरफल	**साखा**	- हाँगा
अम्ब	- आँप	**ओचिनित्वा**	- टिपेर
उभोपि	- दुवै जना	**ततो परं**	- त्यसपछि
अभिरुय्ह	- चढेर		

पाठ - २

गामदारकवत्थु

१. सुजनरेवतनामका गामदारका विहारं आगच्छन्ता एकं मधुरप्फलं चिञ्चारुक्खं दिस्वा आरुहिंसु ।

२. बुद्धरक्खितो नाम सामणेरो निवारेति - “मा आरुहथ, मा आरुहथा” ति ।

https://dhamma.digital

३. ते एवं निवारियमानापि आरुहन्तियेव । रेवतो पन "अम्हेसु आरुहन्तेसु किं भविस्सती" तिपि भणति ।

४. सामणेरो महासद्दं कत्वा भिक्खूनं आरोचेसि - "इध भन्ते ! गामदारका चिञ्चारुक्खं आरुहन्ती" ति ।

५. आयस्मा चक्कपालो तं सद्दं सुत्वा कुद्धो आह - "एथ सामणेरा ! लेड्डुना पहरित्वा पातेथा" ति ।

६. बहू सामणेरा आगन्त्वा परिवारेत्वा लेड्डूहि पहरिंसु ।

७. ते पि दारका भीता सीघं सीघं ओरुय्ह गामाभिमुखा पलायिंसु ।

८. "एवं खो आवुसो ! समग्गकम्मं नाम कल्याणं वा पापकं वा यथिच्छितं समिज्झतियेवा" ति ।

अम्हेसु आरुहन्तेसु किं भविस्सति - हामीहरू चढ्दा के हुनेछ ?

निवारेति - रोक्यो	**आरुहन्तियेव** - चढी नै रहन्छन्
इध भन्ते - यहाँ भन्ते	**पातेथ** - हान्
गामदारको - गाउँको बालक	**गामाभिमुख** - गाउँतिर
मधुरफलं - गुलियो फल भएको	**समग्गकम्मं** - समग्रकाम
चिञ्चा - इमली	**यथिच्छितं** - इच्छानुसार
कुद्धो - रिसाएर	**समिज्झतियेव** - सिद्ध हुन्छ नै
लेड्डु - ढुङ्गा	**कल्याणं वा पापकं वा** - राम्रो होस् वा नराम्रो

Dhamma.Digital

अभ्यास (२)

१. सुमना र सुधम्मा नाम भएका बालिकाहरूले विहार आउँदा फूलहरू देखेर टिपे ।

२. श्रामणेर धर्मरक्षितले "नटिप्नु है" भनी रोक्यो ।

https://dhamma.digital

३.	यसरी रोके तापनि बालिकाहरूले टिपि नै रहन्छन् ।
४.	श्रामणेर धर्मरक्षितले श्रामणेर संघरक्षितलाई बोलाएर ढुङ्गाले हान्यो ।
५.	बालिकाहरू डराएर छिटो छिटो गाउँतिर भागे ।
६.	त्यसपछि ती बालिकाहरूका आमाबुबाहरू विहारमा आएर यसका बारे स्थविरलाई प्रार्थना गरे ।
७.	स्थविरले श्रामणेरहरूलाई केही भन्नुभएन ।

एतमत्थं (एतं + अत्थं) - यसको बारेमा
न किञ्चि वदेति - केही भन्नुभएन ।
थेरो - स्थविर

पाठ - ३
महोसधपण्डितवत्थु

१.	महोसधपण्डितो अत्तनो अनुच्छविकं कुमारिकं परियेसमानो अमरादेविं नाम पोराणकसेट्ठिकुलस्स धीतरं दिस्वा तं वीमंसितुकामो तस्सा गेहे कतिपाहं वसि ।
२.	अथ नं वीमंसन्तो आह-"भद्दे अड्ढनालिकतण्डुले गहेत्वा पातोव मय्हं यागुञ्च पूवञ्च भत्तञ्च पचाही" ति ।
३.	अमरादेवी "साधु" ति सम्पटिच्छित्वा तण्डुले कोट्टेत्वा मूलतण्डुलेहि भत्तं, मज्झिमतण्डुलेहि यागुं, कणकेहि पूवं पचित्वा पठमं यागुं अदासि ।
४.	सो तस्सा चित्तं वीमंसितुकामो "यागुं पचितुं अजानन्ती किमत्थं मम तण्डुले नासेसी" ति वत्वा भूमियं पातेसि ।
५.	"सामि ! सचे यागु न सुन्दरा, पूवं खादा" ति ।
६.	तम्पि तथेव अकासि ।

https://dhamma.digital

७. “सामि ! सचे पूवं न सुन्दरं, भत्तं भुञ्जा” ति ।

८. भत्तंपि तथेव कत्वा कुद्धो विय “गच्छ द्वारे निसीदा” ति आह ।

९. अमरादेवी पन अकुज्झित्वाव “साधु सामी” ति वत्वा गन्त्वा निसीदि ।

अनुच्छविकं - अनुकूल (योग्य)
पचितुं - पकाउने तरिका
परियेसमानो - खोज्दा
सम्पटिच्छित्वा - स्वीकार गरेर
पोराणकसेट्ठिकुलं - पुरानो साहूकुल
वीमंस - परीक्षा
कतिपाहं - केही दिनसम्म (दुई, तीन दिनसम्म)
अड्ढनालिकतण्डुलं - आधा माना चामल
पातोव - बिहान सबेरै नै
पूव - रोटी
कोट्टेत्वा - कुटेर
मूलतण्डुलं - राम्रो चामल
मज्झिमतण्डुल- मध्यम चामल
कणक - चोकर
किमत्थं - केको लागि
नासेसि - नास गरेकी ?
कुद्धो विय - रिसाएको जस्तो गरेर
पच - उमाल्नु, पकाउनु, भुट्नु, उसिन्नु, पोल्नु, बफाउनु, तार्नु आदि

https://dhamma.digital

अभ्यास (३)

१. श्रामणेर बुद्धरक्षित ! जाउलो पकाउन आउँछ ?

२. हजुर भन्ते ! मलाई जाउलो पकाउन आउँछ ।

३. यदि जाउलो पकाउन आउँछ भने श्रामणेर धर्मरक्षितको लागि जाउलो पकाऊ ।

४. श्रामणेर धर्मरक्षित बिरामी भएछ । उसलाई खाने इच्छा होला ।

५. श्रामणेर धर्मरक्षितलाई पनि सोध "यागु खान्छौ" भनेर ।

६. यागु पकाउँदा संघको लागि तातो पानी पनि तताऊ । भोजन चाहिं मेधानन्दले पकाउँनेछ ।

७. श्रामणेर धर्मरक्षितलाई सन्चो भयो । ऊ जाउलो खाँदैन । भोजन नै खानेछ ।

गिलानो - बिरामी (सन्चो नभएको व्यक्ति)
कल्लो - निरोगी (सन्चो भएको व्यक्ति)

पाठ - ४
सुमनादेवीवत्थु

१. सावत्थियं अनाथपिण्डिकस्स नाम सेट्ठिनो धीता सुमनादेवी नाम अहोसि । सा सकदागामिफलं पत्वा कुमारिकाव हुत्वा गिलाना अहोसि । सा मरणकाले पितरं दट्ठुकामा हुत्वा पक्कोसापेसि । सेट्ठि आगन्त्वा आह -

"किं, अम्म सुमने ?"

"किं, तात कनिट्ठभातिका" ति ?

"विलपसि अम्मा" ति ?

"न विलपामि, कनिट्ठभातिक !"

https://dhamma.digital

“भायसि, अम्म ?”
“न भायामि, कनिट्ठभातिक !”
एत्तकं वत्वा कालमकासि ।

२. सेट्ठि धीतु सरीरकिच्चं कत्वा रोदन्तो सत्थु सन्तिकं आगन्त्वा एतमत्थं आरोचेसि । अथ नं भगवा आह -
“न ते गहपति ! धीता विलपति, कनिट्ठत्तायेव कनिट्ठभातिकाति तं आलपति, त्वं हि सोतापन्नो, तव धीता पन सकदागामिनी” ति ।
“एवं, भन्ते ?”
“एवं, गहपति !”
“इदानि कुहिं निब्बत्ता भन्ते ?”
“तुसिताभवने गहपति !”
“भन्ते ! मम धीता इध ञातकानं अन्तरे नन्दमाना विचरित्वा इतो गन्त्वापि नन्दनट्ठानेयेव निब्बत्ता ।”
“आम गहपति ! अप्पमत्ता नाम गहट्ठा वा पब्बजिता वा इध लोके च परलोके च नन्दन्तियेव ।”

Dhamma.Digital

गाथा

इध नन्दति पेच्च नन्दति,
कतपुञ्ञो उभयत्थ नन्दति ।
पुञ्ञं मे कतन्ति नन्दति,
भिय्यो नन्दति सुगतिं गतो ।

कुमारिका - कन्या
पक्कोसापेसि - बोलाउन पठायो
गहपति - गृहपति
कनिट्ठत्तायेव - सानो भएकोले नै
एवं भन्ते - यसरी नै हो भन्ते

https://dhamma.digital

विलपसि - विलाप गर्दैछौ

एत्तकं - यतिको

वत्वा - भनेर

कालो - मर्नु

सरीरकिच्चं - शरीर कृत्य

नन्दनट्ठानं - मनपर्ने स्थान

पेच्च - परलोकमा

कतपुञ्ञो - गरिएको पुण्य भएको

भिय्यो - असाध्यै

गतो - पुग्दा

नन्दति - खुशी हुन्छ ।

अभ्यास (४)

१. तिमी मदेखि डराउँदैनौ ?
२. तिमी जस्तोसँग म डराउँदिन ।
३. तिमी नि मदेखि डराउँदैनौ ?
४. म पनि तिमीदेखि किन डराउनु ?
५. दाइ ! तपाईंदेखि म डराउँछु ।
६. भाइ ! म देखि नडराउनू, तिम्रो गुरुदेखि मात्र डराउनू ।
७. भाइ ! तिमीलाई मेरो कुरा मन पर्छ ?
८. हो दाइ ! दाइको कुरा मन पर्छ ।
९. धेरै मानिसहरू पहिले पनि मरिसकेका छन्, अहिले पनि मरिरहेका छन्, पछि पनि मर्ने छन् ।
१०. मभन्दा ठूला, मभन्दा साना, म समान भएका धेरै मानिसहरू मरिसके ।

भाता, भातिक - दाजु

जेट्ठभाता, जेट्ठभातिक - ठूलो दाजु

कनिट्ठभाता, कनिट्ठभातिक - भाइ

मया - मभन्दा, मदेखि

वुड्ढो - ठूलो

समो - समान भएको

नवो - सानो

तादिसो, तुम्हादिसो - तिमी जस्तो मान्छे

https://dhamma.digital

पाठ ५
अट्ठुपोसथिक वत्थु

१. अनाथपिण्डिकस्स सेट्ठिनो गेहे उपोसथदिवसे सायमासं न भुञ्जन्ति । सब्बेव उपोसथिका होन्ति । अन्तमसो थनपायिनोपि दारके मुखं विक्खालेत्वा चतुमधुरं मुखे पक्खिपापेत्वा उपोसथिके कारेति ।

२. न चिरं तं गेहं सम्पत्तो भतिको उपोसथभावं अजानन्तो कम्मकरणत्थाय अरञ्ञं गच्छति । अथस्स पत्थोदनं पचिंसु ।

३. सो दिवसं अरञ्ञे कम्मं कत्वा सायं आगन्त्वा भत्तं वड्ढेत्वा दीयमानं छातोम्हीति सहसा अभुञ्जित्वाव चिन्तेसि "अञ्ञेसु दिवसेसु इमस्मिं गेहे भत्तं देथ, ब्यञ्जनं देथा" ति महाकोलाहलो होति । अज्ज सब्बे निस्सद्दा निपज्जिंसु, मय्हमेव एकस्स भत्तं वड्ढयिंसु, किं नु खो एतं" ति ।

४. एवं चिन्तेत्वा पुच्छित्वा कारणं ञत्वा तं भत्तं अभुञ्जित्वाव मुखं विक्खालेत्वा उपोसथङ्गानि अधिट्ठहन्तो उपड्ढउपोसथकम्मं अकासि ।

५. तस्स सकलदिवसं कम्मं कत्वा छातस्स सरीरे वाता कुप्पिंसु ।

६. सेट्ठि तं पवत्तिं सुत्वा चतुमधुरं गाहापेत्वा तस्स सन्तिकं आगन्त्वा,
"किं, ताता !" ति पुच्छि ।
"सामि ! वाता मे कुप्पिता ।"
"तेन हि उट्ठाय इदं भेसज्जं खादाहि ।"
"तुम्हेपि खादथ, सामि !"

https://dhamma.digital

"अम्हाकं अफासुकं नत्थि, त्वं खादाहि ।"

"सामि ! अहं उपोसथकम्मं करोन्तो सकलं कातुं नासक्खिं, उपड्ढकम्ममम्पि मे विकलं मा अहोसी " ति न इच्छि ।

"मा एवं करि, ताता !" ति वुच्चमानोपि अनिच्छित्वा अरुणे उट्ठहन्ते मिलातमाला विय कालं कत्वा निग्रोधरुक्खे देवता हुत्वा निब्बत्ति ।

सायमासो - साँझको खाना

थनपायी - दुधे बच्चा, बालक

भतिको - ज्यामी (तलब खाइराखेको),

वड्ढेत्वा - पस्केर

सहसा - छिटो

विकलं - भङ्ग गर्नु

विक्खालेत्वा - धोएर

उपोसथिको - उपोसथ व्रत बस्ने व्यक्ति

अन्तमसो - अन्तिम रूपले

पत्थोदनो - एक माना भात

छातो - भोकाएको व्यक्ति

अफासुकं - अस्वस्थ

मिलात - मलिन हुनु

अरुणे उट्ठहन्ते - अरुणोदय हुँदा

अधिट्ठहन्तो - अधिष्ठान गर्दै

Dhamma.Digital

अभ्यास (५)

१. भाइहरू ! तिमीहरू उपोसथको दिनमा उपोसथ व्रत बस्नू ।
२. हुन्छ, हामीहरू उपोसथको दिनमा व्रत बस्छौं ।
३. महिला एक जना दुधे बालिकालाई बोकेर आई ।
४. यो दुधे बालिका हो ।
५. दुधे बालिकाको मुखमा चतुमधु हालिदेऊ ।

https://dhamma.digital

६. खाइसकेपछि काम गर्न वन गयो । उसलाई उपोसथको दिन भनी थाहा थिएन । फर्केर आउँदा अर्ध उपोसथ व्रत पालन गऱ्यो ।

७. मेरो लागि भात पाक्यो ? पाक्यो भने पस्क, भोक लाग्यो ।

८. तिमी एक्लैको लागि एक माना भात पकाएको छ । म पस्किदिन्छु ।

९. "भात देऊ, तरकारी देऊ" भनी हल्ला मचाइरहेछ ।

१०. एक थाल भात मलाई पुग्दैन, अर्को पनि राखिदेऊ ।

११. यसो नभन, यो राम्रो कुरा होइन ।

१२. अरुणोदय भएको छैन ?

१३. फूल टिपेर ल्याऊ ।

१४. फलफूलहरू टिपेर भगवान्लाई दान गर ।

१५. फूलहरू सुकिसके पानी छर्किदेऊ ।

१६. मुख पखालेर मात्र खाना खाऊ ।

१७. बिरामी भए औषधि खाऊ ।

पाठ-६
वासुलदत्तदेवीवत्थु

१. कोसम्बियं उतेनो नाम राजा रज्जं कारेति उज्जेनियं पन चण्डपज्जोतो नाम राजा अहोसि । उतेनो राजा हत्थिकन्तं नाम सिप्पं जानाति, मन्तं परिवत्तेत्वा हत्थिकन्तवीणं वादेन्तो नागे पलायेतिपि गण्हातिपि । चण्डपज्जोतस्स वासुलदत्तदेवी नाम धीता अत्थि ।

२. एकस्मिं समये चण्डपज्जोतो उतेनं हत्थिरूपकेन वञ्चेत्वा गण्हित्वा-

https://dhamma.digital

"त्वं मन्तं दस्ससि, न दस्ससी" ति पुच्छि ।
"दस्सामि, गहणसमये पन मं वन्दिस्ससि ।"
"क्याहं तं वन्दिस्सामि, न वन्दिस्सामि ।"
"अहम्पि ते न दस्सामि ।"
"एवं सन्ते राजाणं ते करिस्सामि ।"
"करोहि, सरीरस्स मे इस्सरो । न पन चित्तस्स ।"
"अञ्ञस्स वन्दित्वा गण्हन्तस्स दस्ससि ?"
"आम महाराज ! "
"तेन हि अम्हाकं घरे एका खुज्जा अत्थि, तस्सा अन्तोसाणियं वन्दित्वा निसिन्नाय त्वं बहिसाणियं ठितोव मन्तं वाचेहि ।"
"साधु महाराज ! खुज्जा वा होतु पीठसप्पिनी वा, वन्दन्तिया दस्सामि ।"

३. ततो राजा गन्त्वा धीतरं वासुलदत्तं आह - "अम्म ! एको सङ्खकुट्ठी अनग्घमन्तं जानाति, तं अञ्ञं जानापेतुं न सक्का । त्वं अन्तोसाणियं निसीदित्वा तं वन्दित्वा मन्तं गण्ह, सो बहिसाणियं ठत्वा तुय्हं वाचेस्सती" ति ।

४. उतेनो तस्सा अन्तोसाणियं वन्दित्वा निसिन्नाय बहि ठिता मन्तं वाचेसि । अथ नं एकदिवसं पुनप्पुनं वुच्चमानम्पि मन्तपदं वत्तुं असक्कोन्तिं आह - "अरे खुज्जे ! अतिबहलोट्ठकपोलं तव मुखं पोथयिस्सामि, एवं नाम वदेही" ति ।
"हरे दुट्ठसङ्खकुट्ठि ! किं वदेसि ? किं मादिसा खुज्जा नाम होति ?"

५. सो साणिकण्णं उक्खिपित्वा-
"कासि त्वं ?"
"रञ्ञो धीता वासुलदत्ता नामाहं ।"

https://dhamma.digital

"पिता ते मय्हं कथेन्तो 'खुज्जा' ति कथेसि ।"
"मय्हं पि कथेन्तो तं सङ्खकुट्ठिं कत्वा कथेसि ।"

६. ततो पट्ठाय मन्तग्गहणं वा सिप्पग्गहणं वा नत्थि । राजधीता पितरं वञ्चेत्वा एकं द्वारञ्चेव हत्थिवाहनञ्च याचि ।

७. उत्तेनोपि तं हत्थिवाहनं आरुय्ह राज धीतरं आदाय पलायित्वा अग्गमहेसिट्ठाने थपेसि ।

अभ्यास (६)

१. श्रामणेर बुद्धरक्षितले श्रामणेर धर्मरक्षितको किताब छल गरेर लियो ।
२. पछि श्रामणेर धर्मरक्षितले छल गरेर लिएको कुरा थाहा पाएर फिर्ता माग्यो ।
३. "मेरो किताब फिर्ता दिन्छौ कि दिँदैनौ ?"
४. "किन दिने, दिन्न ।"
५. "दिएनौ भने महास्थविरलाई भनिदिन्छु ।"
६. "भनिदेऊ, म पनि भन्दिन्छु ।"
७. "श्रामणेर बुद्धरक्षितले मेरो किताब छल गरेर लिएको छ भन्ते !"
८. "हो, श्रामणेर बुद्धरक्षित ?"
९. "होइन, चीवरसँग साटेर लिएको भन्ते ।"
१०. "सत्य कुरा बोल, झुटो नबोल ।"
११. "भन्ते ! झुटो बोलेको छैन ।"
१२. "कसलाई थाहा छ ?"
१३. "श्रामणेर संघरक्षितलाई थाहा छ भन्ते ।"
१४. "थाहा छ ? संघरक्षित !"
१५. "थाहा छैन, भन्ते !"

https://dhamma.digital

१६. “तिमीले झुटो बोल्यौ, अरू भिक्षुहरू भए तिमीलाई गालामा चड्काउँथे, म त चड्काउँदिन, पानी बोक्ने सजाँय दिन्छु, उसको किताब फिर्ता गर । त्रिशरणगमन फेरि प्रार्थना गर ।”

सच्चं किर - सत्य हो ?
मुसा - झुटो (असत्य वचन)
गहितभावो - लिइराखेको भाव
परिवत्तेत्वा - साटेर
पीठसप्पि - खोरोण्डो
सङ्खकुट्ठी - कुष्टरोगी वा कोढी

पाठ–७

तापससहायकवत्थु

१. अतीते अल्लकप्पराजा चेव वेट्ठदीपकराजा च उभो दहरकालतो पट्ठाय सहायका एकाचरियकुले सिप्पं गण्हित्वा पितूनं अच्चयेन राजानो अहेसुं ।

२. अपरभागे रज्जानि पुत्तदारस्स नियादेत्वा इसिपब्बज्जं पब्बजिंसु । विसुं द्वीसु पब्बतेसु वसिंसु ।

३. उपोसथदिवसे पन अत्थिभावस्स जाननाय अग्गिं जालेसुं, अपरभागे वेट्ठदीपकतापसो कालं कत्वा महेसक्खो देवराजा हुत्वा निब्बत्ति ।

४. सो मम सहायकं पस्सिस्सामीति मग्गिकवेसं गहेत्वा अल्लकप्पतापसस्स सन्तिकं आगन्त्वा एकमन्तं अट्ठासि, अथ नं सो आह-
“कुतो आगतोसी ?” ति ।
“मग्गिकपुरिसोहं भन्ते ! दूरतोव आगतोम्हि ।”

https://dhamma.digital

"किं पन भन्ते ! अय्यो इमस्मिं ठाने एककोव वसति, अञ्ञोपि कोचि अत्थि ?"

"अत्थि मे एको सहायको ।"

"कुहिं सो ?"

"एकस्मिं पब्बते वसति, उपोसथदिवसे पन अग्गिं न जालेति, मतो भविस्सति ।"

"एवं भन्ते ?"

"एवमावुसो !"

"अहं सो भन्ते !"

"कुहिं निब्बत्तोसि ?"

"देवलोके भन्ते !"

"अपि नु खो अय्यानं इमस्मिं ठाने वसन्तानं कोचि उपद्दवो अत्थि ?"

"आम आवुसो ! हत्थी निस्साय किलमामि ।"

"किं ते भन्ते ! हत्थी करोन्ति ?"

"सम्मज्जनट्ठाने लण्डं पातेन्ति, पादेहि भूमियं पहरित्वा पंसुं उद्धरन्ति, स्वाहं लण्डं छड्डेन्तो पंसुं समं करोन्तो किलमामि ।"

"किं पन तेसं अनागमनं इच्छथ ?"

"आमावुसो !"

"तेन हि तेसं अनागमनं करिस्सामी" ति तापसस्स हत्थिकन्तवीणञ्चेव हत्थिकन्तमन्तञ्च दत्वा पक्कमि ।

५. तापसोपि पलायनमन्तं वत्वा पलायनतन्तिं पहरित्वा हत्थिनो पलायेत्वा वसति ।

दहरकाल - बच्चा बेला (सानो छँदा)

सहायक - साथी

अच्चयेन - मृत्यु भएर

https://dhamma.digital

एकाचरियकुलं - एउटै गुरुको कुल
रज्जं - राज्य
विसुं - अलग्ग
जालेसुं - बाले
मग्गिकवेसो - यात्रुको भेष (वटुवाको भेष)
मग्गिकपुरिसो - यात्रा गर्ने पुरुष (पुरुष यात्रु)
उपद्दवो - उपद्रव
अत्थि अपि नु खो - केही छ
निस्साय - आधार लिएर
किलम - थाक्नु

नियाते - सुम्पेर
अत्थिभावो - भएको भाव
महेसक्खो - महान् प्रभावशाली

लण्डं - मल
पंसु - धुलो
उद्धर - उड्नु
छड्डे - फ्याँक्नु
समं - सम्म
पक्कम - फर्कनु
पलायनमन्तं - भगाउने मन्त्र
सम्मज्जनट्ठानं - बढारेको स्थान

अभ्यास (७)

१. तिमी ऋषि हौ कि श्रमण हौ ?
२. म ऋषि होइन, यात्रु श्रमण हुँ ।
३. कहाँबाट आएको ? किन आएको ?
४. टाढाबाट आएको हुँ । साथीलाई भेट्ने इच्छा भएकोले ।
५. तिम्रो साथी कहाँ नि ?
६. यहीं विहारमा बस्छ ।
७. नाम के हो ?
८. श्रामणेर बुद्धरक्षित ।
९. मैले उसलाई देखेको छैन । गइसक्यो जस्तो छ, यहीं छ भन्ने बारे थाहा छ ?

https://dhamma.digital

१०. ऊ यहीं भएको बारे थाहा छ । फर्केको छैन होला ?
११. त्यसो भए उसलाई खोज । (परियेस - खोज)
१२. हुन्छ भन्ते ।

पाठ (८)
पूरन्तप्पराजवत्थु

१. कोसम्बियं पूरन्तप्परञ्ञो देवी गब्भिनी होति । सा रञ्ञा सद्धिं हेमन्ते बालातपं तपमाना निसीदि ।

२. हत्थिलिङ्गसकुणो आकासेन आगच्छन्तो रत्तकम्बलं पारुपित्वा निसिन्नं देविं दिस्वा "मंसपेसी" ति सञ्ञाय वेगेन ओतरित्वा नखपञ्जरेन अग्गहेसि ।

३. ततो हिमवन्तप्पदेसे एकं महानिग्रोधरुक्खं नेत्वा विटपब्भन्तरे थपेसि, अथ देवी पाणिसद्दञ्चेव मुखसद्दञ्च कत्वा पलापेसि । अरुणुग्गमनवेलायञ्च गब्भवुट्ठानं होति ।

४. अल्लकप्पतापसस्सपि खो ततो अविदूरे वसनट्ठानं होति । सो सकुणेहि खादितमंसानं आहरित्वा कोट्टेत्वा रसं कत्वा पिविस्सामीति तस्मिं रुक्खमूले परियेसन्तो दारकसद्दं सुत्वा उल्लोकेन्तो देविं दिस्वा पुच्छि -

"कासि त्वं ?"
"मनुस्सित्थी म्हि ।"
"कथं आगतासि ?"
"सकुणेन आनिताम्हि ।"
"ओतराहि ।"
"जातिसम्भेदतो भायामि अय्य !"
"कासि त्वं ?"
"खत्तियाम्हि ।"

https://dhamma.digital

"अहं पि खत्तियो येव।"

"तेन हि आरुय्ह पुत्तं मे ओतारेहि।"

"आम भगिनि।"

"मा मं हत्थेन छुपि।"

५. अपरभागे तापसस्स सीलं भिज्जी। दारको पन तस्स सन्तिके हत्थिकन्तवीणञ्चेव हत्थिकन्तमन्तञ्च लभित्वा वयपत्तकाले पितु अच्चयेन कोसम्बिं गन्त्वा उतेनो नाम राजा अहोसि।

गब्भिनी - गर्भ भएको

हेमन्त - जाडोको बेला

बालातपो - बिहानको घाम ताप्नु

हत्थिलिङ्गसकुणो - हात्तीको जस्तै भेष भएको पंछी

रत्तकम्बलं - रातो कम्बल

मंसपेसि - मासुको डल्लो, मांशपेशी

नखपञ्जरो - खुट्टाको पञ्जर

विटपब्भन्तरं - रुखको खोंच

गब्भवुट्ठानं - बच्चा जन्माउनु

कोट्ट - कुट्नु, पिँध्नु

कथं - कसरी

आनीता - ल्याइयो

जातिसम्भेदो - जात बिग्रनु

खत्तिय - क्षेत्रिय

ओतारेहि - झार

छुपि - छुनु

वयपत्त - बैंस पुग्नु

अभ्यास (ट)

१. तिम्रो देशमा जाडोको बेला घाम ताप्दैनन्?

२. हाम्रो देशमा जाडोको बेला घाम ताप्छन्।

३. तिमीहरूको देशमा पनि हस्तिलिङ्ग पंक्षी छ भनेको हो?

४. हो, हस्तिलिङ्ग पंक्षीहरू छन्।

५. तिमीहरूको देश हिमालयबाट टाढा छ कि, नजिक छ?

https://dhamma.digital

६. हिमालयबाट टाढा छैन ।

७. यो देशमा तिमी कहाँ बस्छौ ?

८. पोखरामा बस्छु ।

९. ताली बजाएको आवाज र कराएको आवाज सुनेको छौ हैन ?

१०. हो, सुनेको छु, के भनेको हो ?

११. भँगेराहरू धान खानको लागि आएछन् । ती भँगेराहरू भगाउन कराएको आवाज हो ।

समीपं - नजिक

वीहि - धान

वनचातको - वनमा बस्ने भँगेरा

तासनसद्दो - तर्साउन कराएको आवाज

पाठ - ९

मालुतवत्थु

१. द्वे भिक्खू अरञ्ञायतने वसन्ति, एको कालत्थेरो नाम, एको जुण्हत्थेरो नाम ।

२. अथेकदिवसं सीतं निस्साय तेसं विवादो उदपादि ।
"भन्ते जुण्ह ! सीतं नाम कालपक्खे होति ।
"त्वं पन कदा होतीति मञ्ञति ?
अहं पन सीतं नाम जुण्हपक्खे होतीति मञ्ञामि ।"

३. ते उभोपि अत्तनो कङ्खं छिन्दितुं असक्कोन्ता सत्थारं पुच्छिंसु ।

४. अथ सत्था आह -
"कालेवा यदि वा जुण्हे,
यदा वायति मालूतो ।
वातजानि हि सीतानि,
उभोत्थमप्पराजिता" ति ।

https://dhamma.digital

अभ्यास (९)

१. आवुसो ! हामी दुवै जना वनको विहारमा बसौं ।

२. तिम्रो ठाउँमा कहिले चिसो हुन्छ ? शुक्लपक्षमा हो कि कृष्ण पक्षमा ?

३. तिमीलाई कस्तो लाग्छ, मसँग विवाद नगर ।

४. विवाद गरेको छैन, साँचै कृष्णपक्षमा चिसो हुन्छ जस्तो छ ।

५. होइन, चाहे शुक्लपक्ष होस्, चाहे कृष्णपक्ष, हावा आयो भने चिसो हुन्छ ।

६. तिमीले हार्‍यौ , मैले जितें ।

७. होइन, दुवै जना हार्यौं ।

८. होइन, दुवै जना जित्यौं ।

पाठ - १०

सोभनासोभनविवादवत्थु

१. गङ्गायमुनानं समागमट्ठाने द्वे मच्छा वसन्ति, गङ्गेय्यो च यामुनेय्यो च ।

२. एकदा तेसं सोभनासोभनं निस्साय विवादो होति ।

३. गङ्गेय्यो आह - अहं सोभामि, त्वं न सोभसी" ति ।

४. यामुनेय्योपि आह- "न त्वं सोभसि ! अहमेव सोभामी" ति ।

५. ते गंगातीरे एकं कच्छपं निपन्नं दिस्वा तस्स सन्तिकं गन्त्वा पुच्छिंसु - "किं नु खो सम्म कच्छप ! गङ्गेय्यो सोभति, उदाहु यामुनेय्यो ?" ति ।

६. अथ कच्छपो आह - "गङ्गेय्योपि सोभति, यामुनेय्योपि सोभति, तुम्हेहि पन द्वीहि अहमेव अतिरेकतरं सोभामि" ति ।

https://dhamma.digital

गाथा

सोभति मच्छो गङ्गेय्यो ।
अथो सोभति यामुनो ।
चतुप्पदोयं पुरिसो, निग्रोधपरिमण्डलो ।
ईसमायतगीवो च, सब्बेव अतिरोचति ।

गङ्गेय्यो - गङ्गा नदीमा जन्मेको
यामुनेय्यो - यमुना नदीमा जन्मेको
चतुप्पदो - चार खुट्टा भएको
मच्छो - माछा
सोभति - राम्रो छ, शोभा छ
निग्रोधपरिमण्डलो - वर पिपलको जस्तै गोलो शरीर भएको
ईसमायतगीवोच (ईसं+आयत+गीवो+च) - अलि लामो गर्दन भएको
अतिरोचति - अति राम्रो छ ।

अभ्यास (१०)

१. बागमती र विष्णुमतीहरू मिलेको ठाउँमा, बागमतीमा जन्मेको माछा र विष्णुमती नदीमा जन्मेको माछा भनी दुइटा माछा थिए ।
२. बागमती नदीको किनारमा एउटा ठूलो कछुवा सुतिरहेछ ।
३. कछुवाले आफूले आफूलाई माछाहरूभन्दा अति राम्रो भनी सम्झन्थ्यो ।
४. साँचैं, खुट्टा चार वटा भएको कछुवाभन्दा खुट्टा नभएका माछा झन् राम्रा छन् ।
५. लोकमा आफूले आफूलाई राम्रो सम्झनु स्वभावै हो ।
६. त्यसैले आफू जस्तै सम्झेर अरूलाई नहेप्नू ।

प्रारम्भिक पालिपाठ समाप्त ।

पालि शिक्षा र संक्षिप्त व्याकरण समाप्त ।

https://dhamma.digital

सन्दर्भ ग्रन्थहरू :

जनकाभिवंसत्थेर, *अछेप्यु सद्दा,* म्यानमारः अमरापुर तिपिटक प्रकासन समिति, १९३५ ।

जनकाभिवंसत्थेर, *अछेप्यु सद्दा त्वेफे,* म्यानमारः अमरापुर तिपिटक प्रकासन समिति, १९५६ ।

जनकाभिवंसत्थेर, *पालि सिक्खा न्हें सद्दाच्यें,* म्यानमारः अमरापुर तिपिटक प्रकासन समिति, १९५६ ।

बुद्धदत्त, महानायक स्थविर, *पालि भाषा अवतरण न्हापांगु द्या,* भिक्षु शीलभद्र (अनुवादक), ललितपुरः गोविन्दलाल शिल्पकार, १९८५ ।

बुद्धदत्त, महानायक स्थविर, *पालि भाषा अवतरण निगूगु द्या,* भिक्षु शीलभद्र (अनुवादक), काठमाण्डौः धम्मवती सासनधज धम्माचरिय, १९९२ ।

बुद्धप्पियाचरियत्थेर, *पदरूपसिद्धि,* म्यानमारः धार्मिक विभाग, १९६४

महाकच्चायनत्थेर, *कच्चायन महाव्याकरण,* म्यानमारः धार्मिक विभाग, १९६४ ।

Ananda Mateyyathera, *Pali Made easy,* Sri Lanka: Buddhist Cultural Centre, 1997.

https://dhamma.digital